साप्ताहिक
# साँघु
SANGHU Vernacular Weekly

वेबसाइट: www.sanghunews.com

अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की नेपालको ४७औं प्रधानमन्त्री भएको ११६औं दिन

वर्ष ४३, अंक ३१, २०८२, पुस २१ गते, सोमबार (Jan. 05, 2026) मूल्य रू. १०।-

# रहस्यको गर्भबाट कांग्रेस फोड्ने प्रोजेक्टमा गगन !

**काठमाडौं । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापालाई पछिल्ला दिनमा कांग्रेसभन्दा बाहिरको टीमले बल दिइरहेको छ । थापालाई कांग्रेसभित्र लड्नमात्र होइन, उस्तै परे नयाँ पार्टी बनाउन पनि उकास्ने काम बाह्यशक्तिबाट भइरहेको चर्चा छ । त्यसमा सबैभन्दा अग्रपंक्तिमा बाहिर देखिनेगरी जेन–जी अगुवाहरु रहेका छन् । कांग्रेसभित्र विवाद भइरहेका बेलामा उनीहरु निरन्तर थापालाई भेटेर सुझाव दिइरहेका छन् ।**

जेन जी अगुवा भनिएका रक्षा वम, प्रदीप ज्ञवाली, उजिन राजभण्डारी, माजिद अन्सारीलगायतका सदस्यहरु निरन्तर थापासँग भेट गरिरहेका छन् । २०८२ पुस १८ गते शुक्रबार पनि उनीहरुले भेट गरेका थिए । र, त्यतिबेला पनि कांग्रेस कब्जा गर्न वा कम्तीमा एमालेसँग नमिल्न सुझाव दिएका थिए । उनीहरु अहिले बालेनसँग नजिक भएर काम गरिरहेका छन् । पछिल्ला दिनमा थापाले पनि जेन जीहरुसँग निरन्तर संवाद गरिरहेका छन् । र, बाक्लो संवाद गर्दा जेन-जीहरुले पनि आफ्नो नेता गगन थापा भएको अर्थमा हेरिरहेका छन् ।

जेन-जी र सरकारवीच भएको सम्झौतालाई पार्टीबाट सहमति जनाउने वातावरण थापाले नै बनाएका थिए । उनले त्यो वचन जेन जी अगुवालाई पहिला नै दिएका थिए । स्रोतहरुको भनाइमा थापाको टीमले जेन जी र सरकारवीच भएका सम्झौताका बुँदाको मस्यौदा बनाउन पनि



सहयोग गरेको थियो । त्यो सहयोगले पनि उनीहरुलाई नजिक बनाएको थियो । रास्वपानिकट भन्दा पनि बालेननिकट जेन-जीहरु थापाको नजिकमा रहेका छन् । गगन थापाले केही दिन प्रधानमन्त्री सुशीला कार्कीलाई भेटेर दल दर्ता गर्ने मिति बढाई दिनु पऱ्यो भन्ने आग्रह समेत गरेको स्रोतको दावी छ । थापानिकट नेताहरुमात्र होइन, सामाजिक सञ्जालमा लोकप्रिय रहेकाहरु थापालाई कांग्रेसबाट बाहिर निकाल्ने र रास्वपासँग निकट बनाउन खोजिरहेका छन् । यसमा केही भूराजनीतिक चलखेल पनि भइरहेको स्रोतहरुको दाबी छ । त्यहीकारण नै थापा पार्टी समेत छोड्न पनि तयार हुने अवस्थामा पुगेको चर्चा कांग्रेसभित्र भइरहेको छ ।

हुन पनि जेन-जीहरुले गगन थापालाई नेता स्वीकार्न थाल्नु र गगनले पनि निरन्तर जेन-जीहरुसँग संवाद गर्नु र उनीहरुका एजेण्डा तय गर्ने काम पनि थापाको सचिवालयबाट हुनुलाई आश्चर्यको रुपमा हेरिएको छ । कांग्रेसभित्र भने थापा जेन-जीको अगुवा भएर नयाँ पार्टी बनाउने प्रयासमा रहेको आरोप पनि लगाइरहेका छन् ।

# लहरको राजनीतिमा पुराना दलको पत्तासाफ ?
# बालेन्द्र शाहलाई प्रधानमन्त्री बनाउने ‘लाइन’ !

**काठमाडौं । २०८२ साल फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा निर्वाचनको मिति नजिकिँदै गर्दा पनि नेपालको राजनीतिक मार्गचित्र अझै स्पष्ट हुन बाँकी देखिन्छ । एकातिर समानुपातिक सूचीमा नयाँ र पुराना दलहरूले आफ्ना आसेपासे, राजनीतिक पृष्ठभूमि नभएका फेसबुकमा चर्चित, कुलीन र संभ्रान्त परिवारका सदस्यहरूलाई समेटेपछि ठूलो विवाद र तरंग पैदा भएको छ ।**

कतिपय दलहरूले सूची सच्याउने बाचा गरेका छन् भने कतिपय सूचीमा परेका उम्मेदवारहरूले आफैं नाम फिर्ता लिएका छन् । अब २०८२ माघ ६ गते मनोनयन पत्र दर्ता गर्ने प्रत्यक्षतर्फको उम्मेदवार छनोटमा पनि यस्तै समस्या र विवाद नआउलान् भन्न सकिने अवस्था छैन ।

**राष्ट्रिय सभामा शक्ति सन्तुलनको खेल**

उता पुराना दलहरू राष्ट्रिय सभाको आसन्न निर्वाचनमा ध्रुवीकरणको प्रयासमा लागेको बताइन्छ । हालको मतदाता संख्या र मतभारका आधारमा कोशी प्रदेशका तीन सिटमा नेकपा (एमाले)ले जित्ने र बाँकी १५ सिटमा नेपाली कांग्रेसले जित्ने देखिन्छ । कुल रिक्त १८ सिटमा पुराना दलहरूबीच शक्ति बाँडफाँड र सहकार्य गर्नेगरी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रस्ताव गरेको कुरा प्रकाशमा आएको छ ।

सोही अनुसार नेपाली कांग्रेसलाई ८ सिट, नेकपा (एमाले) लाई ६ सिट, नेकपा (माओवादी केन्द्र/नेपाली कम्युनिस्ट पार्टी)लाई ३ सिट र मधेसवादी दलहरूलाई १ सिट दिएर गठबन्धन गर्ने आंकलन गरिएको छ । यसरी पुराना शक्तिहरू एकै ठाउँमा आउने सम्भावना बढेको देखिन्छ ।

## निर्वाचन कि सर्वपक्षीय सरकारको डिजाइन ?

*काठमाडौं । राजनीतिक परिदृश्य फेरबदलको संभावना बढ्न थालेको छ । सरकारले तोकेको २१ फागुनको चुनाव के हुने भन्ने तय पनि केही दिनभित्रै हुने संभावना देखिएको छ । प्रमुख राजनीतिक दलहरुलाई बाइपास गरेर सरकार राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाईमात्रै साथमा बोक्ने र चुनावी वातावरण बनाउने भूमिकामा नदेखिएपछि परिस्थिति फेरिने संकेत देखिएको हो । उच्च राजनीतिक तहमा यो प्रक्रियाले गति लिन पनि थालेको छ । त्यसले गर्दा बेमौसमी चुनावको समय सर्न खोजिरहेको छ । सरकार स्वयम् र निर्वाचन आयोग पनि चुनावको वातावरण बनाउन सक्ने अवस्थामा पुगिसकेका छैनन् ।*

*हुनलाई बाहिरबाट हेर्दा समानुपातिक सूचीसमेत बुझाएका कारण चुनावको वातावरण बन्न थालेको अर्थमा हेरिएको छ । तर, निर्वाचनको ५९ दिन मात्रै बाँकी हुँदा पनि आन्तरिक तयारी भने हुन सकेको छैन । निर्वाचन आयोगले खरिद गर्नुपर्ने निर्वाचन सामाग्रीमात्र होइन, सरकारले भर्ती गर्नुपर्ने स्यादी प्रहरीको विषय पनि पेचिलो बनेको छ । स्यादी प्रहरी एक लाखको हाराहारीमा भर्ति गर्न खोजिएको छ । त्यही कस्ता मान्छे नियुक्त हुन्छन् भन्ने देखि उनीहरुलाई कहिले नियुक्त गर्ने भन्नेले पनि समस्या देखिएको छ । अब ५९ दिन* (बाँकी पृष्ठ ८ मा)

**ओली–प्रचण्ड संवाद र सम्भावित सहकार्य**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल (प्रचण्ड) र नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली बीच छलफल भइरहेको बताइन्छ । प्रचण्ड एमाले कार्यालय च्यासल जान लागेको खबरसमेत प्रचार भएको छ । यो सहकार्य तत्कालका लागि राष्ट्रिय सभामा केन्द्रित देखिए पनि प्रतिनिधिसभाको निर्वाचनसम्मै जान सक्ने अनुमान गरिएको छ ।

**छिमेकी शक्तिको चासो र प्रभाव**

नेपालको राजनीतिमा आन्तरिक शक्ति संघर्ष र समन्वय चलिरहेका बेला छिमेकीहरूको प्रभाव र सद्भावबारे पनि चर्चा चुलिएको छ । बताइए अनुसार, भारतीय संस्थापन पक्ष केपी ओलीलाई बाहेक गरेर




अन्य शक्तिहरू मिलेको देख्न चाहन्छ भने चीनतर्फबाट नेपाली कांग्रेसलाई बाहिर राखी वामपन्थी शक्तिलाई एक ठाउँमा ल्याउने कसरत भइरहेको स्रोतको दावी छ । यसैबीच प्रचण्ड भारत भ्रमणमा रहेका छन् । कम महत्व पाएको प्रचण्डको यस पटकको भ्रमणपछि नेपालमा कस्तो राजनीतिक वातावरण बन्छ भन्ने कुरा हेर्न बाँकी नै छ ।

**‘जेन–जी’ लहर, घट्दो क्रेज नयाँ दलको संकट**

नेपालभित्रको वातावरण हेर्दा पुराना र नयाँ उदाएका भनिएका शक्तिहरूबीच तीव्र प्रतिस्पर्धा देखिन्छ । समय र परिस्थिति यति तरल र जटिल (बाँकी पृष्ठ ८ मा)

## एमाले अध्यक्ष ओलीलाई चुनावबाटै रोक्ने खेल ?



काठमाडौं । नेपालको प्रमुख कम्युनिस्ट शक्ति नेकपा (एमाले) भित्र पछिल्लो समय राजनीतिक ध्रुवीकरण बढ्ने संकेत देखिन थालेका छन् । पार्टी अध्यक्ष केपी शर्मा ओलीको पकड सुदृढ बन्दै गएपछि आन्तरिक रूपमा संगठन कमजोर पार्न नसकिएको निष्कर्षमा पुगेका केही बाह्य भूराजनीतिक शक्तिहरूले एमालेभित्रै किचलो बढाउने रणनीति अघि सारेको स्रोतको दावी छ ।

एमालेको सांगठनिक मजबुती र ओलीको निरन्तर राजनीतिक प्रभावका कारण आगामी निर्वाचनमार्फत एमाले पुनः बलियो शक्तिका रूपमा उदाउने सम्भावनालाई रोक्न बाह्य चलखेल तीव्र बनेको विश्लेषण कूटनीतिक वृत्तमा हुन थालेको छ । विशेषगरी एमालेसँग सम्बन्ध बिग्रँदै गएको भारतले केपी ओली र एमाले चुनावी प्रतिस्पर्धामार्फत सत्तामा नआउन् भन्ने रणनीति लिएको बताइन्छ ।

स्रोतका अनुसार, भारतसहित केही पश्चिमा शक्तिहरूको प्राथमिक उद्देश्य ओलीको राजनीतिक उचाइ घटाउने र एमालेको संगठनात्मक क्षमतामा क्षय ल्याउने रहेको छ । त्यसका लागि पहिलो चरणमा एमालेभित्रै असन्तुष्टि, गुटबन्दी र नेतृत्वमाथि प्रश्न उठाउने वातावरण बनाइँदैछ । यदि त्यो सम्भव नभए उच्चस्तरीय न्यायिक जाँचबुझ आयोगका प्रतिवेदनको आधारमा ओलीलाई नै निर्वाचन लड्न नदिने विकल्प समेत बाह्य (बाँकी पृष्ठ ८ मा)

## गृहको दलीयकरण नयाँ सचिवले रोक्लान् ?

काठमाडौं । जेन-जी युवाहरूले गरेको आन्दोलनलाई हाइज्याक गरेर सेटिङ्गमा गृह मन्त्रालयको नेतृत्व गर्न पुगेका गुल्मी निवासी ओमप्रकाश अर्याल गृह प्रशासनको कार्य संपादनमा सफल बन्न नसकेको चर्चा चल्दै आएको छ । मन्त्री नियुक्त हुनु अगाडिसम्म अर्याल ‘रिट अधिवक्ता’ नामले चर्चित बनेका थिए । उनी काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाहका कानूनी सल्लाहकारसमेत रहेका थिए । ०८२ भदौ २७ गते गठित अन्तरिम सरकारमा अर्यालले एक्कासी गृहको नेतृत्व गर्ने अवसर प्राप्त गर्नासाथ मन्त्रालयलाई दलीयकरण गरेको आरोप खेप्दै आएका छन् । मन्त्रालयको नेतृत्व गर्नासाथ उनले जेन-जी आन्दोलन दमन गर्न निर्देशन दिने तत्कालीन सचिव गोकर्णमणि दुवाडीलाई हटाएका थिए ।

दुवाडीलाई राष्ट्रिय योजना आयोगमा सरूवा गरेर रक्षा सचिव रहेका भक्तपुर निवासी रामेश्वर दंगाललाई मन्त्रालयमा भित्र्याएका थिए । त्यसपछि गृहबाट नेपाली कांग्रेसनिकट भनिएका सहसचिवहरूलाई चाहिं छानीछानी लखेटेर एमालेका उपसचिव र सहसचिवहरूलाई भित्र्याएको आरोप मन्त्री अर्याल र सचिव दंगालमाथि लाग्ने गरेको थियो । हुन त गृहमन्त्री अर्याल पनि नेकपा एमालेका पूर्व कार्यकर्ता नै मानिन्छन् । उनी एमालेको गुल्मी-काठमाडौं सम्पर्क कमिटीमा पदाधिकारी र एमालेको सम्पर्क समन्वय विभाग सदस्य रहेर पार्टीलाई सहयोग गरेको एमालेहरुले बताउने गरेका छन् । मन्त्री अर्यालले जेन-जी आन्दोलनको भावनाअनुसार काम नगरेपछि मन्त्री अर्यालको राजीनामा माग्दै माइतीघर मण्डलामा आन्दोलन गर्दै अनशनसमेत बसेका (बाँकी पृष्ठ ८ मा)

## ओली-प्रचण्डको रहस्यमय भेट, दबाबमा कांग्रेस ?

काठमाडौं । नेकपा एमाले र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल प्रचण्डलाई मिलाउने प्रयास भइरहेको छ । २०८२ पुस २० गते भारत भ्रमणमा जानु अघि प्रचण्ड र ओलीवीच भेट गर्नुलाई रहस्यमय मानिएका छ । राष्ट्रिय सभाको चुनाव र २१ फागुनको चुनाव लक्षित उनीहरुको भेट भएको हो । तर, त्यो भेटलाई अर्थपूर्ण रुपमा हेरिएको छ । प्रचण्डमा घरबेटी भनेर चर्चित रहेका शारदाप्रसाद अधिकारीको मानभवनस्थित घरमा भेट भएको स्रोतहरुले उल्लेख गरेका छन् । र, त्यसको पृष्ठ बनाउने काम दोस्रो तहका नेताहरुले गरेका थिए ।

महासचिव शंकर पोखरेल र प्रचण्डनिकट वर्षमान पुनवीच भएका संवादपछि परिस्थिति बनेको हो । स्रोतहरुका अनुसार, एमाले सचिव महेश बस्नेतले पनि यसवीचमा प्रयास भने गरेका थिए । उक्त प्रयासका वीचमा प्रचण्डलाई भेट्न बस्नेतले खोजेका थिए । तर, यो भेटका लागि भने बस्नेतभन्दा बढी पोखरेल र पुनकै सक्रियतामा भएको हो ।

स्रोतका अनुसार, राष्ट्रिय सभाको चुनावमा मधेश प्रदेशमा कांग्रेसले मधेश केन्द्रित दलहरुसँग सहकार्य गर्न खोजेको छ । त्यसपछि एमाले र नेकपा नजिक भएको स्रोतको दावी छ । मधेश प्रदेशको सरकार बनाउने भूमिकामा मधेशका दलहरुले (बाँकी पृष्ठ ८ मा)

## डिजीले फोन नउठाउँदा !

काठमाडौं । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमातहतको भूमि व्यवस्थापन तथा अभिलेख विभागका महानिर्देशक शिवप्रसाद रेग्मीको कार्यशैलीका कारण मन्त्रालयका कर्मचारीहरु दिक्क हुन पुगेको जानकारी हुन आएको छ । महानिर्देशक रेग्मी विभागमा बिहान ११ बजेतिर आएर हाजिर गर्ने र सामान्य काम सकेपछि दिनभर हराउँदा विभाग र मन्त्रालयका कर्मचारीहरु हैरानमा भएका हुन् । त्यतिमात्र होइन उनी १२ देखि ३ बजेसम्म सवारीसाधन लिएर प्राय हराउने गरेको गुनासो विभागमा कार्यरत कर्मचारीहरुले गरेका छन् ।

स्रोतकाअनुसार, डीजी रेग्मी कहाँ जान्छन् र दिनभर के गर्छन्, सचिव मदन भुजेलले मोवाइलमा फोन गर्दासमेत कतिपय समयमा सम्पर्कमा (बाँकी पृष्ठ ८ मा)

## यी सचिवले बल्ल पाए न्याय !

काठमाडौं । ०८२ पुष ११ गते बसेको मन्त्रिपरिषद बैठकले युवा तथा खेलकुद मन्त्रालयको सचिवमा लोकनाथ पौडेललाई सरूवा गरेको छ । पौडेल सचिवमा बढुवा भएपछि डेढवर्ष सुदूरपश्चिम प्रदेशमा बिताएर उपराष्ट्रपति कार्यालयमा बल्ल सरूवा हुन सफल भएका थिए । उनी सचिवमा बढुवा भएको साँढे दुईवर्ष बित्दा पनि यसअघिका सरकारले मन्त्रालयको जिम्मेवारी दिन आवश्यक ठानेको थिएन ।

०७९ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनताका पौडेल काठमाडौं महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको भूमिकामा रहेका थिए । सोही बखत महानगरको नेतृत्वमा (बाँकी पृष्ठ ८ मा)

# पुस २७ गते पूर्वराजाको कडा सन्देश आउने
# राजसंस्था : स्मृति कि भविष्यको विकल्प ?

● साँघु संवाददाता

**काठमाडौं । २०८२ पुस २७ गते नेपाल राष्ट्र एकीकरणका महानायक पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्ती यस वर्ष देशभर विविध कार्यक्रमका साथ मनाइँदैछ । विसं १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीको कोखबाट जन्मिएका पृथ्वीनारायण शाहले विखण्डित बाइसे–चौबिसे राज्यहरूलाई एक सूत्रमा बाँध्दै आधुनिक नेपालको आधारशिला राखेका थिए ।**

उनले अघि सारेको “नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो” भन्ने दर्शन, सामरिक कूटनीति, आत्मनिर्भर अर्थनीति र विदेशी हस्तक्षेपविरुद्धको चेतावनी आज पनि नेपाली राज्यचिन्तनको मूल आधारका रूपमा स्मरण गरिन्छ । तर आज, जब उनको जन्मजयन्ती मनाइँदैछ, त्यही इतिहाससँगै राजसंस्थाको पुनःस्थापनासम्बन्धी बहस पनि फेरि चर्किएको छ ।



**गणतन्त्रको दुई दशक : अपेक्षा र यथार्थ**

२०६२/६३ को राजनीतिक परिवर्तनपछि नेपालले जबर्जस्ती गणतान्त्रिक शासन प्रणाली अंगीकार गऱ्यो । जनताले सुशासन, स्थायित्व, समावेशी लोकतन्त्र, भ्रष्टाचार नियन्त्रण र समृद्धिको अपेक्षा गरेका थिए । तर, दुई दशक नपुग्दै गणतन्त्रप्रतिको जनविश्वास कमजोर बन्दै गएको संकेत २०८२ भदौ २३ र २४ गतेको जेन-जी विद्रोहलगायत विभिन्न आन्दोलन, सामाजिक सञ्जाल र बौद्धिक बहसमा स्पष्ट देखिन थालेको छ ।

राजनीतिक अस्थिरता, बारम्बार सरकार परिवर्तन, भ्रष्टाचारका ठूला काण्ड, बेरोजगारी, वैदेशिक पलायन र राज्य संयन्त्रप्रति घट्दो भरोसाले गर्दा “के गणतन्त्रले अपेक्षित परिणाम दिन सक्यो ?” भन्ने प्रश्न सामान्य नागरिकदेखि बौद्धिक वृत्तसम्म उठिरहेको छ ।

**राजसंस्था पुनःस्थापना : बहस किन फेरि उठ्यो ?**

यही पृष्ठभूमिमा राजसंस्थाप्रतिको बहस पुनः सतहमा आएको हो । यो बहस केवल भावनात्मकमा मात्रै सीमित छैन, बरु राज्य सञ्चालनको वैकल्पिक मोडेल खोज्ने असन्तोषको अभिव्यक्ति हो । राजतन्त्र पक्षधरहरूका अनुसार, राजसंस्था कुनै राजनीतिक दलजस्तो (बाँकी पृष्ठ ८ मा)

## प्रहरीका दस एसपीको बढुवा तयारी

*काठमाडौं । हाल नेपाल प्रहरीमा ८ जना एसएसपीको दरबन्दी रिक्त रहेको छ । अर्थ मन्त्रालयले प्राविधिकतर्फका दुई प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) लाई जनपद समूहमा स्थानान्तरण र दुई महिनादेखि अड्किएको एसएसपीमा बढुवाको गाँठो फुकाउन सहमति प्रदान गरेसँगै संगठनमा उत्साह छाएको छ । मन्त्रालयको सहमतिअनुसार अब दुई एसएसपीको दरबन्दी स्थानान्तरणले गर्दा एसएसपीको १० दरबन्दीमा बढुवाको गाँठो सहज ढंगले फुक्ने भएको छ ।*

*अब बस्ने मन्त्रिपरिषद बैठकमा गृह मन्त्रालयले दरबन्दी स्थानान्तरणको प्रस्ताव लैजाने तयारी गरेको बुझिएको छ । यसअघि नै दरबन्दी स्थानान्तरणका लागि प्रहरीले संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएन्डएम) समिति गठन गरेको थियो । समितिले दिएको प्रतिवेदनलाई गृहले अर्थमा पठाएपछि ०८२ पुष १६ गते बुधबार मात्रै अर्थले सहमति दिएको स्रोत बताउँछ । प्रहरीको केनाइन कार्यालय र सवारी महाशाखामा रहेका एसएसपीको दरबन्दी जनपदमा स्थानान्तरणका लागि ओएन्डएम सर्वेका लागि समितिमार्फत प्रस्ताव गरिएको थियो ।* (बाँकी पृष्ठ ८ मा)

## शक्तिशाली मन्त्रीहरूको भूमिकाप्रति आशंका

काठमाडौं । वन तथा वातावरण मन्त्रालयको नेतृत्व कर्णाली प्रदेशको जुम्ला निवासी मन्त्री माधवप्रसाद चौंलागाईले गरेका छन् । यसअघि पनि मन्त्रालयको नेतृत्व नेपाली काँग्रेसका कर्णालीकै मुगु निवासी ऐनबहादुर शाहीले गरेका थिए । वर्तमान मन्त्री चौंलागाई गैरसरकारी संस्थामा आवद्ध रहेका छन् । त्यसैले पनि बनमा कर्णाली प्रदेशबासी नेताहरू र बिचौलियाको जालो रहेको मन्त्रालयसम्वद्ध स्रोतले जानकारी दिएको छ । मन्त्री चौलागाईं एक गैरसरकारी संस्थाका सञ्चालक मानिन्छन् । उनले ग्रामीण विकासमा एमए र एमपीएच अध्ययन गरेको दावी उनी निकटहरुको रहेको छ ।

सोही आधारमा कर्णाली प्रदेशको जुम्ला जिल्लामा सञ्चालन गरिने शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास, क्षमता विकास, सीप विकास र जैविक विविधता संरक्षण सम्बन्धी प्रायजसो कार्यक्रम लैजान मन्त्री चौलागाईसँग सहकार्य नगरी जिल्लामा जान असंभव जस्तै रहेको स्रोतको भनाइ रहेको छ । स्रोत भन्छ-‘मन्त्री चौलागाई यसअघि युएसएडको कार्यक्रमसमेत सञ्चालन गर्दथे र कर्णालीमा अमेरिकी सहयोगका आर्थिक र सामाजिक कार्यक्रम लैजाने प्रमुख व्यक्ति नै मन्त्री चौलागाई नै हुन् ।’

एमसीए नेपालका सदस्यसमेत रहेका भौतिक पूर्वाधार तथा यातायात, उर्जा, जलस्रोत तथा सिंचाईं र शहरी जस्ता संघीय सरकारको महत्वपूर्ण विकासे मन्त्रालयको नेतृत्व गर्ने अवसर पाएका मन्त्री कुलमान घिसिङ र चौंलागाईंको सम्बन्ध त्यसरी नै जोडिन पुगेको बताइन्छ । सोही सम्बन्धका कारण मन्त्री घिसिङले (बाँकी पृष्ठ ८ मा)

## क्यासिनोको डेढ अर्ब राजश्व कसले उठाउने ?

काठमाडौं । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमातहतको भृकुटीमण्डपस्थित पर्यटन विभागले कम्पनीहरुको चार वर्षदेखिको नवीकरण दस्तुर, रोयल्टी र जरिवाना, राजश्व बक्यौता रकम उठाउन अलमल गरिरहेको छ । विभागले चारवटा क्यासिनोको मात्र विगत वर्षहरुको करिब १ अर्ब ३० करोड रूपैयाँ बक्यौता रकम असुल गर्न सकिरहेको छैन । विभाग र मन्त्रालयका हाकिमहरु उल्टै क्यासिनोहरूले उपलब्ध गराएको महंगो मूल्यका विदेशी ह्वीस्की र मिठोमिठो पकवान(भोजन) उपहार लिएर यसअघिका महानिर्देशकहरुका साथै मन्त्रालयको नेतृत्व रमाउँदै आएको चर्चा सिंहदरवारमा चल्ने गरेको छ ।

हाल विभागको नेतृत्व सहसचिव रामकृष्ण लामिछानेले गरिरहेका छन् । बक्यौता राजश्व समयमा असुल गर्न नसकेको विषयमा साँघु साप्ताहिकले बेला बखत समाचार प्रकाशित गर्दै मन्त्रालय र विभागको नेतृत्वको ध्यानकर्षणसमेत गर्दै आएको छ । दुईसाता अघि पुन समाचार प्रकाशित भएपछि मन्त्री अनिलकुमार सिन्हा, सचिव मुकुन्दप्रसाद निरौलाको यो विषयमा ध्यानाकर्षण हुन पुगेको स्रोतले जानकारी दिएको छ । सोही विषयलाई लिएर सचिव मुकुन्द प्रसाद निरौलाले मन्त्रालयकी पर्यटन प्रवर्द्धन महाशाखाका प्रमुख सहसचिव इन्दु घिमिरे, महानिर्देशक रामकृण लामिछानेलगायतका कर्मचारीलाई निर्देशन दिंदै यो विषयको समाधान निकाल्न निर्देशन दिएको बुझिएको छ ।

२०७५ सालमा एक क्यासिनोले सर्वोच्च अदालतबाट नवीकरण शुल्क, रोयल्टी र जरिवाना रकम बक्यौता नतिरेपनि सञ्चालन गर्न नरोक्नु भनी अन्तरिम आदेश सर्वोच्चबाट ल्याएको थियो । विभागले सोही फैसलालाई नजिर मान्दै आजका दिनसम्म पनि बक्यौता राजश्व रकम असुल्न ताकेता गर्न आनाकानी गर्दै आएको छ । विभागको नेतृत्वमा जुनसुकै सहसचिवहरु महानिर्देशकको जिम्मेवारीमा पुगेपनि बक्यौता रकम नबुझाउने क्यासिनो संचालकहरूले चढाएको नगद, मदिरा र भोजनका परिकार उपहार लिंदै राजश्व असुल्न कुनै सक्रियाता नदेखाएको विभाग स्रोत बताउँछ । मुलुकमा विगत वर्षहरुदेखि नै आर्थिक मन्दी बढ्दै गइरहेको छ । सरकारले लक्ष्यको ७० प्रतिशत पनि राजस्व असुली गर्न सकिरहेको छैन । लक्ष्यअनुसार राजस्व नउठ्दा कर्मचारीहरूलाई तलव, भत्ता खुवाउन र साधारण खर्च धान्न नै आन्तरिक र बाह्य ऋण लिनु परेको (बाँकी पृष्ठ ८ मा)

## बद्नाम सचिव साह खानेपानीमा भित्रिएपछि...!

काठमाडौं । नेपाल सरकारका सचिवहरु मध्ये खानेपानी मन्त्रालयका सचिव रामआधार साह सबैभन्दा बद्नाम, कमिशनमुखी भनेर कहलिएका सचिव हुन् । अझ साह दोस्रो पटक सो मन्त्रालयमा सचिवको जिम्मेवारीमा सरुवा हुन सफल भएपछि थप चर्चित हुन पुगेका छन् । हाल श्रम, रोजगार तथा सामाजिक मन्त्रालयको जिम्मेवारी संहाल्दै आएका मन्त्री राजेन्द्रसिंह भण्डारीले सो मन्त्रालयको कार्यभार पाएसँगै सचिव साह थप विपत्तिमा परेको बताइन्छ । उनी दोस्रो पटक सचिवको भूमिकामा मन्त्रालयमा भित्रिदा प्रधानमन्त्री सुशीला कार्कीले नै कार्यभार संहालेकी थिइन । त्यसैले उनलाई प्रधानमन्त्री कार्कीले कानूनले दिएकोबाहेक थप अधिकार दिएकी थिइनन् ।

तर, हाल मन्त्रालयको कार्यभार मन्त्री भण्डारीले संहालेसँगै उनी साइजमा बस्न बाध्य हुनु परेको मन्त्रालयमा कार्यरत कर्मचारीहरु बताउँछन् । सचिव साह मन्त्रालयमा भित्रिएसँगै उनको मुख्य योजना भनकै अनावश्यक रुपमा कर्मचारीलाई त्रसित पार्दै सरूवा र कमिशन उठ्तिपुठ्तिको खेतीपाती गर्नु रहेको थियो । यो कुराको सुइँको पाएपछि (बाँकी पृष्ठ ८ मा)

# नयाँ दल : सत्ताको लालसा कि राष्ट्रिय हित ?
# बालेन–रवि : एकीकरणको नाममा पद–बाँडफाँड !


**राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल पार्टी र बालेनको एकीकरण हुँदा पक्कै पनि केही नीतिगत परिवर्तनको कार्यसूची निर्धारण होला भन्ने धेरै नेपालीहरूको विश्वास थियो । तर, परिवर्तनको कार्यसूची अघि सार्न उनीहरू अग्रसर भएनन् । उनीहरूले पदीय भागबण्डालाई नै एकताको एकमात्र आधारका रूपमा स्वीकार गरे ।**

एकीकरणपछि पनि लामिछाने पार्टी अध्यक्ष रहने, कुलमान पार्टी उपसभापति रहने र बालेन पार्टीका तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार हुने कुरा नै सहमतिका मुख्य बुँदा रहे । तीन पक्षमध्ये कसैले पनि राष्ट्रिय राजनीतिक सवालहरूमा कुनै नयाँ नीति र कार्यक्रम अघि सारेनन् । यसले गर्दा यो एकता नेपाल राष्ट्रको हितका लागि केही नयाँ र राम्रो काम गर्ने हुटहुटीले भएको हो भन्न सकिने आधार भेटिँदैन ।

त्यसैले वाह्य र आन्तरिक शक्तिको खेल र सत्तामा पुग्ने महत्वाकांक्षाले मात्रै यो एकता भएको हो कि भन्ने आशंका गर्न नमिल्ने अवस्था देखिँदैन । कतिपय विश्लेषकहरूले गर्दै आएको अनुमानअनुसार नै एउटा बाह्य शक्तिराष्ट्रको स्वार्थअनुरूपको परराष्ट्र नीति अवलम्बन गर्न सहमत हुने केही चर्चित

**यो बेला**

**युवराज पाण्डे(पीएचडी)**



**न्यायालय र न्यायाधीशहरूले समेत आफ्ना कर्तब्य, जिम्मेवारी, दायित्व र भूमिकाको सूक्ष्म समीक्षा गर्दै आफ्नो तर्फबाट संस्थागत र व्यक्तिगत रुपमा भएका कमीकमजोरीप्रति उठ्ने आलोचनालाई स्वीकार गर्ने संस्कार विकास गर्न जरुरी छ ।**

नेपाली अनुहारहरूलाई सरकारमा ल्याउने प्रयासले मात्र यो एकतालाई सम्भव बनाएको हो कि भन्ने प्रश्नसमेत उठ्ने गरेको पाइन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले निर्वाचन आयोगमा पेश गरेको समानुपातिक उम्मेदवारहरूको सूचीमा पनि रवि, बालेन र कुलमानबीच भागबण्डा भएको र साहु महाजन, नातापाता तथा नजिकका मान्छेले स्थान पाएको कुरा सार्वजनिक चर्चाको विषय बनेको छ । यी र यस्ता काम-कारबाहीबाट निर्वाचनपछि राष्ट्रिय स्वतन्त्र पार्टीको सरकार गठन भए पनि कांग्रेस, एमाले र माओवादीलगायत पुराना दलका सरकारहरूभन्दा फरक व्यवहार र कार्यको अनुभव गर्न नपाइने हो कि भन्ने सामान्य जनताको चिन्ता बढेको देखिन्छ ।

**असहमतिप्रति असहिष्णुता : लोकतान्त्रिक कमजोरी**

एकजना युवा डाक्टर निकोलस भुसाल अनसनमा बसेका (बाँकी पृष्ठ ८ मा)

## जीवनधारा

### ज्ञानको रक्षा

चिनियाँ यात्री ह्वेनसाङको बारेमा एउटा किम्बदन्ती प्रचलित छ । सातौं शताब्दीमा भारत यात्रामा रहेका ह्वेन साङले वेद, पुराण र अन्य कैयौं बौद्धग्रन्थको अध्ययन गरे । आफ्नो यो महत्वपूर्ण अध्ययनको कारण नै भारतीय सभ्यता–संस्कृतिको बारेमा उनी विज्ञ बन्न सफल भए । भनिन्छ, जब उनले आफ्नो भ्रमण पूरा गरेर स्वदेश फर्किने सोच बनाए, तब उनले आफूले जम्मा गरेका ती हजारौं ग्रन्थ लिएर जाने अठोट गरे । उनी ती महत्वपूर्ण ग्रन्थसहित स्वदेश फर्किंदा बाटोमा एउटा ठूलो नदी डुंगाबाट तर्नुपर्‍यो । जब डुंगा नदीको बीच भागमा पुग्यो, अधिक भारका कारण डुंगा ढलपलाउन थाल्यो । त्यो डुंगामा धर्मगुप्त र चित्रगुप्त नाम गरेका दुई भाइ पनि यात्रा गर्दै थिए । जब डुंगा थाम्नै नसकिने गरी ढलपलाउन थालेपछि माझीले ह्वेनसाङलाई केही पुस्तक नदीमा फाल्न भने । ह्वेनसाङ आफ्नो कैयौं वर्षको त्यो मेहनत नदीमा फ्याँक्ने कुरा सुनेर उदास भए । चित्रगुप्त र धर्मगुप्त ह्वेनसाङको असमंजस्यता देखेर खिन्न भए । दुवै जना आँखा आँखैको इसाराबाट नदीमा हामफाले । यसरी दुवै भाइले ती दुर्लभ ज्ञानको रक्षा गरे । ह्वेनसाङ ती ज्ञानका पति दुई भाइलाई देखेर नतमस्तक हुन पुगे ।

विदेशमा विद्या, घरमा पत्नी, रोगीको औषधि र मरेपछिको असल काम मित्र हो ।
**– कौटिल्य**

## सम्पादकीय

### लोकतन्त्रको आत्महत्या कि आत्मसुधार ?

**संसद कुनै पनि देशको लोकतान्त्रिक व्यवस्थाको मेरुदण्ड हो । यही थलोमा जनताको सार्वभौम अधिकार संस्थागत हुन्छ, संविधान, कानून र नीतिहरू निर्माण हुन्छन्, र सरकारलाई जवाफदेही बनाइन्छ । संसद सशक्त, विचारशील र उत्तरदायी भए मात्र राज्य प्रणाली जनमुखी र दीगो बन्छ । तर, नेपालको पछिल्लो संसदीय अभ्यासलाई नियाल्दा संसद क्रमशः आफ्नो मूल मर्मबाट विचलित हुँदै गएको चिन्ताजनक अवस्था देखिन्छ ।**

**विगतका निर्वाचन प्रक्रियामा एमाले, कांग्रेस, माओवादी र मधेशवादीजस्ता मुख्यधारका दलहरूले समानुपातिक प्रतिनिधित्व प्रणालीलाई समावेशी लोकतन्त्रको माध्यमभन्दा पनि आर्थिक स्रोत संकलनको साधनका रूपमा प्रयोग गरेका थिए । व्यापारी, उद्योगपति, निजी विद्यालय तथा कलेजका अर्बपति मालिक, नाफामूलक संस्थाका सञ्चालकहरूसँग करोडौं रकम असुल गरेर समानुपातिक सूचीमा राखिएको यथार्थ अब सार्वजनिक बहसको विषय बनिसकेको छ । समानुपातिक प्रणालीको उद्देश्य राज्यका पहुँचविहीन, उत्पीडित र पिछडिएका वर्गलाई निर्णय प्रक्रियामा सहभागी गराउनु थियो, तर अपारदर्शी रकमको थैलीले त्यो मर्मलाई विकृत बनाइदियो ।**

**यसको प्रत्यक्ष असर प्रतिनिधि सभामै देखियो । देशको पहिलो अंग मानिने प्रतिनिधि सभामा संविधान, कानून र संसदीय प्रक्रियाको आधारभूत ज्ञानसमेत नभएका व्यक्तिहरू सांसद बने । नाफामूलक संस्थाको प्रत्यक्ष स्वार्थ बोकेर संसद छिर्नेहरूबाट जनहितका कानून निर्माण हुने अपेक्षा गर्नु आफैंमा विरोधाभास हो । नेताहरूले सांसदको टिकट बेचेर खल्ती भरे, शक्ति सुदृढ गरे, तर संसदको गरिमा, बहसको स्तर र नीति निर्माणको गुणस्तर गम्भीर रूपमा खस्कियो । संसद जनताको आवाज उठाउने थलोभन्दा पनि व्यक्तिगत र समूहगत स्वार्थको सौदाबाजी केन्द्रजस्तो बन्दै गयो ।**

**जब संसद जनताको प्रतिनिधि हुन छाड्छ, तब असन्तोष सडकमै पोखिन्छ । यही प्रक्रियाको परिणामस्वरूप जेन–जी विद्रोह २०८२ भदौ २३ र २४ गते प्रकट भयो । यो विद्रोह केवल युवापुस्ताको आवेग वा सामाजिक सञ्जालको प्रभाव मात्र थिएन, यो त लामो समयदेखि राजनीतिप्रतिको निराशा, बेरोजगारी, अवसरहीनता र प्रतिनिधित्वको अभावले जन्माएको सामूहिक आक्रोश थियो । युवाहरूले संसद र राजनीतिक दलहरूलाई आफ्नो भविष्यको भरोसायोग्य प्रतिनिधि ठान्न छोडिसकेको स्पष्ट सन्देश त्यस आन्दोलनले दियो ।**

**तर यति गम्भीर चेतावनीपछि पनि राजनीतिक दलहरूले आत्मसमीक्षा गर्न सकेको देखिँदैन । आगामी २०८२ फागुन २१ गते हुने भनिएको निर्वाचनको तयारीलाई हेर्दा पनि पुरानै प्रवृत्ति दोहोरिने संकेतहरू स्पष्ट छन् । राजनीति सेवा, त्याग र वैचारिक प्रतिबद्धताको क्षेत्र होइन, धनार्जन र प्रभाव जमाउने, सांसद बनेको ध्वाँस देखाउने माध्यम हो भन्ने सोच भएका व्यक्तिहरू यस पटक पनि फेरि समानुपातिक सूचीमा प्राथमिकतामा परिरहेका छन् । झनै विडम्बनापूर्ण त के छ भने, परिवर्तनको नारा बोकेर उदाएका नयाँ दलहरू पनि यही रोगबाट मुक्त देखिँदैनन् ।**

**मनोरञ्जन क्षेत्रमा भाइरल बनेका, सामाजिक सञ्जालमा लोकप्रिय भएका वा क्षणिक चर्चामा रहेका केही पपुलर व्यक्तिहरूलाई राजनीतिक विचार, नीति र दर्शनभन्दा माथि राखेर संसदतर्फ उन्मुख गराउने प्रवृत्ति बढ्दो छ । लोकप्रियता र पहिचान राजनीतिमा सहायक हुन सक्छ, तर ती नै राजनीतिक योग्यताको एकमात्र मापदण्ड बन्नु लोकतन्त्रका लागि खतरनाक संकेत हो । यसले "जुन जोगी आए पनि कानै चिरेका" भन्ने उखानलाई फेरि चरितार्थ गरेको छ–पात्र फेरिए, झण्डा फेरिए, तर संस्कार उस्तै विकृत ;**

**लोकतन्त्रको आत्मा चुनाव जित्ने अंकगणितमा मात्र होइन, चुनावपछि संसदमा देखिने आचरण, बहसको स्तर, नीति निर्माणको गहिराइ र नैतिकतामा निहित हुन्छ । संसदमा अध्ययनशील, वैचारिक रूपमा स्पष्ट र जनहितप्रति प्रतिबद्ध प्रतिनिधि नहुँदा लोकतन्त्र खोक्रो नारामा सीमित हुन्छ । समानुपातिक प्रणालीलाई धन र पहुँचको भञ्याङ बनाउने प्रवृत्ति अन्त्य नगरेसम्म संसदप्रतिको जनअविश्वास अझै गहिरिँदै जानेछ, र त्यसको परिणाम पुनः तीव्र असन्तोष र विद्रोहको रूपमा देखिन सक्छ ।**

**अब निर्णायक प्रश्न स्पष्ट छ–के संसदलाई फेरि जनताको साझा थलो बनाउने कि सधैंका लागि शक्तिशाली, धनाढ्य र प्रभावशाली वर्गको निजी क्लबमा सीमित गर्ने ? यसको उत्तर दलका शीर्ष नेताहरूले मात्र होइन, सचेत नागरिक र मतदाताले पनि दिनुपर्छ । विशेषतः युवा पुस्ताले अब मौन बस्ने होइन, प्रश्न गर्ने, हिसाब माग्ने र वैकल्पिक राजनीतिक संस्कारको माग गर्ने साहस देखाउनुपर्छ ।**

**यदि राजनीतिक दलहरूले समयमै आत्मसुधार गरेनन् भने इतिहासले उनीहरूलाई माफ गर्नेछैन । संसद जनताको विश्वास गुमाउँदै गयो भने लोकतन्त्रको आधार नै कमजोर हुन्छ । लोकतन्त्र बचाउन अब भाषण र नाराले होइन, संरचनागत सुधार, राजनीतिक नैतिकताको पुनर्स्थापना र समानुपातिक प्रणालीको शुद्धीकरण अपरिहार्य भइसकेको छ । नत्र संसद फेरि जनताबाट टाढिँदै जानेछ, र त्यो दूरी कुनै पनि लोकप्रिय नाराले पुर्न सक्नेछैन ।**

# कुर्सीमा गैर–राजनीतिक आँखा : कसले हाँक्दैछ देश ?
# कानून मन्त्रीबाटै निर्वाचन आचारसंहितामाथि प्रहार !

**काठमाडौं । २०८२ भदौ २३ र २४ गते भएको 'जेन–जी' आन्दोलन, त्यसपछि भएको मानवीय क्षति, तोडफोड र आगजनीले देशलाई गम्भीर राजनीतिक सक्तटतर्फ धकेलेको थियो । आन्दोलन केवल सडकको आक्रोश थिएन, यो राज्य सञ्चालनको असफलता, प्रतिनिधित्वको संकट र राजनीतिक नैतिकताको पतनविरुद्धको सामूहिक चेतावनी थियो । यही पृष्ठभूमिमा संविधानको स्पष्ट मर्म र सीमालाई मिच्दै गठन गरिएको अन्तरिम सरकारलाई एउटै मुख्य जिम्मेवारी दिइएको थियो–निष्पक्ष, स्वतन्त्र र समयमै निर्वाचन सम्पन्न गर्नु । तर सरकार गठन भएदेखि नै देखिएका गतिविधिहरूले त्यो जिम्मेवारी प्राथमिकतामा नरहेको स्पष्ट देखिएको छ ।**

प्रारम्भिक दिनमै सरकारको ध्यान निर्वाचनभन्दा सत्ता व्यवस्थापन, शक्ति प्रदर्शन र दीर्घकालीन निर्णयतर्फ मोडिँदा राजनीतिक वातावरण थप अस्थिर बन्यो । अहिले अवस्था सतहमा केही शान्त देखिए पनि भित्रभित्रै संकट झन् गहिरिँदै गएको छ ।

**अन्तरिम सरकार र निर्वाचनको दिशाहीनता**

स्रोतहरूका अनुसार, निर्वाचनको माहोल बिगार्ने सुरुआती गतिविधिमा अन्तरिम सरकारकी प्रधानमन्त्री सुशीला कार्की स्वयं अग्रसर भएको आरोप छ । उनको नेतृत्वमा मन्त्रिपरिषद्बाट गरिएका राजदूत फिर्तालगायत थुप्रै असंवैधानिक तथा दीर्घकालीन प्रभाव पार्ने निर्णयहरू सर्वोच्च अदालतबाट एकपछि अर्को गर्दै बदर हुनु सामान्य प्रशासनिक त्रुटि मात्रै होइन, संवैधानिक अज्ञानता र सत्तामोहको परिणाम पनि हो । अन्तरिम सरकारको दायरा सीमित, अस्थायी र निर्वाचन केन्द्रित हुनुपर्नेमा संरचनागत परिवर्तन, अधिकार कटौती र नीतिगत हस्तक्षेप गरिनु लोकतान्त्रिक मर्यादामाथिको सीधा आघात हो ।

प्रधानमन्त्री र मन्त्रीका सार्वजनिक अभिव्यक्तिहरूले झन् समस्या बढाएको पाइएको छ । "पुराना राजनीतिक दलका नेताहरूको मुख पनि नहेर्ने" जस्ता भनाइहरूले संवादको ढोका बन्द गरिदियो । निर्वाचन सहकार्य र विश्वासमा आधारित प्रक्रिया हो, तर सरकारकै नेतृत्वबाट टकराव र अपमानको भाषा आउँदा राजनीतिक वातावरण विषाक्त बन्नु स्वाभाविक थियो । स्थिति नियन्त्रणबाहिर जान थालेपछि मात्रै राष्ट्रपति रामचन्द्र पौडेलले २०८२ पुस १२ गते शीर्ष दलका नेता र प्रधानमन्त्रीबीच भेटघाट गराएर संकट व्यवस्थापनको प्रयास गरे । तर, त्यो पहल ढिलो आयो, र मूल समस्या समाधानभन्दा बढी क्षति न्यूनिकरणमै सीमित रह्यो ।

**गृह मन्त्रालय : सुरक्षा होइन, सन्देशको राजनीति**

राजनीतिक वातावरण बिगार्नमा गृहमन्त्री ओमप्रकाश अर्यालको भूमिकामाथि पनि गम्भीर प्रश्न उठेको छ । सुरुआती दिनहरूमा उनका अभिव्यक्ति र सक्रियता शान्ति सुरक्षा व्यवस्थापनभन्दा बढी दमन, चेतावनी र शक्ति प्रदर्शनमा केन्द्रित देखिए । जेन-जी आन्दोलनको दबाब र राजनीतिक दलहरूको आलोचनापछि स्वर केही मत्थर भए पनि, निर्वाचनजस्तो संवेदनशील

## समय र विचार

**गोपाल बुढाथोकी**



**'डोल्मा'जस्ता कम्पनीलाई कर छुट र मिनाहा दिने निर्णयले सरकार जनताको होइन, ठूला उद्योगी–व्यवसायीको हितमा केन्द्रित भएको आरोपलाई थप बल दिएको छ ।**

प्रक्रियामा गृहमन्त्रीबाट अपेक्षित तटस्थता, संयमता र विश्वास निर्माण अझै देखिएको छैन । सुरक्षा निकायलाई राजनीतिक सन्देशवाहक बनाउने अभ्यासले निर्वाचनको निष्पक्षतामाथि गहिरो शंका पैदा गरेको छ ।

**अर्थ मन्त्रालय : अन्तरिम सरकार कि स्थायी पुनर्संरचना ?**

अन्तरिम मन्त्रिपरिषद्को दोस्रो वरीयतामा रहेका अर्थमन्त्री रामेश्वर खनालका अपारदर्शी निर्णयहरूले सरकारलाई थप विवादित बनाएको छ । संसदबाट पारित बजेट रोक्का, विकास आयोजना अलपत्र, सरकारी कार्यालय खारेजी, कर्मचारी दरबन्दी कटौती, प्रदेश र स्थानीय तहका अधिकारमा अङ्कुश-यी सबै निर्णयहरू अन्तरिम सरकारको म्यान्डेट बाहिरका छन् । यस्तो कदमले संघीयताको आत्मा कमजोर पार्दै प्रशासनिक अराजकता निम्त्याएको छ ।

त्यसमाथि, मरिससको 'डोल्मा'जस्ता कम्पनीलाई कर छुट र मिनाहा दिने निर्णयले सरकार जनताको होइन, ठूला उद्योगी-व्यवसायीको हितमा केन्द्रित भएको आरोपलाई थप बल दिएको छ । आर्थिक मन्दी, बेरोजगारी र महँगीले थलिएका जनतामाझ यस्तो नीति राजनीतिक नैतिकताको पूर्ण पतन हो ।

**कानून मन्त्रीबाटै निर्वाचन आचारसंहितामाथि प्रहार**

पूर्व सर्वोच्च न्यायाधीश तथा वर्तमान कानून, उद्योग तथा पर्यटन मन्त्री अनिल कुमार सिन्हा पनि विवादको केन्द्रमा छन् । सार्वजनिक संस्थानहरूमा गरिएका नियुक्ति र उद्योगी-व्यवसायीप्रतिको झुकावले उनीमाथि स्वार्थको आरोप थपिएको छ । पोखरामा दिएको "जसले देशलाई यो हालतमा पुऱ्यायो, उसलाई भोट दिन हात काँप्नुपर्छ" भन्ने अभिव्यक्ति निर्वाचन आचारसंहिता मात्र होइन, अन्तरिम सरकारको निष्पक्षतामाथि सीधा प्रहार हो । सरकारका मन्त्रीहरू स्वयं मतदातालाई प्रभावित पार्ने भाषामा उत्रिनु निर्वाचनको विश्वसनीयताका लागि खतरनाक संकेत हो ।

**गैर–राजनीतिक पात्रहरूको वर्चस्व : संस्थागत अतिक्रमण**

गैर-राजनीतिक व्यक्तिहरूको सत्ता मोह नयाँ होइन । २०७० मा तत्कालीन प्रधान न्यायाधीश खिलराज रेग्मीलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाइएपछि यो प्रवृत्तिले संस्थागत रूप लियो । आज त्यही परम्परा झन् गहिरिँदै गएको छ । पूर्व प्रधान न्यायाधीश कल्याण श्रेष्ठ नयाँ सरकार निर्माणको कसरतमा लागेको चर्चा छ । उता, महाभियोगबाट पदच्यूत भएका चोलेन्द्र शम्शेर जबरा, वर्तमान प्रधान न्यायाधीश प्रकाशमान सिंह राउत र वरिष्ठ न्यायाधीश सपना प्रधान मल्लसम्म प्रधानमन्त्री बन्ने आकांक्षा बढेको चर्चा न्यायिक वृत्तमै हुने गरेको छ । यो लोकतन्त्र होइन, शक्तिको सीमारेखा मेटिँदै गएको खतरनाक संकेत हो ।

**लोकतन्त्र जोगाउने अन्तिम जिम्मेवारी**

राजनीतिक दल र नेताहरूले संघर्ष, जेल-नेल र बलिदानबाट ल्याएको लोकतन्त्र र गणतन्त्र आज अस्थायी स्वार्थ समूह, प्रशासकीय अहङ्कार र गैर-राजनीतिक महत्त्वाकांक्षाको बन्धक बन्दैछ । राजनीति राजनीतिज्ञहरूबाटै, जनादेशबाटै सञ्चालित हुनुपर्छ । अन्यथा, निर्वाचन कमजोर हुँदै जाने, संसद निष्प्रभावी बन्ने र अन्ततः लोकतान्त्रिक व्यवस्था नै खोक्रिँदै जाने खतरा टार्न कठिन हुनेछ ।

अब पनि राजनीतिक दलहरू मौन बसे भने इतिहासले उनीहरूलाई दोषी ठहर गर्नेछ । अन्तरिम सरकारलाई संविधानको सीमाभित्र राख्ने, निर्वाचन केन्द्रित बनाउने र गैर-राजनीतिक हस्तक्षेप रोक्ने अन्तिम जिम्मेवारी दलहरूको काँधमै छ । ढिलाइको मूल्य लोकतन्त्रले चुकाउनुपर्नेछ-र त्यो मूल्य असाध्यै महँगो हुनेछ ।

*(वरिष्ठ पत्रकार बुढाथोकी प्रेस काउन्सिल नेपालका पूर्व कार्यवाहक अध्यक्ष हुन्)*

# सिद्धान्तहीन गठजोड र लोकतन्त्रमा संकट

**'विचारविहीन भीड' र खहरेको पानी उस्तै हुन् । खहरेको पानीले सिँचाइ हुँदैन । २०८२ भदौ २४ खहरे मात्र हो । सिद्धान्ततः लोकतन्त्रमा राजनीतिक दलहरूलाई लोकतान्त्रिक प्रणालीका पिलर (खम्बा) मानिएको पाइन्छ । लोकतन्त्र र राजनीतिक दल एक अर्काका पर्याय पनि हुन् । राजनीतिक दलहरू निश्चित सैद्धान्तिक, वैचारिक, दार्शनिक र विधारधारात्मक आधारमा खडा हुनुपर्नेमा क्षणिक आवेश, आक्रोस, आक्षेप, आक्रमण, कुण्ठा, घृणा, रिस, इवि र प्रतिसोध साध्ने एवम् 'ठगीखाने नयाँ माध्यम' बनाइयो ।**

## विचार

**डा. प्रेमराज सिलवाल, अधिवक्ता**



**सुशासन नभएको शासनमा नागरिक सहभागिता न्यून हुन पुग्दछ । सुशासनविहीन शासन भयो भने मुलुक सोमालिया, सुडान, भेनेजुएला, लिबिया, अफगानिस्तानको जस्तो हालतमा पुग्ने खतरा हुन्छ ।**

राजनीतिमा टाउका मिल्ने कुरा प्राविधिक मात्र हो । 'विचार र सिद्धान्तहीन टाउका'को अर्थ छैन । निर्वाचनमा टाउका मात्र चाहिने होइन । विचार भएका, सचेत र विवेकी टाउका हुन आवश्यक छ । ग्रिक दार्शनिक प्लेटोले अशिक्षितलाई भोटको अधिकार हुँदैन भनेको पनि त्यसैले होला । लोकतन्त्रमा आवधिक निर्वाचन अनिवार्य विषय हो । तथापि केवल आवधिक निर्वाचनले मात्र प्रजातन्त्र समृद्ध हुने चाहिँ होइन । निर्वाचन स्वच्छ, मर्यादित, निष्पक्ष, धाँदलीरहित र प्रमुख भनेको नागरिकको उत्साहपूर्ण एवम् अर्थपूर्ण सहभागिता सुनिच्चितता हुनुपर्दछ भन्ने हो । पाँच वर्षमा घडीको सुइ घुमे जसरी आउने निर्वाचनले मात्र लोकतन्त्र सवल बन्न सक्दैन । यसर्थ निर्वाचन नागरिकको आफ्नो उत्सव जस्तो सार्थक सहभागिता सुनिच्चित भएको हुनु पर्दछ भन्ने मानिन्छ । त्यसका लागि सिद्धान्तनिष्ठ, विचारसहितका राजनीतिक र दार्शनिक आधारमा खडा भएका राजनीतिक दल हुनु आवश्यक छ ।

**लोकतन्त्र के हो ?**

लोकतन्त्रमा अभिव्यक्ति स्वतन्त्रता, विचारको स्वतन्त्रता, शान्तिपूर्वक भेला र विरोध गर्न पाउने स्वतन्त्रता सहितको प्रेसको पूर्ण स्वतन्त्रता अनिवार्य विषय हुन् । नेपालको संविधानको प्रस्तावनादेखि मौलिक हकका विभिन्न धारामा यससम्बन्धी प्रबन्ध भएको देखिन्छ । यसको अर्थ अराजक, गैरकानुनी र अर्को व्यक्तिलाई असर पर्ने कार्य तथा गतिविधि गर्ने छुट भएको अर्थमा चाहिँ बुझ्नु हुँदैन । जस्तो प्रत्येक व्यक्ति र नागरिकलाई टुँडिखेलमा हिंडडुल गर्न, घुम्न र शारीरिक अभ्यास गर्न दिइएको छ । तर यसको अर्थ बाहिर लगाइएको पर्खाल चढेर नेपाली सेनाको व्यारेकभित्रको अर्को सफा र ठूलो चौरमा गएर पनि खेल्न पाउनु पर्दछ भन्ने हुँदैन । अर्थात स्वतन्त्रताका केही दायरा र सीमा चाहिँ हुन्छन् भन्ने कुरा सबैले विचार पुऱ्याउनु पर्दछ । दलीय राजनीतिक प्रणाली र बहुदल लोकतन्त्रको गहना हो । एकदलीयता, निर्दलीयता र दलमाथिको गैरकानूनी नियन्त्रण हुनु भनेको लोकतान्त्रिक मूल्य र मान्यता विपरीतको धारणा हो । लोकतन्त्रमा बहुविचार, बहुधारणा र दर्शन हुन्छन् र तिनको सम्मान गर्नुपर्दछ भन्ने मानिन्छ । यसको अर्थ आफ्ना विचार र दर्शनको पक्षपोषणको नाममा अन्य व्यक्ति, नागरिक र विचारमाथिको हस्तक्षेप तथा अतिक्रमण स्वीकार्य हुन सक्दैन । आफ्ना विचार र दर्शन अरू व्यक्तिमाथि जवर्जस्ती लादन र थोपर्न पाइन्न । कानून विपरीत हुने गरी आफ्नो दल, विचार र धारणा राखियो भने त्यसले लोकतान्त्रिक मूल्य र मान्यताको सीमा उल्लङ्घन हुन पुग्दछ । नेपाली राजनीतिका नाममा अहिले देखा परेका सिद्धान्तहीन, विचारविहीन अराजक र आपराधिक भीडको उग्र सोचबाट अघि बढ्न खोज्नु लोकतन्त्र मासिने संकेत हुन् ।

**सामाजिक न्याय र सुशासन**

सिद्धान्ततः लोकतन्त्रमा प्रत्येक मतको कदर हुन्छ र गरिनुपर्दछ भन्ने मानिन्छ । प्रत्येक व्यक्ति र नागरिकको अधिकारको सम्मान हुने राजनीतिक प्रणाली लोकतन्त्र हो । सबैको संवैधानिक, कानुनी र राजनीतिक अधिकारको सम्मान गर्न र शासनमा हरेकको अर्थपूर्ण सहभागिताको लागि सामाजिक न्याय र समावेशिकरणसम्बन्धी धारणा विश्वमा आएका हुन् । नेपालको संविधानले संघीयता, धर्मनिरपेक्षता, समावेशिता, न्याय, समता, समानता, सहभागिता र सामाजिक न्यायका आधारभूत मूल्य र मान्यतालाई स्वीकार गरी संवैधानिक प्रबन्ध गरेको देखिन्छ । यसमा विकेन्द्रीकरण, स्वायत्त शासन सहितको संघीयता समेत पर्दछन् । यद्यपि यसका आधार, मर्म र सीमालाई सही ढंगले नबुझ्ने सोच, कार्यशैली र व्यवहारहरू समेत देखिन्छन् । अर्थात संघीयतामा प्रत्येक तहलाई असीमित अधिकार रहेको हुन्छ भन्ने तरिकाले पनि बुझ्न थालिएपछि संघीयता नै खतरामा परेको छ ।

लोकतान्त्रिक शासनको मूल आधार भनेको सुशासन र नागरिक सहभागिता हो । संविधान र कानुनले प्रबन्ध गरेका राजनीतिक, सामाजिक, आर्थिक तथा साँस्कृतिक अधिकारहरूको खास प्रत्याभूति हुने भनेको सुशासनको माध्यमबाट हो । भ्रष्ट प्रशासन, अनुत्तरदायी शासन, गैरजिम्मेवार प्रशासन र अधिकारी, कानुनहिनता, विधिहिनता र अराजकता भयो भने कानुनी र राजनीतिक प्रबन्धको कुनै अर्थ हुन्न । सुशासन नभएको शासनमा नागरिक सहभागिता न्यून हुन पुग्दछ । सुशासनविहीन शासन भयो भने मुलुक सोमालिया, सुडान, भेनेजुएला, लिबिया, अफगानिस्तानको जस्तो हालतमा पुग्ने खतरा हुन्छ ।

**निष्कर्ष**

लोकतन्त्र प्रजातान्त्रिक मूल्य र मान्यता अनुसार सञ्चालित हुने नागरिक नियन्त्रण तथा शासनमा जनसहभागिता भएको प्रणाली हो । राजनीतिक र कानुनी जगमा अडिएको कुनै पनि शासनका आधारभूत स्तम्भ भनेका विश्वव्यापी रूपमा स्वीकार गरिएका लोकतान्त्रिक मूल्य र मान्यताहरू हुन् । लोकतन्त्रका मूल्य, मान्यता र सीमाको नेग्लिजेन्सी (लापरवाही)ले शासकीय समस्या बढ्यो । यहाँ तिनको चर्चा गरिएको छ ।

शासन र शासनमा वैधता भएन भने अराजक, गैरकानूनी र विधिहीनता हुन पुग्दछ । निर्वाचित जनप्रतिनिधिद्वारा शासन हुनु मात्र वैधताको लागि काफी हुँदैन । संविधान र कानून अनुसार शासन सत्ताको गठन हुनु, सत्ता सञ्चालित हुनु र पूर्ण रूपमा शासन वैद्य हुनु आवश्यक छ । वैधता शासन सत्ता सञ्चालनको लागि पूर्वसर्त र जग हो । शासक, सत्ता र राजनीतिक नेतृत्व वैध भएन भने तिनले गरेका सबै कार्य अवैध हुन पुग्दछन् । लोकतन्त्र जनताले जनताद्वारा जनताको लागि ल्याइएको राजनीतिक व्यवस्था हो । निर्वाचित सरकार जनताको खास प्रतिनिधि हो । त्यस्ता प्रतिनिधि जनता र नागरिकप्रति पूर्णतः उत्तरदायी हुन आवश्यक छ । लोकतन्त्रमा जनउत्तरदायी सरकार हुनु, जनताको सार्वजनिक, सामाजिक र कतिपय अवस्थामा निजी आवश्यकताको समेत सम्बोधन गर्न सक्षम हुनु पर्दछ । जनताको सरकार जनताप्रति उत्तरदायी भएन भने लोकतन्त्रको मूल्य र मान्यता भत्कन पुग्दछन् ।

यहीकारण जनउत्तरदायी सरकार हुनुपर्दछ भन्ने मान्यता विश्वमा स्वीकार गरिएको हो । लोकतन्त्र सफल हुन लोकतान्त्रिक मूल्य र मान्यताको सम्मान एवम् पालना हुनु अनिवार्य हुन्छ । राजनीतिक दलहरू निश्चित मूल्य, मान्यता, सिद्धान्त, दर्शन, विचार र आदर्शबाट निर्देशित हुन आवश्यक छ । सिद्धान्तहीन भीड मात्र भयो भने २०४२ भदौ २४ गतेको जस्तो अराजकता र विध्वंस मात्र हुने हो । जसको कुनै पनि औचित्य, अर्थ र महत्व हुँदैन । लोकतन्त्रका आधारभूत मूल्य, मान्यता र दर्शनलाई एकातिर पन्छ्याएर सिद्धान्तहीन गठजोड गर्नुपर्ने अवस्थामा मुलुकलाई विचारशून्य भैंडो प्रवृत्तिको सस्तो लोकप्रियतावादले पुऱ्यायो । जुन घातक छ । टिक्दैन । मुलुकलाई कुनै पनि मानेमा फाइदा हुँदैन ।

# स्वास्थ्य मन्त्रालयमा निरन्तर बढ्दो बेथिति
# सचिव हावी हुँदा बिचौलिया र जेन्जी आतंक !

● **साँघु संवाददाता**

काठमाडौं । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सक्षम, योग्य, अनुभवी र त्यही क्षेत्रको पूर्व सचिव डा. सुधा शर्मा गौतमले मन्त्रालयको नेतृत्व संहाल्ने अवसर प्राप्त गरेकी छिन । मन्त्रालयमा सचिव भएर काम गरेको अनुभवी र विशिष्ठ श्रेणीकी कर्मचारी हुँदै मन्त्री बन्ने सु-अवसर प्राप्त गरेको महिना दिन भन्दा बढी समय बितिसकेको छ । ०८२ भदौ २३ र २४ गतेको विध्वंसकारी जेनजी आन्दोलनकाक्रममा मन्त्रालय पुरै आगजनीको चपेटामा परेको थियो । सिंहदरबार, सर्वोच्च अदालत, सडक विभाग, यातायात व्यवस्था विभाग, नागरिक उड्डयन प्राधिकरण, काठमाडौं जिल्ला अदालतलगायतका भौतिक संरचना प्राय धवस्त हुन पुगेका थिए ।

साथै, फर्निचर, प्रशासनिक सामग्री र सरकारी कागजात आगलागीमा परेर अस्तित्व जोगाउनसमेत समस्या परेको थियो। झण्डै ६० वर्षभन्दा पुरानो मन्त्रालयको भवन पूर्ण रूपमा क्षतिग्रस्त भएपछि दैनिक कार्य सञ्चालन गर्न नसक्ने अवस्थामा पुगेको थियो । जेनजीको निसानामा परेका अन्य सरकारी भवनको पुनर्निर्माण थालिएपनि सो मन्त्रालयको भने अझै शुरू हुन सकेको छैन । मन्त्रालयको क्षतिको प्रारम्भिक मूल्यांकनअनुसार भौतिक संरचना, कागजात, फर्निचर तथा प्रशासनिक सामग्री गरी झण्डै ३० करोड रूपैयाँ भन्दा बढीको क्षति हुन पुगेको बताइएको छ ।




सो मन्त्रालयमा गरिएको आगजनीमा मेडिकल, उपकरण, औषधि र सर्जिकल सामग्री सप्लाइ गर्ने कम्पनीका प्रतिनिधि र बिचौलियाहरूको संलग्नता रहेको आशंका गरिएको छ। मन्त्रालयका कर्मचारी, बिचौलिया र सप्लायर्सहरूको स्वार्थ नमिल्दा आगजनी र तोडफोड गरिएको दावी जानकारस्रोतले गरेको छ । आन्दोलनले उठाएको प्रशासनिक सुधार, सुशासन र भ्रष्टाचारको नियन्त्रणको नारा भन्दा बढी असर र बेथिति मन्त्रालयको प्रशासनमा रहेको बताइन्छ ।

**मन्त्रालयमा बिचौलियाको बिगबिगी**

स्वास्थ्य क्षेत्रको सुधार र पारदर्शिताको आवरण ओढेर मन्त्रालयमा दबाब सिर्जना गर्ने, निर्णय प्रभावित र आफ्नै स्वार्थअनुसार प्रणालीमा चलखेल गर्ने प्रयास बिचौलियाहरुले गर्न थालेको पीडितहरुको गुनासो छ । जसले सिंहदरबार परिसरभित्र मन्त्रालय सरेपनि परिवर्तनलाई उल्ट्याउने खतरा बढेको उनीहरुको भनाई छ ।

नाम फरक भएपनि बिगतको जस्तै चरित्र मन्त्रालयमा देखिन थालेको छ । सिंहदरबारभित्र जेनजीको नाममा हुने अवाञ्छित गतिविधि तत्काल नरोकिएको खण्डमा सेवा प्रवाहमा गम्भीर संकटमा पर्ने गुनासाहरु बढ्दै गएका छन् । मन्त्रालयले गर्ने हरेक मानवीय संवेदनामा जोडिने गरेका छन् अझ लाखौं नागरिकको स्वास्थ्य उपचार र जीवनसँग मन्त्रालय प्रत्यक्ष जोडिएको छ । त्यसैले मन्त्रालयको नेतृत्वले गर्ने हरेक निर्णय पारदर्शी र जनउत्तरदायी हुनुपर्ने दबाब र प्रभावसमेत पर्ने गरेको छ ।

उता, पछिल्लो समयमा राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियानका संयोजक दुर्गा प्रसाईलेसमेत सरकारसँग वार्ता र संवाद गर्दा आफ्नो मेडिकल कलेजको स्वार्थपूर्तितर्फ केन्द्रित हुने गरेको आरोप खेप्दै आएका छन । उनले बेड क्षमता, एमबीबीएस, नर्सिङ कोटा बढाउन चलखेल गरिरहेको मन्त्रालयका अधिकारीहरु बताउँछन्। नागरिकको सरकार भन्ने नाममा केही तत्वहरुले कर्मचारीमाथि मनलाग्दी बोल्ने, पेल्ने, धम्क्याउने र नियम-कानून बिपरीतका कार्य गर्न बाध्य पार्ने प्रवृत्ति मौलाएको बताइन्छ ।

नागरिक तहमा आलोचना र निगरानी लोकतन्त्रको सौन्दर्य भएपनि अराजकता र दादागिरी आत्मघाती हुने चिन्तासमेत केही इमानदार कर्मचारीहरु व्यक्त गर्न थालेका छन्। साथै, मन्त्रालयको सरूवालाई निष्पक्ष, न्यायिक र पारदर्शी बनाउन नर्स, ल्याव टेक्निसियन र चिकित्सकहरूलाई दुई-दुई वर्षमा


सुधा शर्मा

अनुमानयोग्य ढंगलेसरुवाको मागसमेत हुँदै आएको छ । यसैगरी, दुर्गम, हिमाल, पहाड, तराई मधेस, सुगम, प्रदेश राजधानी, संघीय राजधानी र सुविधा सम्पन्न क्षेत्रमा सोही प्रणाली लागु गर्दै खटाउनु पर्ने मागसमेत हुन थालेको छ ।

**कर्मचारीहरुको स्वार्थीपन**

नर्स, ल्याव टेक्निसियन र चिकित्सकहरू दुर्गम, हिमाल, पहाडमा जान नचाहने रोग मन्त्रालयमातहत बढदो देखिन्छ । यस्ता कर्मचारीहरु प्राय सुविधाजनक प्रदेश राजधानी, महानगर र काठमाडौं उपत्यकामा मात्र सरूवा भएर जान खोज्ने प्रवृत्ति धेरै नै मौलाएको छ । त्यसैले दुर्गम, हिमाली र पहाडी क्षेत्रका नागरिकहरू बिरामी हुँदा राज्यबाट सहज रुपमा उपचार सेवा पाउने मौलिक हकबाट बन्चित हुँदै आएका छन । यसमा सुधार गर्न सरूवामा निष्पक्ष, न्यायिक र पारदर्शी हुनुपर्ने माग कर्मचारीहरुको रहेको छ ।

मन्त्रालयको नेतृत्वले दुर्गम, हिमाल, पहाड, तराई, जिल्ला सदरमुकाम, प्रदेश सदरमुकाम, उपमहानगर, महानगर र काठमाडौं उपत्यकामा दुई-दुई वर्ष अनिवार्य सेवा गर्ने व्यवस्थालाई कडाइकासाथ कार्यान्वयन गर्न आवश्यक र जरुरी कदम चाल्नुपर्ने देखिन्छ । मन्त्रालय, बिबभाग र अस्पतालहरूले खरिद गर्ने सर्जिकल, मेडिकल, फर्निचर, बेडलगायतका सामग्रीमा अनियमितताको गन्ध आउने गरेको छ । ती सामग्री खरिदमा अनियमितता मात्र नभई ५ देखि २५ प्रतिशतसम्म कमिशन र तोकिएको भन्दा कम गुणस्तरकारू सेटिङमा खरिद गरि गर्ने कार्य अझै जारी रहेको बताइन्छ ।

केही कर्मचारीले खुल्ला रुपमा गर्ने यस्ता अनियमितता र भ्रष्टाचार नियन्त्रणका लागि स्वास्थ्य सेवा विभागका महानिर्देशक, मन्त्रालयका सचिव र मन्त्री गौतमसचेत, सजग र हुन आवश्यक रहेको स्रोतको भनाई रहेको छ । जेनजी आन्दोलनले स्वास्थ्य मन्त्रालयलाई भौतिक रूपमा सिंहदरबार पसिरमा लान बाध्य बनाएको छ । जसले गर्दा बिचौलियाको सहज पहुँच कम हुँदा विगतदेखिको रजगज तोड्ने अवसर पनि मन्त्रालयको नेतृत्वलाई मिलेको छ ।

तर, यही आन्दोलनको नाममा बढ्दो अराजकता नियन्त्रण गर्न नसक्दा मन्त्रालयको कार्यशैलीमा सुधार गर्ने मन्त्री शर्माको सदिच्छा गुम्ने खतरासमेत बढदै गएको छ । त्यसैले सरकार, राजनीतिक नेतृत्व र स्वयं जेनजी आन्दोलनका जिम्मेवार पक्षहरूले स्पष्ट सीमारेखा कोर्नुपर्ने देखिन्छ। नत्र स्वास्थ्य मन्त्रालय भौतिक रूपमा सिंहदरबारभित्र भएपनि व्यवहारिक रूपमा फेरि पुरानै अराजकचक्रमा फस्ने निश्चित छ।

स्वास्थ्य सेवालाई निजामती प्रशासन भित्र राखेतापनि छुट्टै स्वास्थ्य ऐनद्वारा सञ्चालन हुँदै आएको छ । त्यसैले मन्त्रालय अन्तर्गतका प्राविधिक कर्मचारीहरूको खटनपटन, व्यवस्थापन, कार्य सम्पादन मुल्यांकन र सरूवा-बढुवालगायतका कागजातहरू जलाएर नष्ट हुँदा कार्य सञ्चालन गर्न सचिव डा. बिकास देवकोटा र मन्त्री गौतमलाई निकै कठिनाई परेको गुनासाहरु बढेका छन ।

**रामशाहपथबाट मन्त्रालय सिंहदरबारमा**

स्वास्थ्य मन्त्रालयको भवन पूर्णरूपमा काम नलाग्ने भएपछि छेवैमा रहेको स्वास्थ्य अनुसन्धान परिषदबाट सेवा प्रवाह गर्दै आएको थियो । तर, पछिल्लो समयदेखि भने सो मन्त्रालयले सिंहदरबार परिसरबाट दैनिक प्रशासन सञ्चालन गर्न थालेको छ । ६० वर्षपछि मन्त्रालय सिहदरबारभित्र सरेको बताइन्छ । मन्त्रालय सिंहदरबार बाहिर रहँदा अनावश्यक रुपमा बिचौलिया, दलालहरूको भीड लाग्ने गरेको थियो ।

अझ पहुँचवालाहरूको सहज खेलमैदान बनेको गुनासो कर्मचारीहरुले गर्दै आएका थिए। स-सानो कामका लागिसमेत मन्त्रालयमा अनावश्यक भिडभाड हुँदा दैनिक सेवा प्रवाह असर पर्नुका साथै प्रभावकारी रुपमा सेवा प्रदान गर्नसमेत असर परेको गुनासो पीडित कर्मचारीहरुले गर्दै आएका थिए । यखिर मन्त्रालय सिंहदरबारभित्र सरेसँगै यस्ता समस्यामा क्रमशः आउन थालेको बताइन्छ । सिंहदरबारको सुरक्षा, पहिचान प्रणाली र पहुँच नियन्त्रणले बिचौलिया र अनावश्यक व्यक्तिको मन्त्रालयमा खुलेआम आवतजावत रोकिएको मन्त्रालय स्रोत बताउँछ ।

जसले सेवा प्रवाहमा केही हदसम्म सुधार भएको बताइएको छ । कर्मचारीहरूले भेटघाट कम र कार्यालयको काममा बढी ध्यान केन्द्रित गर्न सकेका छन् । तर, बिचौलियाको चलखेल कम भएपनि जेन-जीको खोल ओढेका बिचौलियाहरुको भने दबाब बढ्न थालेको गुनासाहरु बाहिर आउन थालेका छन् । अझ भन्नुपर्द बिचौलियाहरूले जेन-जी युवाहरुलाई अनावश्यक रुपमा बोकेर मन्त्रालय ल्याउँदा दैनिक सेवा प्रवाहमासमेत असर पर्न थालेको पीडितहरु बताउँछन् । जसले गर्दा मन्त्रालयमा जेन-जी आन्दोलनको नाम र खोल ओढेर आउने युवाहरूको भिड र दबाब बढेर कर्मचारीहरू थप त्रसित हुन पुगेका छन् ।

त्यतिमात्र नभएर मन्त्रालय जेन-जीका नाममा आउने केही समूहले सहसचिव र सचिवलाई अपमान र अमर्यादित ढंगले प्रस्तुत हुने गरेका छन् । सुधारको नाममा सो समूहले मन्त्रालयमा भिडभाड र दबाब बढाउने कार्य गरेको गुनासाहरु बढेका छन् । पछिल्लो समय जेनजीको नाममा बिचौलियाहरू मन्त्रालयमा प्रवेश गरेर सर्जिकल, मेडिकल र फर्निचरलगायतका सामग्रीको ठेक्का आफू अनुकूलका कम्पनीहरुलाई दिलाउन दबाब र प्रभाव पार्ने काम उनीहरुले गर्न थालेको चर्चासमेत सुनिन थालेको छ ।

**०७९ को निर्वाचन भन्दा यसपटक नौ लाख मतदाता बढी**

काठमाडौं । निर्वाचन आयोगले २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन प्रयोजनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ। आयोगले २०८२ पुष १२ गते शनिबार मतदाता नामावली ऐन, २०७३ को दफा २० बमोजिम अन्तिम नामावली प्रकाशन गर्ने निर्णय गरेको थियो । नामावली अद्यावधिक कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिमको प्रक्रिया पूरा गरी आयोगले २०८२ फागुन २० गतेसम्ममा १८ वर्ष उमेर पूरा हुने नागरिकहरूको विवरणलाई सार्वजनिक गरेको छ ।

आयोगद्वारा प्रकाशित अन्तिम मतदाता नामावलीमा पुरुषको संख्या ९६ लाख ६३ हजार ३ सय ५८ रहेको छ। यसैगरी महिलाको संख्या ९२ लाख ४० हजार १ सय ३१ रहेको बताइन्छ । अन्य मतदाता भने दुईसयसमेत गरी कूल १ करोड ८९ लाख ३ हजार ६ सय ८९ मतदाताले आगामी निर्वाचनमा भाग लिनसक्ने बताइएको छ । आयोगका अनुसार २०७९ मंसिरमा सम्पन्न प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनमा पुरुषको संख्या ९१ लाख ४० हजार ८ सय ६ जना रहेको थियो । महिलाको संख्या भने ८८ लाख ४७ हजार ५ सय ७९ रहेको आयोगको भनाई रहेको छ ।

अन्य संख्या भने १ सय ८५ गरी कुल मतदाताको संख्या १ करोड ७९ लाख ८८ हजार ५ सय ७० रहेको थियो। वि. सं. २०७९ को तुलनामा २०८२ मा कुल मतदाताको संख्या ९ लाख १५ हजार १ सय १९ ले वृद्धि भएको आयोगले जानकारी दिएको छ । आयोगका अनुसार ५ लाख २२ हजार ५ सय ५२ जना पुरुष र तीन लाख ५२ हजार ५ सय ५२ महिला मतादाताको संख्या बृद्धि भएको बताइन्छ । अन्य मतदाताको संख्या १५ प्रतिशतले वृद्धि भएको आयोगको भनाई रहेको छ ।

यसैगरी, प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका मतदाताहरूलाई मतदान गर्नका लागि मुलुकभर १० हजार ९ सय ६७ मतदान स्थलमा र २३ हजार १ सय १२ मतदान केन्द्र निर्धारण गरिएको आयोगले जनाएको छ। गत आम निर्वाचन को तुलनामा ७५ वटा बढी निर्धारण गरिएको बताइन्छ ।

## समाचार/विविध

### विभागको मर्मतमा जुटेका डिजीको किन सरुवा ?

● **साँघु संवाददाता**

*काठमाडौं । ०८२ भदौ २३ र २४ गतेको जेन-जी विध्वंसको चपेटमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमातहतको त्रिपुरेश्वस्थित उद्योग बिभाग पनि परको थियो । आगलागी र तोडफोडका त्यसबखत बिभागको भवनबाट सेवा प्रवाह गर्नसक्ने अवस्था थिएन । उद्योग मन्त्रालयले समयमा मर्मत संभारका लागि बजेट उपलब्ध गराएन । तरपनि बिभागको महानिर्देशक एवम सहसचिव राजेश्वर ज्ञवालीले उद्योगी, व्यवसायीहरुसँग सहयोग मागेर मर्मत संभार कार्य गरिरहकै थिए । यही अवस्थामा मन्त्री अनिलकुमार सिन्हाले मन्त्रीस्तरीय निर्णय गर्दै अघिल्लो हप्ता मात्र उनको सरुवा मन्त्रालयमा गरेका छन् ।*


सहसचिव राजेश्वर ज्ञवाली

*बिभागको नयाँ नेतृत्वमा भने मन्त्रालयले सहसचिव जितेन्द्र बस्नेतलाई खटाएको छ । निवर्तमान महानिर्देशक ज्ञवालीले उद्योगी र व्यापारीहरूसँग इँटा, ढुंगा, बालुवा, रोडा, प्लाइउड, फर्निचर, विद्युत तार, स्वीच, चिम, मार्वल, टायल, प्यान, पाइप, धारा, कार्पेट, सिसालगायत रंगरोगन सामग्री सहयोग मागरे नै पुननिर्माणको कामलाई तीव्रगतिमा अगाडि बढाइहेका थिए । तर, यही अवस्थामा ०८२ पुष १४ गते सोमबार उनलाई मन्त्री सिन्हाले मन्त्रालयमा सरुवा गर्दै सहसचिव बस्नेतलाई महानिर्देशकको जिम्मेवारीमा खटाएपछि उनले मन अमिलो बनाएको कर्मचारीहरु चर्चा गर्छन् ।*

*मर्मत संभारका लागि मन्त्रालयले बजेट उपलब्ध नगराएपछि उनले अनुदान, सहयोग मागेरै भएपनि आगजनीको चपेटामा परेको विभागको भवन मर्मत संभार गरी झण्डै झण्डै पूर्ववतको अवस्थामा पुऱ्याउन लागेका थिए । उद्योगी, व्यवसायीहरूलाई पनि विगतकै झैं बिभागबाट सेवा प्रवाह गर्दै आएका थिए । विभागले यसअघि सेवाप्रवाह गर्दा पारदर्शी ढंगले नगरेको आरोपमा जेन-जी समर्थकहरूले २०८२ भदौ २४ गते तोडफोड गर्दै आगजानी गरेका थिए । जसका कारण बिभागका फर्निचर, कम्प्युटर र महत्पूर्ण कागजात प्राय जलेका थिए ।*

*त्यसपछि विभागको काम झण्डै एक महिना प्रभावित हुन पुगेको थियो । बिभागले एक महिनपछि पाल टागेर सेवाग्राहीलाई सामान्य सेवा दिन सुरु गरेको थियो । मन्त्री सिन्हाले बिभागको मर्मत संभारका लागि बजेट नदिंदा पनि महानिर्देशक ज्ञवालीले सेवाग्राही उद्योगी र व्यवसायीहरूसँग जे सामग्री उपलब्ध गराउँछन् सहयोग स्वीकार गर्दै तीन महिनाभित्र विभागको पुनर्निर्माणको अन्तिम चरणमा पुऱ्याएका थिए । यतिसम्मकि कम्प्युटर, फर्निचर, दराजसमेत जलेकोले सहयोग मागेरै भएपनि सेवा प्रवाहलाई जारी राख्न सफल उनी सफल भएका थिए ।*

*तर, उनको यो कार्य कानूनसम्मत नभएको चर्चासमेत मन्त्रालयमा चल्दै आएको थियो । जसले गर्दा विभागको काममा दाताहरूको प्रत्यक्ष प्रभाव पर्ने देखिएको भन्दै उनको आलोचनासमेत हुने गरेको थियो । सरकारले मर्मत संभारका लागि समयमा बजेट उपलब्ध गराउनुपर्ने थियो । तर, बिभागको नेतृत्वले उद्योगी व्यवसायीहरूसँग सहयोग लिएर मर्मत गर्दा भोलिका दिनमा ती दाताहरूले गैरकानूनी काम गर्न दबाब दिएको खण्डमा कर्मचारीहरूले नाई भन्ने स्थिति रहँदैन भन्ने तर्क गरिएको थियो । बिभागको पुराना रेकर्ड र खाता फाइल प्राय सबै जलेकोले पनि उनीहरूले नक्कली प्रमाणपत्र पेश गरेर पहिले स्वीकृति दिएको भन्दा बढी क्षमताको सञ्चालनको पेश गर्नसक्ने आशंका बढेको छ ।*

*बिभागले पनि सोहीअनुसारको रेकर्ड राख्ने संभावना पनि बढेको छ । जसको पछिल्लो उदाहरण मन्त्रालयअन्तर्गत विभागमा गरिएको कर्मचारीको व्यापक सरुवालाई आधार मान्न सकिन्छ । २०८२ असोज ६ गते पूर्वन्यायाधीशसमेत रहेका सिन्हालाई कानून, न्याय तथा संसदीय मामिला, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारी संहालेका थिए। लगत्तै उनले एक महिनापछि मन्त्रालयमातहत निकायमा ठूलो संख्यामा कर्मचारी फेरबदल गरेको जानकार स्रोत बताउँछ । मन्त्री सिन्हाकै निर्देशनमा नायब सुब्बादेखि उपसचिवस्तरका करिब १ सय ४२ कर्मचारीहरुको अन्तर निकाय सरुवा भइसकेको छ । मन्त्री सिन्हाले हाल उद्योग, वाणिज्य तथा आपूर्ति, कानून, न्याय तथा संसदीय मामिला, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयकोसमेत कार्यभार संहाल्दै आएका छन् । २०८२ पुष १४ गते सोमबार मन्त्री सिन्हाले उद्योग विभागका महानिर्देशकसहित सातजना सहसचिवको सरुवा गरेका थिए । जसमा बिभागको नेतृत्व गरेका सहसचिव ज्ञवालीले एक वर्ष अवधि पूरा गरिसकेका थिए । हालै नयाँ महानिर्देशकमा खटाइएका बस्नेत वरिष्ठ सहसचिव तथा योग्य मानिन्छन् । त्यसैले उनको सरुवालाई कर्मचारीले अस्वाभाविक रूपमा भने लिएका छैनन् ।*

*तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले उनलाई काठमाडौं जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाएका थिए । त्यसबखत उनले बिवादरहित ढंगले सेवाग्राहीलाई सेवा प्रदान गरेको भन्दै प्रशंसासमेत बटुलेका थिए । त्यसैले उनको बिभागमा गरिएको सरुवालाई लिएर खासै बिवाद छैन । तरपनि जटिल अवस्थामा बिभागको सेवालाई निरन्तरता दिन अहोरात्र खटिएका र मर्मत संभार पूरा नहुँदै डीजी ज्ञवालीको सरुवा किन गरियो भन्ने मात्र सवाल उठेको हो । उता, भरखरै मन्त्रालयमा सरुवा भएर आएका सहसचिव र अन्य कर्मचारीको पदस्थापन र आन्तरिक जिम्मेवारी बाँडफाँटको विषयमा भने मन्त्रालयभित्र असन्तुष्टि छाएको बताइन्छ ।*

*उद्योग विभागबाट तानेर ज्ञवालीलाई मन्त्रालयको द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखाको प्रमुखको जिम्मेवारी दिइएको छ । सहसचिवहरुका लागि यो महत्वपूर्ण महाशाखामा मान्निछ । सहसचिव हुमकला पाण्डेलाई प्रशासन तथा संस्थान समन्वयबाट बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखामा सरुवा गरिएको छ । २०८२ पुषको पहिलो हप्ता गृहबाट उद्योगमा भित्रिएका सहसचिव कल्पना श्रेष्ठलाई औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखाको जिम्मेवारीमा खटाएको छ ।*

*सार्वजनिक खरिद अनुगमन कार्यलयबाट सोही मन्त्रालयमा भित्रिएका रामबन्धु सुवेदीलाई औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखाको जिम्मेवारी दिइएको छ । गृहबाट उद्योगमा सरुवा भएका नेत्रप्रसाद सुवेदीलाई योजना, अनुगमन तथा मूल्यांकन महाशाखा र नारायणप्रसाद अर्याललाई भने प्रशासन तथा संस्थान महाशाखाको जिम्मेवारी तोकिएको छ ।*

# राष्ट्रिय सभा निर्वाचन : कांग्रेस र एमालेले के गर्लान् ?
# दलहरूले चुनावी तालमेल गरे १८ सिट कब्जा गर्ने

● **साँघु संवाददाता**

काठमाडौं । आगामी २०८२ फागुन २१ गतेदेखि राष्ट्रिय सभाका १९ जना सदस्यको पदावधि सर्किदैछ । जसमा २०७६ माघमा गरिएको निर्वाचनमा ६ वर्षे कार्यकालका लागि निर्वाचित १८ जना सदस्य रहेका छन् । फागुन २१ गते पदावधि सकिनेहरूमा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रपतिबाट मनोनित एक जना बामदेव गौतम रहेका छन् । एमालेका ८ जना सदस्यहरुको पदावधि सकिंदैछ। यसैगरी माओवादी केन्द्रका ७, एकीकृत समाजवादी, जसपा र लोसपाका एक-एक जना रहेका छन ।

पदावधि सकिने एमाले सांसदहरूमा इन्दिरा देवी गौतम, गोपाल भट्टराई, तुलसा कुमारी दाहाल, देवेन्द्र दाहाल, भगवती न्यौपाने, विमला घिमिरे, शारदा देवी भट्ट र सुमित्रा बीसी रहेका छन । माओवादी केन्द्रका गोपी बहादुर सार्की अछामी, गंगाकुमारी बेलवासे, जगप्रसाद शर्मा, तारामान स्वाँर, नारायणकाजी श्रेष्ठ, मायाप्रसाद शर्मा र राधेश्याम पासवान रहेका छन । एकीकृत समाजवादीबाट बेदुराम भुसाल, जसपाबाट मृगेन्द्रकुमार सिंह यादव र लोसपाबाट शेखर कुमार सिंहको रहेको बताइन्छ ।

कांग्रेसकोतर्फबाट भने पदावधि सकिने सांसदहरु कोही पनि छैनन् । निर्वाचन आयोगले फागुन २१ मा सकिने १९ सदस्यमध्ये निर्वाचित हुने १८ जनाका लागि निर्वाचन गर्न २०८२ माघ ११ गतेको मिति तोकेको छ। आयोगले निर्वाचनका लागि निर्वाचनस्थल प्रदेशका राजधानीहरु विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, घोराही, सुर्खेत र धनगढी तोकेको छ ।

त्यसका लागि निर्वाचन अधिकृत पनि ततजिल्लाका जिल्ला न्यायाधीशहरूलाई तोकिसकेको अवस्था छ । निर्वाचन आयोगकाअनुसार ०८२ पुस ८ गते विराटनगरमा भिष्मराज प्रसाईं, जनकपुरमा शुभाषबाबु पुरी, हेटौंडामा गीता श्रेष्ठ, पोखरामा हिमलाल बेल्वासे, घोराहीमा प्रकाश प्रसाद पण्डित, सुर्खेतमा दीपक ढकाल र धनगढीमा भूवनसिंह थापालाई निर्वाचन अधिकृत तोकेको बताइन्छ ।

**राष्ट्रिय सभा निर्वाचनमा मतदाता कति ?**

आयोगले राष्ट्रिय सभाको निर्वाचनका लागि प्रदेश सभाका मतदाता सदस्यहरू ५ सय ४५ जना रहेको जानकारी दिएको छ । गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख कुल १ हजार ४ सय ९८ जना गरी कुल मतदाता २ हजार ४३ जना रहेको जनाएको छ। प्रारम्भिक मतदाता नामावली ०८२ पुस ९ गते सार्वजनिक गरिसकेको छ। जसमा अदालतको आदेशबाट पदमुक्त भएको प्रदेश सभा सदस्य एक र निलम्बन भएका चारगरी ५ जनाको नाम भने आयोगले समावेश गरेको छैन ।

यस्तै स्थानीय तहका एक जनाको निधन भएको र ७ जना अदालतमा मुद्दा परेर निलम्बन भएका कारण ८ जनाको मतदाता नामावलीमा नाम समावेश नगरिएको आयोगले जनाएको छ । निर्वाचन आयोगले राष्ट्रिय सभा सदस्य निर्वाचन २०८२ का लागि ०८२ कार्तिक ३० गते निर्वाचन कार्यक्रमको सुचना प्रकाशित गरेको थियो । जसअनुसार आयोगले दल दर्ताको कार्य सम्पन्न गरिसकेको छ । पुस ८ गते निर्वाचन अधिकृत तोक्ने र ९ गते मतदाताहरूको प्रारम्भिक नामावली प्रकाशन गर्ने कार्यसमेत सम्पन्न भइसकेको छ ।

मतदाता नामावलीअनुसार हिजो पुस १९ गते बिहान १० देखि ११ बजेसम्म मतदाता नामावली टास गर्ने, दाबी विरोध र त्यसमाथि छानवीन गरी सच्चाउनका चार दिनको समय दिएको थियो । भोली २२ गते मंगलबार ३ देखि ४ बजेसम्म अन्तिम नामावली प्रकाशित गर्ने कार्यक्रम रहेको बताइन्छ । यसैगरी, यही बिहीवार २३ गते बिहान १० देखि दिउँसो ३ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने तालिका रहेको छ । पुस २४ गते बिहान १० देखि दिउँसो ४ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने कार्यतालिका छ । पुस २७ गते बिहान १० देखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने कार्यक्रम रहेको छ ।

सोही दिन दिउँसो १ बजेदेखि २ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम रहेको छ । पुस २८ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रदान गरिने र माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म सम्बन्धित मतदान केन्मा मतदान हुने कार्यक्रम रहेको बताइएको छ ।




**गठबन्धनको सम्भावना कति ?**

आगामी राष्ट्रिय सभाको निर्वाचनमा प्रमुख राजनीतिक दल कांग्रेस, एमाले र नेकपा बीचमा गठबन्धन हुने सम्भावना अधिक छ । स्थानीय तह र प्रदेश सभा सदस्यहरू मतदाता रहने राष्ट्रिय सभा निर्वाचनमा प्रमुख दलहरू कुन रणनीति अपनाएर चुनावमा जाने भनेर आन्तरिक तयारीमा जुटिरहेका छन । स्थानीय तहका जनप्रतिनिधि र प्रदेश सभा सदस्यहरू मात्र मतदाता रहने निर्वाचनका लागि मुख्य प्रतिस्पर्धामा नेपाली कांग्रेस-नेकपा एमाले र नवगठित नेपाली कम्युनिस्ट पार्टी नेकपा रहेका छन् ।

राष्ट्रिय सभाको १८ सदस्यका लागि हुने निर्वाचनमा कांग्रेस र एमालेले गठबन्धन गरि कांग्रेसले १० र एमालेले ८ सिट लिने गरि चुनावी तालमेल गर्ने सम्भावना छ । यसमा नेकपाले पनि कांग्रेससँग तालमेलका लागि प्रस्ताव राख्दै आएको छ। कांग्रेस र एमाले मिले भने १८ सिटमै यी दुई पार्टीले निर्वाचन जित्ने छन । कांग्रेस र नेकपा मिले भने १७ सिटसम्म ती दुईले जित्न सक्ने र एउटा सिटमा एमाले आउन सक्ने बताइन्छ ।

एमाले र नेकपाको भने गठबन्धन हुने कुनै सम्भावना देखिदैन । अहिलेको राजनीतिक माहोल हेर्दा राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस र एमालेकै गठबन्धन हुने र कांग्रेसले १० सिट र एमालेले ८ सिटमा तालमेल गर्ने अधिक सम्भावना छ । कांग्रेस र नेकपाबीच तालमेल भयो भने कांग्रेसले १२ र नेकपाले ६ सिटका लागि तालमेल गर्न सक्छन् । राष्ट्रिय सभाको आगामी निर्वाचनपछि गणितीय समीकरण फेरिन सक्छ ।

**राष्ट्रिय सभामा समीकरण फेरिने**

हाल राष्ट्रिय सभामा नेकपा माओवादी केन्को १८, नेपाली कांग्रेसको १६, नेकपा एमालेका ११ जना रहेका छन । नेकपा एकीकृत समाजवादीको ८, जसपाका ३ जना र जनमोर्चा एवं लोसपाको एक/एक सांसद रहेका छन । राष्ट्रपतिद्वारा मनोनित स्वतन्त्र सांसदको रूपमा वामदेव गौतम छन् । यसरी अहिले राष्ट्रिय सभामा नेकपासँग गौतमसहित २७ सांसद रहेका छन । यो निर्वाचन पछाडि ७ जना घटेर २० जनामा सिमित हुने बताइन्छ।

कांग्रेस र एमालेको गठबन्धन भएमा कांग्रेसको २६ र र एमालेको ११, सांसद हुँदा यो गठबन्धनको ३७ जना पुगेर राम्रो बहुमतमा पुग्नेछ । राष्ट्रिय सभामा कानुन पारित गर्न सहज हुने बताइन्छ । जसले राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस र एमाले मिल्ने सम्भावना रहेको छ। यदी कांग्रेसले एमालेसँग गठबन्धन गरी नेकपासँग मिलेमा एमाले ३ वा ४ सिटमा सिमित हुने अनुमान गरिएको छ। कांग्रेसको २८ सिट र नेकपाको २५ वा २६ सिट पुग्ने अडकलबाजी भइरहेको छ ।

स्थानीय तह र प्रदेश सभामा जनप्रतिनिधि नभएकाले रास्वपालगायतका दलले चुनाव लड्नसक्ने अवस्था छैन । राष्ट्रिय सभाको चुनावमा मुख्य प्रतिस्पर्धा कांग्रेस, एमाले र नेकपाबीचमै हुने बताइएको छ । मधेशकेन्ित दलहरूका कारण सो प्रदेशमा अंकगणित तलमाथि पार्न सक्ने बताइन्छ । मधेस केन्ित दलहरू गठबन्धन गर्ने मनस्थितिमा रहेपनि कोसँग गर्ने भन्नेमा अझै स्पष्ट भने भइसकेका छैनन । ठूला दलहरूमै अझै कोसँग गठबन्धन गर्ने दुविधामा रहेको जानकारस्रोत बताउँछ ।

**दलहरुको संवाद जारी**

राष्ट्रिय सभामा तालमेल नगरी ठुला तीन दल कांग्रेस, एमाले र नेकपाले आफ्नो पक्षमा अपेक्षाकृत परिणाम ल्याउन सक्ने देखिदैन । त्यसैले गठबन्धन गरी परिणाम आफ्नो पक्षमा तीन दलकाबीचमा संवाद जारी रहेको समाचारस्रोत बताउँछ। कोसँग कसरी गर्ने भन्ने सवालमा सहमति भने जुटिसकेको छैन । कांग्रेसले तल्ला तहबाट सिफारिस भएर आएका उम्मेदवारहरूका बारेमा मापदण्डलगायतका अन्य विषयमा पार्टीभित्र छलफल गरिरहेको स्रोतको भनाई रहेको छ ।

अझ नेपाली कांग्रेसमा नयाँलाई अवसर दिनुपर्छ भन्ने सुझाव केन्ीय कार्य सम्पादन समितिमा उठेको स्रोतको दाबी छ । त्यसमा योगदान भएका व्यक्तिहरू प्राथमिकतामा पर्ने बताइएको छ। एमालेले भने राष्ट्रिय सभाको चुनावका लागि कांग्रेससँग सहज गठबन्धन गर्न चाहेको बुझिएको छ । नेकपासँग भने कुरा मिल्ने छाँट नदेखिएको स्रोतको दावी छ । एमालेका अध्यक्ष केपी शर्मा ओलीले आफ्ना गुटका युवा तीन र बुढा पाँच जना नेताहरूलाई मिलाएर उम्मेदवार बनाउन खोजिरहेको बताइन्छ ।

गठबन्धन नगरी परिणाम आफ्नो हातमा नआउने एमाले नेताहरुले बुझिसकेका छन् । त्यही भएर राष्ट्रिय सभा निर्वाचनका लागि कांग्रेस र एमालेकाबिचमा निरन्तर संवाद भइरहेको स्रोत बताउँछ । उता, नेपाली कम्युनिष्ट पार्टीले पनि चुनावी तालमेल गर्ने विषयमा कांग्रेससँग छलफल र संवाद गरिरहेको खबर छ । तर, कसरी गर्ने भन्ने मोडालिटी भने टुंगो लागिसकेको छैन ।

नेकपा राष्ट्रिय सभाको १८ सिटमा कहींकतै निर्वाचन नजित्ने निश्चित भएकाले भागवण्डा गरेर भएपनि चुनाव जित्ने दाउमा राजनीतिक छलफलमा व्यस्त छ । तर, यसपाली राष्ट्रिय सभा निर्वाचनमा कांग्रेस र एमाले मिलेर १८ सिटनै कब्जा गर्ने सम्भावना चाहिं बढी छ । नेकपा, जसपा, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी भने बढारिने सम्भावना बढ्दैछ ।

गठबन्धन गर्दा प्रत्येक प्रदेशको प्रदेशको मतभार निकाली सकेको छ । अव उम्मेदवार र राजनीतिक दलको अवस्थाका बारेमा तय हुने र कुनै विवाद बिना काम सम्पन्न गर्ने तयारीमा लागेको छ। राष्ट्रिय सभाको निर्वाचनमा प्रदेश सभा सदस्यको ५३ र स्थानीय तहका जनप्रतिनिधिको मतभार १९ रहनेछ। त्यसैले प्रदेश सभा सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरूको मतपत्र नामावली र मत खसाल्न छुट्टाछुट्टै लाईन र मतपेटीका रहने आयोगले जनाएको छ ।

# आजको अस्थिर नेपाल र पृथ्वी नारायण शाहको दूरदृष्टि

# दिव्योपदेश : अस्तित्व र राज्यदर्शनको अमर दस्तावेज



**लोकबहादुर थापा मगर**
सहायक रथी(अप्रा.)

**पृथ्वी नारायण शाहको दिव्योपदेश नेपाली इतिहासको सबैभन्दा महत्वपूर्ण बौद्धिक धरोहरमध्ये एक हो । यो केवल जीवनको अन्त्यतिर दिएको नैतिक उपदेश होइन, बरु नेपालको अस्तित्व रक्षा, सार्वभौमिकता जोगाउने उपाय र भावी पुस्ताका शासक तथा नागरिकका लागि तयार गरिएको गहिरो राज्यदर्शन हो । दिव्योपदेशमा व्यक्त विचारहरू कुनै पुस्तक पढेर सिकिएका होइनन्, ती युद्धभूमि, दरबार, कूटनीतिक भेटघाट, व्यापारिक मार्ग, पहाडी भूगोल र जनमानसको व्यवहारबाट निस्किएका जीवन्त अनुभव हुन् ।**

दिव्योपदेशलाई बुझ्न पृथ्वी नारायण शाहलाई केवल विजेता राजा होइन, एक दीर्घदर्शी राज्यनिर्माता, यथार्थवादी कूटनीतिज्ञ र संवेदनशील समाजशास्त्रीका रूपमा बुझ्नुपर्छ । उनले जितेको भूभागभन्दा पनि उनले निर्माण गरेको राज्यदर्शन आजसम्म जीवित छ । यही कारणले दिव्योपदेश आज पनि राजनीतिज्ञ, कूटनीतिज्ञ, सुरक्षाकर्मी, प्रशासक र सामान्य नागरिकका लागि उत्तिकै सान्दर्भिक छ ।

**दुई ढुंगाबीचको तरुल:**
**यथार्थवादी भू–राजनीति**

दिव्योपदेशको सबैभन्दा चर्चित र गहिरो उपमा नेपाल दुई ढुङ्गाबीचको तरुल हो भन्ने कथन हो । यसलाई प्रायः भावनात्मक राष्ट्रवादी नाराका रूपमा लिइन्छ तर यसको सार रणनीतिक यथार्थवाद हो । पृथ्वी नारायण शाहले नेपाल सानो र कमजोर छ भनेर होइन, संवेदनशील र महत्त्वपूर्ण स्थानमा रहेको छ भनेर चेतावनी दिएका हुन् ।

तरुल बाँच्न ढुङ्गासँग ठोक्किँदैन, न त एक ढुङ्गातर्फ लड्छ । त्यो माटोमा गहिरो जरा गाडेर दबाबलाई सहन्छ र आफ्नो अस्तित्व जोगाउँछ । यही सिद्धान्त पृथ्वी नारायण शाहको परराष्ट्र सोचको आधार थियो । नेपाल न त उत्तरतर्फ पूर्ण निर्भर हुन सक्छ न त दक्षिणतर्फ पूर्ण झुक्न सक्छ । सन्तुलन नै अस्तित्वको आधार हो ।

आजको विश्व राजनीतिमा जब नेपाल ठूला शक्तिहरूको चासोको केन्द्र बन्दै गएको छ, दिव्योपदेशको यो चेतावनी अझै गहिरो अर्थ राख्छ । शक्ति सन्तुलन गुम्दा सानो राष्ट्र स्वतन्त्र निर्णय क्षमता गुमाउँछ भन्ने पाठ उनले समयमै दिएका थिए ।

**एकीकरण रणनीति:**
**युद्धभन्दा पहिले अर्थतन्त्र र मनोविज्ञान**

पृथ्वी नारायण शाहको एकीकरण रणनीति केवल सैन्य विजयमा आधारित थिएन । उनी युद्धलाई अन्तिम उपायका रूपमा प्रयोग गर्थे । उनको प्राथमिक रणनीति आर्थिक नियन्त्रण, आपूर्ति मार्ग अवरुद्ध गर्ने र मनोवैज्ञानिक दबाब सिर्जना गर्ने थियो ।

काठमाडौं उपत्यका जित्नु अघि उनले नुवाकोट, धादिङ, मकवानपुरजस्ता रणनीतिक स्थान नियन्त्रण गरे । यसले तिब्बतसँगको व्यापार मार्ग गोर्खाको नियन्त्रणमा आयो । जब उपत्यकाको अर्थतन्त्र कमजोर भयो, राजनीतिक शक्ति पनि स्वतः कमजोर बन्यो । यो रणनीति आजको भाषामा आर्थिक नाकाबन्दी र आपूर्ति श्रृंखला नियन्त्रणसँग तुलना गर्न सकिन्छ । यसबाट देखिन्छ कि पृथ्वी नारायण शाह युद्धप्रेमी होइन, रणनीतिप्रेमी थिए । उनले बुझेका थिए कि तलवारले जितिएको राज्य जनताको मन नजितेसम्म टिक्दैन ।

**आन्तरिक एकता:**
**बाह्य शत्रुभन्दा ठूलो चुनौती**

दिव्योपदेशमा बारम्बार देखिने चेतावनी आन्तरिक फूटप्रति हो । पृथ्वी नारायण शाहका लागि सबैभन्दा ठूलो खतरा विदेशी सेना होइन, आन्तरिक कलह थियो । दरबारको षड्यन्त्र, स्वार्थी अभिजात वर्ग र भ्रष्टाचारले राज्यलाई भित्रैबाट सखाप पार्छ भन्ने उनको बुझाइ थियो ।



> **दिव्योपदेशको आर्थिक दृष्टिकोण समयभन्दा धेरै अगाडि थियो । पृथ्वी नारायण शाह विदेशी व्यापारीको अनियन्त्रित प्रभावप्रति सचेत थिए । विलासी आयात, धनको बाहिरिने प्रवृत्ति र विदेशी निर्भरता राष्ट्रका लागि घातक हुन्छ भन्ने उनले स्पष्ट भनेका छन् । उनको नीति बन्द अर्थतन्त्र होइन, राष्ट्रिय हितअनुकूल नियन्त्रित व्यापार थियो । आर्थिक स्वतन्त्रता बिना राजनीतिक स्वतन्त्रता सम्भव हुँदैन भन्ने उनको बुझाइ आज पनि उत्तिकै सान्दर्भिक छ ।**

गोर्खालाई शक्तिशाली बनाउनु अघि उनले गोर्खाभित्र अनुशासन स्थापना गरे। निष्ठावान् सेवकलाई सम्मान र विश्वासघातीलाई दण्ड दिइयो । यसले राज्यप्रति उत्तरदायित्वको संस्कार विकास गर्‍यो । आजको नेपालमा देखिने राजनीतिक अस्थिरता, दलभित्रको गुटबन्दी र सत्ता स्वार्थको राजनीति दिव्योपदेशको यही चेतावनीसँग प्रत्यक्ष मेल खान्छ ।

**संस्कृति र धर्मः शासनको नैतिक आधार**

एकीकरणपछि पृथ्वी नारायण शाहले मन्दिर तोडेनन्, संस्कृति मेटाएनन्, स्थानीय परम्परा दबाएनन् । बरु उनले तिनलाई संरक्षण गरे । यो धार्मिक कट्टरता होइन, राजनीतिक विवेक थियो । जनताको आस्था जोगाएर उनले राज्यप्रति विश्वास कायम गरे । दिव्योपदेशमा धर्मको सम्मान, पुजारीको संरक्षण र सामाजिक सन्तुलनको चर्चा बारम्बार आउँछ । यसले देखाउँछ कि राज्य बलको प्रयोगबाट होइन, वैधताबाट चल्छ । आजको बहुजातीय, बहुभाषिक र बहुधार्मिक नेपालमा यो सन्देश अत्यन्तै महत्वपूर्ण छ ।

**आर्थिक आत्मनिर्भरता:**
**राजनीतिक स्वतन्त्रताको आधार**

दिव्योपदेशको आर्थिक दृष्टिकोण समयभन्दा धेरै अगाडि थियो । पृथ्वी नारायण शाह विदेशी व्यापारीको अनियन्त्रित प्रभावप्रति सचेत थिए । विलासी आयात, धनको बाहिरिने प्रवृत्ति र विदेशी निर्भरता राष्ट्रका लागि घातक हुन्छ भन्ने उनले स्पष्ट भनेका छन् । उनको नीति बन्द अर्थतन्त्र होइन, राष्ट्रिय हितअनुकूल नियन्त्रित व्यापार थियो । आर्थिक स्वतन्त्रता बिना राजनीतिक स्वतन्त्रता सम्भव हुँदैन भन्ने उनको बुझाइ आज पनि उत्तिकै सान्दर्भिक छ ।

**विदेश नीतिः**
**पाहुना स्वागत, प्रभुत्व अस्वीकार**

पृथ्वी नारायण शाह विदेशीहरूप्रति विरोधी थिएनन् । उनले व्यापार, कूटनीति र धार्मिक सम्पर्क स्वीकारे । तर, राजनीतिक हस्तक्षेप र प्रभुत्व स्वीकार गरेनन् । इस्ट इण्डिया कम्पनीप्रति उनको शंका इतिहासले सही साबित गर्‍यो । आजको सन्दर्भमा यो शिक्षा झन् महत्वपूर्ण छ, जहाँ सहायता, लगानी र कूटनीतिक दबाब एकसाथ आउँछन्।

**सेना र शासनः**
**शक्ति र नैतिकताको सन्तुलन**

दिव्योपदेशमा सेना अनुशासनको प्रतीक हो । सैनिकले जनतालाई लुट्नु हुँदैन भन्ने स्पष्ट निर्देशन दिइएको छ । शक्ति जब नैतिकताबाट अलग हुन्छ, राज्य कमजोर हुन्छ भन्ने चेतावनी यहाँ निहित छ ।

**नेतृत्वको दर्शनः सेवा र त्याग**

पृथ्वी नारायण शाहका लागि राजा हुनु सुविधा होइन, जिम्मेवारी थियो । विलास, घमण्ड र जनताबाट दूरी शासकको पतनको कारण हुन्छ भन्ने चेतावनी उनले उत्तराधिकारीलाई दिए । आजको लोकतान्त्रिक सन्दर्भमा पनि नेतृत्व सेवा र उत्तरदायित्वमै आधारित हुनुपर्छ भन्ने सन्देश अत्यन्त सशक्त छ ।

**दिव्योपदेश आज किन अझै सान्दर्भिक छ**

नेपाल आज पनि बाह्य दबाब, आन्तरिक विभाजन, आर्थिक निर्भरता र पहिचानको बहसमा अल्झिएको छ । दिव्योपदेश समाधानको सूची होइन, सोच्ने तरिका हो । यसले विवेक, सन्तुलन र दीर्घकालीन दृष्टि सिकाउँछ ।

**निष्कर्षः दिव्योपदेश नेपाली राज्यचेतनाको मेरुदण्ड**

दिव्योपदेश राजतन्त्रको स्मारक होइन, नेपालको रणनीतिक चेतनाको मेरुदण्ड हो । पृथ्वी नारायण शाहको एकीकरण केवल भूगोलको विस्तार थिएन, इतिहास सामना गर्न सक्ने राज्य निर्माण थियो । यही कारण दिव्योपदेश आज पनि जीवित छ र भविष्यमा पनि मार्गदर्शक रहनेछ ।

*लेखक परिचयः ब्रिगेडियर जनरल लोकबहादुर थापा मगर (सेवानिवृत्त) नेपाली सेनाका पूर्व अधिकृत तथा दक्षिण एसियाली भू-राजनीति र अन्तर्राष्ट्रिय सम्बन्धका अनुसन्धानकर्ता हुन् । फोनः +९७७ ९८५१०७३४७७ । इमेलः thapalok53@gmail.com*

# किन कञ्जुस्याइँ भइरहेको छ, सेनाको स्वास्थ्य र शिक्षामा ?

# सैनिकको उपचार जटिलतालाई सहज बनाउन सकिँदैन ?


**श्रीमान् प्रधान सेनापतिज्यू, सादर नमस्कार ।**

**साँघु साप्ताहिक पत्रिकामार्फत मेरा केही भावना तथा नेपाली सेनाको सुधारसँग सम्बन्धित विषयहरू हजुरसमक्ष प्रस्तुत गर्ने जमर्को गरेको छु । कुनै त्रुटि भए क्षमाप्रार्थी छु ।**

**आजको परिवेशमा देशको एक मात्र संगठित संस्था नेपाली सेना प्रायः सम्पूर्ण नेपाली जनताद्वारा मात्र होइन, विश्वका धेरै मुलुकहरूबाट पनि प्रशंसायोग्य ठहरिनु भनेको सम्पूर्ण सैनिक नेतृत्व र हामी सबै सैनिकहरूको कर्तव्यनिष्ठा, इमान्दारी र बलिदानकै परिणाम हो । तर, कमाण्डरको एक आदेशमा आफ्नो जीवनको आहुति दिन सधैं तत्पर रहने सैनिकहरूको आर्थिक अवस्था दिनप्रतिदिन कमजोर हुँदै जानु संस्थाका लागि मात्र होइन, देशकै लागि दुःखद विषय हो ।**

करिब लगभग एक खर्ब रुपैयाँको सैनिक कल्याणकारी कोष हाम्रो रगत र पसिनाबाट सिर्जित हो । तर, त्यही कोषले आज हाम्रो सकसपूर्ण दैनिकीलाई गिज्याइरहेको अनुभूति हुनु भनेको स्वास्थ्य, शिक्षा र अवकाशप्राप्त सैनिकहरूको रोजगारीमा समयसापेक्ष ध्यान नपुगेको यथार्थ हो, जुन सम्पूर्ण भूतपूर्व सैनिकहरूले मनन गरिरहेका छन् ।

यदि कुल बजेटको कम्तीमा २० प्रतिशत रकम स्वास्थ्य, शिक्षा र रोजगारीमा लगानी गर्ने नीतिगत निर्णय गरिएको भए, हामीजस्ता न्यून आय भएका भूतपूर्व सैनिकहरू आफ्नो जवानी बेच्न अरबको तातो बालुवामा जान बाध्य हुने थिएनौं । मासिक १५-१६ हजार रुपैयाँको पेन्सन, अर्थात् दिनको करिब पााच सय रुपैयाँले परिवारको चुल्हो बल्नु, शिक्षा र स्वास्थ्य सहज हुनु सम्भव छैन ।



कठोर अनुशासन र देशप्रेमको भावना बोकी निश्चित समय मातृभूमिको सेवामा जीवन अर्पण गरेका हामी आफ्नै रगत-पसिनाबाट सिर्जित खर्बौंको कोष कति भयो भनेर औंला गन्नुपर्ने अवस्था हुनु दुःखद हो । नेपालका केही वित्तीय संस्था, इन्स्योरेन्स र फाइनान्समा कार्यरत व्यक्तिहरूले आफ्ना संस्थाबाट विभिन्न शीर्षकमा करोडौं

**चिठ्ठी-पत्र**
E-mail : sanghuweekly@gmail.com, gopaldai1@gmail.com

रुपैयाँ न्यून ब्याजदरमा ऋण लिएर आफ्नो जीवनस्तर उच्च बनाउन सफल भएका छन् । तर विडम्बना, नेपाली सेनाका जवानहरू आफ्नै खर्बौंको बजेटबारे समाचारमा सुन्न मात्र विवश छन् ।

कल्याणकारी कोषबाट लगानी नभएको होइन । तर आजको आवश्यकता र आकांक्षालाई ध्यानमा राख्दा जम्मा २-४ प्रतिशत लगानीले सैनिकहरूको जीवनस्तरमा उल्लेखनीय सुधार सम्भव देखिँदैन ।

**श्रीमान् सेनापतिज्यू,**

वर्षेनी कल्याणकारी कोष अर्बौंले वृद्धि हुँदै जाने तर आश्रित परिवारको उपचार सुविधामा कटौती हुँदै जानु कुन सिद्धान्तसँग मेल खान्छ ? केही वर्षअघि सैनिकका सम्पूर्ण छोराछोरीले उपचार पाउने व्यवस्था थियो, तर हाल दुई जनालाई मात्र सीमित गरिएको छ । के यो बााच्न पाउने मौलिक हकमाथि ध्यान नदिएको अवस्था होइन ?

फेरि सैनिक अस्पतालबाट अन्य अस्पतालमा रेफर गरिएका उपचार खर्चको बिल उपलब्ध नगराइनु झनै अन्योलपूर्ण छ । आफ्नै डाक्टरको सिफारिसमा बाहिर उपचार गर्दा पनि त्यो खर्च उपयोग गर्न नपाउनु कत्तिको न्यायसंगत हो ? दुई जनामा सीमित गर्नुको साटो कम्तीमा परिवारभित्रका इच्छाएका ६ जनासम्मलाई उपचार सुविधा उपलब्ध गराउने नीति ल्याइएमा सैनिक परिवारका उपचारसम्बन्धी जटिलताहरू धेरै हदसम्म सहज हुने थिए ।


शिक्षा क्षेत्रमा व्यापक व्यापारीकरण भइरहेको वर्तमान अवस्थामा, कल्याणकारी कोषबाट इम्प्यानल स्कुलमार्फत सैनिकका छोराछोरीमध्ये एक जनाको सम्पूर्ण शुल्क व्यहोर्दै आएको व्यवस्था यस वर्षदेखि घटाएर वार्षिक जम्मा २५ हजार रुपैयाँ मात्र उपलब्ध गराउने परिपत्र जारी गरिएको जानकारी प्राप्त भएको छ । अघिल्ला वर्षहरूमा मासिक शुल्क भुक्तानी हुँदै आएको अवस्थामा अचानक यस्तो कटौती किन आवश्यक पर्‍यो ?

कुनै विद्यालयमा शुल्क बढी होला, कुनैमा कम । तर इम्प्यानल स्कुलसँग भएको सम्झौताको आधारमा जुन स्कुलमा जति शुल्क लाग्छ, त्यति नै रकम कल्याणकारी कोषबाट भुक्तानी गर्ने व्यवस्था कायम राखी सैनिक परिवारलाई हौसला प्रदान गरिनु उचित देखिन्छ । साथै, सम्पूर्ण सैनिकका छोराछोरीलाई आफ्नै सैनिक विद्यालयमा बिनाप्रतिस्पर्धा अध्ययन गर्न पाउने दीर्घकालीन मार्गचित्र तयार गरियोस् भन्ने अपेक्षा राख्दै प्रधान सेनापतिज्यू समक्ष यी भावना प्रस्तुत गरेको छु । धन्यवाद ।

*भवदीय,*
*पत्र प्रेषक*
*(अवकाशप्राप्त सैनिक)*

## स्वास्थ्य/घरेलु उपचार

# पेटको स्वास्थ्य र मनको सन्तुलन : आन्द्राले असर गर्ने मानसिक अवस्था



*पछिल्ला स्वास्थ्य अनुसन्धानहरूले मानव शरीरको आन्द्रा र मानसिक स्वास्थ्यबीच गहिरो सम्बन्ध रहेको पुष्टि गरेका छन् । मानव आन्द्रामा रहेका करोडौं सूक्ष्म जीवाणुले पाचन मात्र होइन, मस्तिष्कको काम, मनोदशा, तनाव र निद्रासमेत प्रभावित गर्छन् । यस सम्बन्धलाई वैज्ञानिकहरूले आन्द्रा-मस्तिष्क सम्बन्ध प्रणालीका रूपमा व्याख्या गरेका छन् ।*

*विश्वका प्रतिष्ठित चिकित्सा विश्वविद्यालयहरूद्वारा गरिएको अध्ययनअनुसार आन्द्राको जीवाणु असन्तुलन हुँदा चिन्ता, उदासी, तनाव र स्मरणशक्ति कमजोर हुने समस्या देखिन सक्छ । त्यसैले मानसिक स्वास्थ्यलाई केवल मस्तिष्कको विषय होइन, सम्पूर्ण शरीरसाग जोडिएको अवस्था मान्न थालिएको छ । नेपाली सन्दर्भमा हेर्दा, परम्परागत किण्वित आहारले आन्द्राको स्वास्थ्यमा ठूलो योगदान पुर्‍याएको पाइन्छ । गुन्द्रुक, सिन्की, ढिंडो, मस्यौरा, दही र मोहीजस्ता खानेकुरा उपयोगी जीवाणुका स्रोत हुन् । गाउँघरमा सामान्य मानिने यी आहार आज आधुनिक विज्ञानले औषधिसरह प्रभावकारी मानेका छन् ।*

*आजको शहरी जीवनशैलीमा अत्यधिक चिल्लो, तयारी खाना र चिनीको प्रयोग बढ्दा आन्द्राको प्राकृतिक सन्तुलन बिग्रँदै गएको छ । यसको प्रत्यक्ष असर मानसिक स्वास्थ्यमा देखिन थालेको चिकित्सकहरूको भनाइ छ । त्यसैले नियमित समयमा सन्तुलित भोजन, प्रशस्त पानी, मौसमी सागसब्जी र रैथाने अन्नको प्रयोग आवश्यक मानिन्छ ।*

*विश्व स्वास्थ्य संगठनले पनि मानसिक स्वास्थ्य सुधारका लागि पोषण, शारीरिक गतिविधि र जीवनशैली सुधारलाई महत्त्वपूर्ण आधार मानेको छ । यसले बज्याबाजेले अपनाएको सरल खानपान र आजको विज्ञानबीच गहिरो सम्बन्ध रहेको देखाउँछ ।*

# मस्त निद्रा : शरीरको आराम मात्रै होइन मस्तिष्क सफा गर्ने प्राकृतिक प्रक्रिया



*निद्रालाई लामो समयसम्म थकान मेट्ने साधनका रूपमा मात्र बुझिदै आएको थियो। तर आधुनिक स्नायु विज्ञानले निद्राको समयमा मस्तिष्क आफैं सफा हुने प्रक्रिया सक्रिय हुने प्रमाणित गरेको छ । यस प्रक्रियाले मस्तिष्कमा जम्मा भएका विषाक्त पदार्थ हटाउन सहयोग गर्छ ।*

*वैज्ञानिक अध्ययनअनुसार गहिरो निद्राको बेला मस्तिष्कका कोषिकाबीचको खाली स्थान बढ्छ, जसले स्मरणशक्ति कमजोर बनाउने हानिकारक तत्व हटाउँछ । यदि यो प्रक्रिया नियमित रूपमा हुन पाएन भने बुढ्यौलीसँग सम्बन्धित स्नायु रोगको जोखिम बढ्न सक्छ । नेपाली समाजमा पहिले सुत्ने, बिहानै उठ्ने बानी सामान्य थियो। खेतबारी, पशुपालन र प्राकृतिक प्रकाशअनुसारको दिनचर्याले शरीरलाई प्राकृतिक लयमा राख्थ्यो । तर, अहिले मोबाइल, टेलिभिजन र अनियमित जीवनशैलीले निद्राको गुणस्तर घटाउादै लगेको छ ।*

*राति ढिलोसम्म मोबाइल हेर्ने, चिया कफी बढी पिउने र तनावयुक्त जीवनशैलीले निद्रामा प्रत्यक्ष असर पार्छ । चिकित्सकहरूका अनुसार वयस्क व्यक्तिले नियमित रूपमा सातदेखि आठ घण्टा गुणस्तरीय निद्रा लिनु आवश्यक छ ।*

*नेपाली परम्परामा बेलुकी हलुका भोजन, तातो दूध, जडीबुटीजन्य झोल र समयमै सुत्ने चलन वैज्ञानिक दृष्टिले पनि उपयुक्त देखिन्छ । निद्रालाई आलस्य होइन, रोगबाट बचाउने प्राकृतिक औषधिका रूपमा बुझ्न थालेपछि जीवनशैलीमा सकारात्मक परिवर्तन सम्भव हुन्छ ।*

# तपाईं हिंडडुल गर्नुस् दीर्घजीवी बन्नुस् : नेपाली जीवनशैलीको वैज्ञानिक पुष्टि

*आधुनिक स्वास्थ्य अनुसन्धानहरूले नियमित हिंडडुल नै दीर्घायुको सबैभन्दा सरल र प्रभावकारी उपाय भएको प्रमाणित गरेका छन् । दैनिक सामान्य चालमा हिंड्ने व्यक्तिमा मुटुरोग, मधुमेह, उच्च रक्तचाप र मानसिक तनावको जोखिम उल्लेखनीय रूपमा कम हुने देखिएको छ ।*

*विश्व स्वास्थ्य संगठनका अनुसार नियमित शारीरिक गतिविधिले शरीरको प्रतिरक्षा शक्ति बढाउँछ र समयपूर्व मृत्युको सम्भावना घटाउँछ । विशेषगरी दिनमा केही हजार पाइला हिंड्नु नै पर्याप्त लाभदायी हुने निष्कर्ष निकालिएको छ । नेपाली ग्रामीण जीवनशैलीमा हिंडडुल स्वाभाविक अभ्यास थियो । पानी लिन, घाँस दाउरा गर्न, बजार जान वा आफन्त भेट्न हिंड्नु दैनिक जीवनको हिस्सा थियो । यही कारण पुराना पुस्तामा सक्रियता र सहनशक्ति देखिन्थ्यो ।*




*आज शहर केन्द्रित जीवनशैलीमा सवारी साधनमा निर्भरता बढ्दा हिंडडुल घट्दै गएको छ । यसको असर मोटोपन, मधुमेह र मुटु रोगको वृद्धि रूपमा देखिन थालेको छ। चिकित्सकहरू भन्छन्, महँगो व्यायामशाला वा उपकरण बिना नै नियमित हिंडाइ स्वास्थ्य सुधारको आधार हो ।*

*बिहान वा साँझ खुला ठाउँमा केही समय हिंड्ने, सिंढी प्रयोग गर्ने र छोटो दूरीमा सवारी नचलाउने बानीले दीर्घकालीन स्वास्थ्य लाभ दिन सक्छ । आधुनिक विज्ञानले पुष्टि गरेको यो सत्य वास्तवमा नेपाली परम्परागत जीवनशैलीकै निरन्तरता हो ।*

# संविधानले राष्ट्रपतिलाई कुनै अधिकार दिएकै छैन

# संविधान संशोधन अत्यन्त जरूरी छ

# यही अवस्थामा मुलुक अगाडि बढ्न सक्दैन



**श्याम घिमिरे**
**निवर्तमान सांसद एवं नेता, नेपाली काँग्रेस**

*(घिमिरे बिघटित प्रतिनिधि सभामा नेपाली काँग्रेस पार्टी संसदीय दलका तर्फबाट प्रमुख सचेतकको भूमिकामा रहनुभएको थियो । ०७९ मंसिरमा सम्पन्न आम निर्वाचनमा उहाँलाई सिन्धुली क्षेत्र नं. १ का जनताले प्रत्यक्ष रूपमा निर्वाचित गरी संघीय संसदमा पठाएका थिए ।*

*०८२ भदौ २३ र २४ गतेको जेन-जी विद्रोहका कारण राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधि सभा विघटन गर्दै पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीलाई अन्तरिम सरकारको प्रधानमन्त्री नियुक्त गर्नुभएको छ । त्यसपछि कार्की नेतृत्वको सरकारलाई राष्ट्रपति पौडेलले ६ महिनाभित्र, अर्थात् आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन गर्ने म्यान्डेट दिनुभएको छ । सोहीअनुसार मुलुकका अधिकांश राजनीतिक दलहरू यतिखेर आगामी चुनावी माहोलमा जुटिसकेका छन् । तर, निवर्तमान सांसद घिमिरे भने प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा परेको रिट निवेदनको तत्काल सुनुवाइ भई संसद पुनःस्थापना हुनुपर्नेमा जोड दिँदै आउनुभएको छ ।*

*नेपाली काँग्रेसभित्र यतिखेर विशेष महाधिवेशन कि नियमित महाधिवेशन भन्ने विषयमा पार्टी पदाधिकारीहरूबीच एकमत हुन नसकेर विभाजित अवस्थामा पुगेको छ । पार्टी महाधिवेशन, घोषित आगामी प्रतिनिधि सभा निर्वाचन, मुलुकको भावी राजनीति, वर्तमान अन्तरिम सरकारको वैधताजस्ता विविध विषयमा केन्द्रित रही साँघु साप्ताहिक का लागि रामहरी चौलागाईंले घिमिरेसँग गरेको कुराकानीको सम्पादित अंशः)*

**० संसद पुनःस्थापना र आगामी निर्वाचनको अन्योलता कायमै रहँदा राजनीतिक दलहरूले प्रत्यक्षतर्फको समानुपातिक बन्दसूची निर्वाचन आयोगमा पेस गरिसकेका छन् । यसलाई तपाईंले कसरी लिनुभएको छ ?**

वर्तमान अन्तरिम सरकारको गठन र संसद विघटन प्रक्रिया पूर्ण रूपमा असंवैधानिक र अलोकतान्त्रिक छ भन्ने मेरो स्पष्ट धारणा छ । नेपालको संविधानले प्रधानमन्त्री नियुक्तिका लागि धारा ७६ बाहेक अन्य कुनै व्यवस्था गरेको छैन । धारा ७६ का उपधारा (१) देखि (५) सम्मका प्रक्रियाबाट मात्रै प्रधानमन्त्री नियुक्त हुन सक्छ । तर, यी संवैधानिक व्यवस्थालाई बेवास्ता गर्दै धारा ६१ को उपधारा (४) को आधारमा अन्तरिम प्रधानमन्त्री नियुक्त गरिएको छ ।

उक्त धाराले राष्ट्रपतिलाई प्रधानमन्त्री नियुक्त गर्ने कुनै अधिकार दिँदैन । त्यसकारण वर्तमान सरकारको गठन संविधानविपरीत रहेको ठहर नेपाली काँग्रेसको छ ।

**० राष्ट्रपतिले नै पूर्व प्रधान न्यायाधीशलाई प्रधानमन्त्री नियुक्ति गरेको र त्यसपछि संसद् विघटन गरिएको विषयलाई तपाईं कसरी असंवैधानिक भन्नुहुन्छ ?**

नेपालको संविधानअनुसार सर्वोच्च अदालतका न्यायाधीश वा प्रधान न्यायाधीश भइसकेको व्यक्ति मानव अधिकार आयोगबाहेक अन्य कुनै पनि सरकारी लाभको पदमा बस्न पाउँदैन । त्यसैले संविधान संशोधन नगरी प्रधान न्यायाधीशलाई प्रधानमन्त्री नियुक्त गर्न मिल्दैन । यस्तो नियुक्ति नै प्रारम्भदेखि असंवैधानिक हो ।

असंवैधानिक रूपमा नियुक्त प्रधानमन्त्रीले संसद् विघटन सिफारिस गर्दा मन्त्रिपरिषद् गठन नगरी एकल रूपमा सिफारिस गर्नुभएको छ । संसद् विघटनका लागि संविधानका कुनै पनि धाराको स्पष्ट आधार नदिइएको सिफारिस गम्भीर संवैधानिक त्रुटि हो ।

यसअघि सर्वोच्च अदालतले दुईपटकसम्म संसदबाट सरकार गठन हुनसक्ने अवस्था रहँदासम्म विघटन गर्न नपाइने स्पष्ट नजीर स्थापित गरिसकेको छ । सो नजीरविपरीत गरिएको विघटन भएकाले वर्तमान सरकारको गठन र संसद् विघटन प्रक्रिया पूर्ण रूपमा असंवैधानिक र अलोकतान्त्रिक रहेकोमा दुईमत हुन सक्दैन ।

**० असंवैधानिक प्रक्रियाबाट सरकार गठन भएको भन्दै गर्दा निर्वाचन आयोगमा समानुपातिक बन्दसूची बुझाइसक्नुभयो नि ?**

यसको अन्तिम निर्णय सर्वोच्च अदालतले नै गर्ने हो । संविधानको व्याख्या गर्ने अधिकार न्यायालयकै भएकाले हामी सर्वोच्चमा रिट निवेदन दर्ता गरी ढोका ढकढकाइरहेका छौं । मुद्दाको फैसला आउन बाँकी नै छ ।

सरकारको निर्देशनमा निर्वाचन आयोगले निर्वाचन प्रक्रिया अगाडि बढाइरहेको छ । गएको १३ र १४ गते समानुपातिक सूची बुझाउने म्याद थियो र नेपाली काँग्रेसले पनि दल दर्ता गरी सूची बुझाइसकेको छ ।

आगामी फागुन २१ गतेका लागि घोषणा गरिएको प्रतिनिधि सभा निर्वाचन प्रक्रियामा सहभागी हुनु अहिले अपरिहार्यजस्तै छ । सर्वोच्च अदालतलाई संविधानको अन्तिम व्याख्याता मानिएकाले संसद पुनःस्थापना अदालतको निर्णयमै निर्भर रहनेछ । निर्णय नआउन्जेलसम्म प्रक्रियामा सहभागी हुनु पनि पर्‍यो । निर्वाचन प्रक्रियामा सहभागिता जनाउँदै पुनःस्थापनासम्बन्धी मुद्दा निरन्तर अघि बढाइरहेका छौं ।

**० तपाईंको दृष्टिकोणमा घोषित आगामी निर्वाचन हुने सम्भावना कत्तिको छ ? विकल्पमा जान किन खोज्नुभएन ?**

यस विषयमा अहिले नै निश्चित रूपमा भन्न सकिने अवस्था छैन । सम्पूर्ण निर्णय सर्वोच्च अदालतको हातमा छ । अदालतले पुनःस्थापनाको निर्णय गर्‍यो भने मुलुकको राजनीति नयाँ कोर्सबाट अघि बढ्नेछ ।

यदि अदालतले पुनःस्थापना सम्भव नभएको निर्णय गर्‍यो भने मात्रै निर्वाचन हुनेछ । निर्वाचन बहिष्कार गर्ने अवस्था छैन । नेपाली काँग्रेस लोकतान्त्रिक पार्टी भएकाले लोकतान्त्रिक विधिबाट भाग लिनु हाम्रो कर्तव्य हो । निर्वाचन बहिष्कार हाम्रो विकल्प होइन । हामी निर्वाचन प्रक्रियामा सहभागी हुँदै असंवैधानिक कदमविरुद्ध अदालत गएको छौं ।

**० यही पुस महिनामा नेपाली काँग्रेसले विशेष महाधिवेशन गर्ने चर्चा चलेको थियो, तर अहिले मत्थर भएको हो ?**

विशेष महाधिवेशन हुने-नहुने विषय अहिलेसम्म टुंगोमा पुगेको छैन । पार्टी विधानअनुसार चार वर्षमा महाधिवेशन हुने व्यवस्था छ । यो अवधि तल्लो तहदेखि माथिल्लो तहसम्मको गणनाअनुसार हुन्छ ।

चार वर्षको अवधि समाप्त भइसकेकाले अब नियमित महाधिवेशनमै जानुपर्ने अवस्था छ । विधानले केन्द्रीय समितिलाई एक वर्षसम्म अवधि थप गर्ने अधिकार दिएको छ । यसको प्रयोग गरी सीमित समयका लागि अवधि थप गर्न सकिन्छ, तर विशेष महाधिवेशनका रूपमा होइन, नियमित महाधिवेशनकै लागि । मुलुकको राजनीतिक परिस्थितिअनुसार समय केही तलमाथि गर्दै अघि बढ्नुपर्छ ।

**० विशेष महाधिवेशन नहुने संकेतपछि पार्टीका महामन्त्रीद्वयले आगामी निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गर्नुभएको छ, अर्कातिर महामन्त्रीद्वयले विशेष महाधिवेशनको तयारी गरिरहेको पनि चर्चा छ । यसलाई तपाईं कसरी लिनुहुन्छ ?**

सवाल ठ्याक्कै त्यस्तो होइन । आदरणीय महामन्त्री विश्वप्रकाशजीले आगामी निर्वाचन नलड्ने कुरा गर्नुभएको हो, तर कुनै शर्त भने राख्नुभएको छैन । अर्का महामन्त्री गगनजीले आफ्नो व्यक्तिगत प्रस्ताव राख्नुभएको हो, जुन उहाँको स्वेच्छामा आधारित छ ।

व्यक्तिगत रूपमा मैले पनि चुनाव लड्ने-नलड्ने अधिकार आफूमा सुरक्षित रहेको ठान्छु । उहाँहरू दुवैले राख्नुभएको प्रस्ताव व्यक्तिगत अधिकारभित्रको विषय हो भन्ने मेरो बुझाइ छ ।

**० संसदीय व्यवस्थामा संसदका प्रमुख राजनीतिक शक्तिहरू मिलेर सरकार सञ्चालन गर्नु गलत थियो, त्यसैले अहिलेको परिस्थिति निम्तिएको हो भनिँदैछ । यसमा कत्तिको सत्यता देख्नुहुन्छ ?**

म यसमा सहमत छैन । वास्तविकता त्यस्तो होइन । मुलुकको संविधानमा शासकीय स्वरूप र निर्वाचन प्रणाली यस्तो राखिएको छ कि कुनै पनि पार्टीले सहज रूपमा निर्वाचनमार्फत एकल बहुमत प्राप्त गर्ने सम्भावना कम हुन्छ । त्यसैले सरकार गठनका लागि कुनै न कुनै दलसँग गठबन्धन गर्नु अपरिहार्य छ ।

पाँच-सात दल मिलेर सरकार बनाउँदा जटिलता बढ्ने र दुईवटा ठूला राजनीतिक शक्ति मिलेर अघि बढ्दा राजनीतिक स्थिरता हुन्छ भन्ने दृष्टिले त्यो कदम चालिएको थियो । तेस्रो शक्तिसँग मिलेर जाँदा पनि केही चटकपूर्ण कदमहरूले परिस्थितिमा प्रभाव पारेकै थिए । तर, ठूला राजनीतिक शक्ति मिल्नु नै गलत थियो भन्ने पक्षमा म छैन ।

**० नेकपा एमाले नेतृत्वको सरकारले चालेका गलत कदम र विवादास्पद निर्णयमा कांग्रेसले अडान नलिएको परिणामस्वरूप जेन-जी विद्रोहको अवस्था आएको बताइँदैछ । आगामी निर्वाचन पनि मिलेर लड्ने हो कि ?**

यो सत्य होइन । संसदीय अभ्यासमा प्रधानमन्त्रीका निर्णय नै महत्वपूर्ण र निर्णायक मानिन्छन् । नेपाली कांग्रेस संसदीय अभ्यासलाई सिद्धान्तका रूपमा मान्ने पार्टी हो । त्यसैले प्रधानमन्त्रीप्रति विश्वास राखेर हामी अघि बढेका थियौं ।

जहाँसम्म आगामी प्रतिनिधि सभा निर्वाचनमा मिलेर जाने विषय छ, त्यसबारे कुनै सहमति भएको छैन । तर, संसदीय अभ्यास भएका मुलुकहरूमा गठबन्धन गरेर चुनाव लड्ने प्रचलन र संस्कृति भने छ । उदाहरणका लागि छिमेकी मुलुक भारतमा बलियो पार्टी भाजपाले पनि गठबन्धन गरेर चुनाव लड्दै आएको छ ।

त्यसैले कांग्रेसले एकल वा गठबन्धन गरेर चुनाव लड्ने अधिकार राख्छ । यो कुनै अपराध वा पाप होइन । परिस्थितिअनुसार सोचविचार गरेर चुनावमा जानुपर्छ । हाल पार्टीभित्र मिलेर चुनाव लड्ने विषयमा कुनै औपचारिक छलफल भएको छैन, त्यसैले यसबारे धेरै चर्चा गर्नु आवश्यक देख्दिन ।

**० ०८२ भदौ २३-२४ गतेपछिको राजनीतिक परिस्थिति उत्पन्न हुनुमा नेपाली कांग्रेसको बढी जिम्मेवारी रहेको चर्चा चल्ने गरेको छ नि ?**

यसलाई कांग्रेसको दोष भन्न मिल्दैन । समस्या संसदीय अभ्यास र राजनीतिक संस्कृतिको विकास नहुनुमा पनि देखिन्छ । तपाईंको आशय गएको आम निर्वाचनमा नेपाली कांग्रेस ठूलो दल अर्थात् लार्जेस्ट पार्टी भएकाले सरकारको नेतृत्व किन गरेन भन्ने जस्तो लाग्छ ।

तर, हामीकहाँ यस्तो संसदीय परम्परा पूर्ण रूपमा विकास भइसकेको छैन । उदाहरणका लागि छिमेकी मुलुक भारतमा दुई-तीन साना दलको सहयोगमा पहिलो पार्टीलाई नै सरकार बनाउन दिने परम्परा छ । प्रायः साना दलहरूले प्रधानमन्त्रीको दावी गरेर विवाद सिर्जना गर्दैनन् ।

तर, नेपालमा त्यो संस्कार अझै विकास हुन सकेको छैन । साना दलहरूको दाबी, कांग्रेस कहिले एमालेसँग त कहिले अन्य दलसँग मिलेर सरकारमा जानुजस्ता कारणले यो अवस्था सिर्जना भएको हुन सक्छ । यो समस्या केवल राजनीतिक मात्र होइन, संसदीय अभ्यास र राजनीतिक संस्कृतिको अपर्याप्त विकासको परिणाम पनि हो भन्ने मेरो बुझाइ छ ।

**० मुलुकमा लोकतन्त्र स्थापना भएको लामो समय भइसकेको छ । कहिले तपाईंले भनेजस्तै परिपक्व र विकसित होला त ?**

यसका लागि समय लाग्छ नै । यो प्रक्रिया छिटो वा ढिलो भन्ने कुरा समयले नै निर्धारण गर्छ । युरोपेली मुलुकहरूले चार-पाँच सय वर्षदेखि लोकतन्त्रको अभ्यास गर्दै आएका छन् । हामीले भने ०४६ सालपछि मात्रै यो अभ्यास सुरु गरेका हौं ।

३०-३५ वर्षको अवधि लामो समय होइन । त्यसैले पूर्ण परिपक्वताको अपेक्षा अहिले नै गर्नु उचित हुँदैन । भारत पनि अझै लोकतन्त्रको दृष्टिले पूर्ण रूपमा परिपक्व भइसकेको छैन । परिपक्व नभएको भन्नु नराम्रो अर्थमा लिनुपर्ने कुरा पनि होइन । समयसँगै हामी क्रमशः विकसित हुँदै जानेछौं ।

**० भारतमा मुख्य प्रतिस्पर्धी शक्तिहरू मिलेर होइन, साना दलसँग गठबन्धन गरेर चुनाव लड्ने अभ्यास छ । नेपालले पनि अब त्यस्तै अभ्यास किन नगर्ने ?**

त्यो आवश्यक छैन । भारतमा जे भइरहेको छ, हामीले त्यही गर्नैपर्छ भन्ने बाध्यता छैन । नेपालमा छुट्टै अभ्यास अपनाउन सकिन्छ । नेपाल र छिमेकी मुलुक भारतको राजनीतिक पृष्ठभूमि, धरातल र परिस्थिति फरक छ । त्यसैले हामीले भारतीय वा बेलायती मोडल अनिवार्य रूपमा अनुसरण गर्नुपर्छ भन्ने छैन । मुलुकको राजनीतिक परिस्थितिअनुसार अलग ढंगले अभ्यास गरेर आगामी चुनावमा जान पनि सकिन्छ ।

**० यदि त्यसो हो भने वर्तमान राजनीतिक संकट कसको कमजोरीका कारण आएको हो त ?**

नेपाली कांग्रेसले सरकारको नेतृत्व नगरेको कारणले मात्र यो अवस्था आएको होइन । संसदमा लार्जेस्ट पार्टी हुँदाहुँदै पनि नेतृत्व गर्ने अवसर सहज रूपमा उपलब्ध भएन । सत्य के हो भने कांग्रेसको नेतृत्वमा सरकार गठन भएको भए यति जटिल अवस्था सायद सिर्जना नहुन पनि सक्थ्यो । अर्को महत्वपूर्ण विषय भनेको अन्तर्राष्ट्रिय सन्तुलन र शक्ति केन्द्रहरूको प्रभावलाई हामीले पर्याप्त रूपमा ध्यानमा राख्न नसक्नु हो ।

त्यसैगरी राष्ट्रिय राजनीतिमा पनि नेपाली जनताको आवश्यकता र मागअनुसार आफूलाई प्रस्तुत गर्न सकेनौं । उदाहरणका लागि सामाजिक सञ्जाल आज नेपाली जनताको दैनिक जीवनको अभिन्न हिस्सा बनिसकेको छ । जनताको प्रतिक्रिया, सामाजिक सञ्जालको प्रभाव र त्यसको महत्वलाई पर्याप्त रूपमा मूल्यांकन गर्न सकेनौं । केही संयुक्त सरकारबाट कमजोरी र भूलहरू भएकै हुन्, जसका कारण यो जटिल परिस्थिति उत्पन्न हुन पुगेको हो ।

- **संयुक्त सरकारबाट कमजोरी र भूलहरू भएकै हुन् ।**
- **यो समानुपातिक सूचीले कांग्रेसको हित गर्दैन ।**
- **प्रधानमन्त्रीको नियुक्ति नै असंवैधानिक कांग्रेसको ठहर हो ।**
- **यतिखेर मुलुकको राजनीतिमा लोकप्रियतावाद हावी छ ।**
- **सरकार निर्वाचन भन्छ तर हामी अदालतको निर्णय कुर्दैछौं ।**
- **संसदीय अभ्यासअनुसार प्रधानमन्त्री नै सर्वेसर्वा हुन्छन् ।**
- **नेपाली कांग्रेसले पनि त्यसैगरी सरकारलाई विश्वास गर्‍यो ।**
- **राजनीतिमा सक्रियता हुँदा वास्तविक उत्पादन र रोजगारी प्रभावित छ ।**
- **लोकप्रियतावादबाट निस्केर अब दीर्घकालीन उपायहरू अपनाउनुपर्छ ।**

**० रास्वपालगायत नवगठित राजनीतिक दलहरूले आगामी चुनावमा एकजुट भएर लड्ने सहमति गरिसकेका छन् । तपाईं उनीहरूको यस सहमतिलाई कसरी हेर्नुहुन्छ ?**

त्यो राजनीतिक स्वतन्त्रता सबै दलमा छ । त्यसैले यस विषयमा विशेष टिप्पणी गरिरहनुपर्ने आवश्यकता देख्दिन । यो पूर्णरूपमा संसदीय अभ्यासको दायराभित्रको विषय हो । सामान्य अर्थमा दुई वा दुईभन्दा बढी दल मिलेर चुनाव लड्नु वा सरकार गठन गर्नु स्वाभाविक प्रक्रिया हो । यसलाई आवेग वा असन्तुष्टि जनाउनुपर्ने विषयका रूपमा लिनु हुँदैन ।

म भन्न चाहन्छु, यसलाई सामान्य र लोकतान्त्रिक अभ्यासकै रूपमा लिनुपर्छ । आवश्यकताअनुसार आफूहरू पनि सोही प्रक्रियामा सहभागी हुन तयार रहनुपर्छ ।

**० केही राजनीतिक विश्लेषकहरूले संसदका ठूला दुई शक्ति मिल्दा अपोजिसन कमजोर भयो र यही कारण अहिलेको परिस्थिति आएको हो भन्दैछन् । यसमा तपाईंको धारणा के छ ?**

यो सत्य होइन । संसदमा प्रतिपक्ष दलहरू कमजोर थिएनन् । प्रतिपक्षमा ६०-७५ जनाको उपस्थिति थियो नै । अहिलेको परिस्थिति अन्य राजनीतिक कारण र परिस्थितिसँग सम्बन्धित छ । अपोजिसन कमजोर भएर यो अवस्था आएको होइन ।

**० नेपाली काँग्रेसले प्रतिनिधि सभा निर्वाचनका लागि आयोगमा पेस गरेको समानुपातिक बन्दसूचीमा पूर्व र वर्तमान राष्ट्रपतिको छोराछोरीको नाम समावेश भएको विषयले निकै चर्चा पाएको छ । साथै, तपाईंको अनुमानमा आगामी दिनमा मुलुकको राजनीति कसरी अगाडि बढ्ला ?**

आयोगमा पेस गरिएको समानुपातिक सूची जसरी सार्वजनिक भयो, त्यसले कांग्रेसको हित गर्दैन । उक्त सूचीले आगामी निर्वाचनमा कांग्रेसलाई थप शक्ति वा बल दिने अवस्था सिर्जना गर्दैन । अर्को कुरा, नेपालको राजनीति अहिले स्टन्टबाजीको प्रभावमा अगाडि बढिरहेको छ । जसले बढी स्टन्ट गर्न सक्छ, त्यही लोकप्रिय हुन्छ र शीर्ष स्थानमा पुग्छ । अझ भन्नुपर्दा लोकप्रियतावाद अहिले नेपाली राजनीतिमा बढी हाबी भएको छ ।

इतिहासका संघर्ष र दृष्टिकोणभन्दा पनि वर्तमान राजनीति सामाजिक सञ्जाल र मिडियामा कसको आवाज बढी बलियो छ भन्नेमा निर्भर हुन थालेको छ । फेसबुक, ट्विटर (एक्स) र अन्य माध्यममार्फत आफ्नो प्रभाव देखाउन सक्ने व्यक्तिलाई बढी मान्यता मिलिरहेको छ । सिस्टम नै यसरी विकास भएको छ । लोकप्रियता, सार्वजनिक दृश्यता र मिडिया प्रयोग गर्न सक्नेहरू नै अहिलेको राजनीतिमा मुख्य भूमिका खेल्न सक्ने अवस्थामा छन् ।

**० मुलुकका ठूला पार्टीहरूले रोजगारी सिर्जना र उत्पादनमा जोड दिनुपर्नेमा कमिशन, ठेक्कापट्टा, नेता तथा कार्यकर्ता बढाउनमै ध्यान दिएको आरोप लाग्ने गरेको छ । तपाईंलाई के लाग्छ ?**

यसमा आंशिक सत्यता छ । तर, राजनीतिक सक्रियता आवश्यकताभन्दा बढी भएको देखिन्छ । सबै पार्टीका क्रियाशील सदस्यहरू जोड्ने हो भने करिब ३०-३५ लाख पुग्ने अनुमान गर्न सकिन्छ । मुलुकको करिब ३ करोड जनसंख्यामध्ये लगभग १ करोड विदेशमा छन् । बाँकी २ करोडमध्ये ३०-३५ लाख सक्रिय हुनु भनेको करिब २० प्रतिशत जनसंख्या राजनीतिमा संलग्न हुनु हो । यसको अर्थ आम जनमानस श्रम र कर्मभन्दा बढी राजनीतितर्फ आकर्षित भएको छ ।

जब ध्यान राजनीतितर्फ केन्द्रित हुन्छ, उत्पादन र रोजगारी सिर्जनाको क्षेत्रमा अपेक्षित परिणाम आउन सक्दैन । यसले के देखाउँछ भने उत्पादन र रोजगारी सिर्जनाका क्षेत्रमा काम गर्ने वातावरण अझै पर्याप्त रूपमा विकास हुन सकेको छैन ।

**० यी समस्याको समाधान र व्यवस्थापनका लागि अब के गर्नुपर्ला ?**

पहिलो कुरा, राजनीतिप्रतिको आकर्षण र झुकाव क्रमशः कम गर्दै लैजानुपर्छ, ताकि हरेक निर्णयका लागि राजनीतिक दबाब आवश्यक नपरोस् । अहिले राजनीतिप्रति आकर्षण बढ्नुको कारण यही हो ।

अझ स्पष्ट रूपमा भन्नुपर्दा केवल राजनीतिबाट मात्र मान-सम्मान पाइन्छ भन्ने धारणा विकास भएको छ । यसलाई बदल्न सिस्टम, विधि र कानूनअनुसार काम गर्ने अभ्यास विकास गर्नुपर्छ । सम्मान राजनीतिबाट मात्र होइन, आ-आफ्ना पेशा र क्षेत्रबाट पनि पाउने संस्कृति विकास गर्नुपर्छ । कलाकार, व्यवसायी, प्राध्यापक, इन्जिनियर, डाक्टर, किसान–सबैले आफ्नो क्षेत्रमा योगदान गरेबापत सम्मान पाउनुपर्छ ।

यदि यस्तो अभ्यास विकास भएन भने राजनीति मात्र सम्मानको साधन बन्ने प्रवृत्ति झनै मौलाउँदै जानेछ । यसलाई रोक्न सिस्टम र पेशागत सम्मानको संस्कृति निर्माण गर्नु अत्यावश्यक छ ।

**० घोषित २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा तपाईं उम्मेदवार बन्नुहुन्छ कि हुन्न ? साथै, वर्तमान राजनीतिक परिस्थितिका बारेमा आम नेपाली जनतालाई के आव्हान गर्न चाहनुहुन्छ ?**

अहिलेसम्म यस विषयमा म कुनै निष्कर्षमा पुगेको छैन । अरू साथीहरूको सिफारिस र समग्र परिस्थितिका आधारमा निर्णय लिनेछु । मानसिकता अझै स्पष्ट छैन, त्यसैले परिस्थितिअनुसार निर्णय गर्ने योजना छ । तर, म एक कुरामा भने स्पष्ट छु-संसद पुनःस्थापना हुनु अत्यन्त आवश्यक छ । यदि संसद पुनःस्थापना भएन भने त्यसपछि के गर्ने भन्ने विषयमा थप विचार गरेर निष्कर्षमा पुग्नेछु ।

जहाँसम्म मुलुकको राजनीति हेर्दा, यो पूर्ण रूपमा लोकप्रियतावादको दिशातर्फ गइरहेको मेरो ठम्याइ छ, जसबाट हामी बाहिर निस्कनैपर्छ । मुलुक निर्माण र विकासका लागि दीर्घकालीन उपाय अपनाउन आवश्यक छ । यसका लागि संविधान संशोधन अत्यन्त जरुरी छ । वर्तमान निर्वाचन प्रणालीमा सुधार गरेर कुनै एक राजनीतिक दलले सहज रूपमा बहुमत ल्याउन सक्ने व्यवस्था गर्नुपर्छ । शासकीय स्वरूपमा पनि आवश्यक सुधार गर्नैपर्छ, नत्र मुलुक अगाडि बढ्न सक्दैन ।

म आम नेपाली जनतालाई आग्रह गर्न चाहन्छु-संविधान संशोधन र संसद पुनःस्थापनाका विषयमा सबै राजनीतिक दल र सरोकारवाला एकजुट भई समझदारीका साथ अघि बढौं । त्यसपछि निर्वाचन गरौं र एकताबद्ध भएर मुलुकलाई विकासको मार्गमा अगाडि बढाऔं ।

# नेपाल आफ्ना युवालाई निर्यात गर्दै–आशा आयात गर्दै !
# आगामी चुनाव र नयाँ सरकारबाट के अपेक्षा गर्ने ?



**शंकरमान सिंह**

**सरसरी हेर्दा, नेपालको कुनै पनि गाउँ, टोल, बस्ती वा शहरमा जानुहोस्–कुनै न कुनै घरको ढोकामा ताला लागेको भेटिन्छ । कतै बाबुआमा वृद्ध हुँदैछन्, कतै बालबालिका आमाबुबाबिनै हुर्किरहेका छन्, र कतै श्रीमती एक्लै परिवारको सम्पूर्ण जिम्मेवारी बोकेर बसिरहेकी छिन् ।**

यी सबै कारुणिक दृश्यहरू एउटै कारणले जोडिएका छन-युवाको विदेश पलायन, चाहे अध्ययनका लागि होस् वा रोजगारीका लागि ।

आज नेपाल युवाको देश जस्तो होइन, बरु युवाविहीन भविष्यको प्रतीक्षामा बसेको देश जस्तो देखिन थालेको छ । प्लस टु को पढाइ सकिनासाथ-कहिलेकाहीँ पढाइ अधुरै छाडेर-युवा विदेश जान आतुर छन् । उनीहरूलाई रोक्ने न राज्यसँग स्पष्ट दीर्घकालीन नीति छ, न समाजसँग भरोसा जगाउने वातावरण ।

बसाइँसराइ मानवको स्वाभाविक अधिकार हो, तर जब त्यो बाध्यतामा परिणत हुन्छ, तब राज्य असफल भएको मान्नुपर्छ । परिणामस्वरूप, नेपाल आफ्ना सबैभन्दा ऊर्जावान, सिर्जनशील र सम्भावनायुक्त नागरिकहरूलाई निरन्तर गुमाउँदै गएको छ ।

**किन जान बाध्य छन् नेपाली युवा ?**

नेपाली युवाको विदेश जाने चाहना कुनै फेसन होइन, यो संरचनात्मक बाध्यता हो । बेरोजगारी, न्यून तलब, राजनीतिक अस्थिरता, व्यापक भ्रष्टाचार, अवसरको अभाव र भविष्यप्रतिको गहिरो अनिश्चितता-यी सबै कारणले युवालाई देशभित्र टिक्न नदिएको छ । विश्वविद्यालयबाट प्रमाणपत्र हातमा लिएपछि पनि काम नपाउने, पाए पनि सम्मानजनक पारिश्रमिक नहुने, र मेहनतको कदर नहुने अवस्था अझै विद्यमान छ ।

अर्कोतर्फ, विदेश जाने सपना केवल पैसासँग मात्र जोडिएको छैन । त्यो सम्मान, स्थिरता र आत्मसम्मानसँग जोडिएको छ । नेपालमा काम गर्दा ‘के गर्छस् ?’ भन्ने प्रश्न सोधिन्छ, विदेश जाँदा ‘सेटल भयो’ भन्ने टिप्पणी सुनिन्छ । यही सामाजिक मानसिकताले पनि युवालाई देश छोड्न थप प्रेरित गरिरहेको छ ।

**रेमिट्यान्सको मोह र दीर्घकालीन अन्धकार**

राज्यले विदेशिएका युवालाई मुख्यतः रेमिट्यान्सको आँकडामा मात्र हेरेको देखिन्छ । कुल गार्हस्थ उत्पादनमा रेमिट्यान्सको योगदानलाई गौरवका रूपमा प्रस्तुत गरिन्छ। तर यो गर्व खोक्रो र अस्थायी छ । हामी पैसाको आयातमा रमाइरहँदा मानवीय पुँजीको निर्यातलाई सामान्य ठानिरहेका छौँ ।

देशभित्र उत्पादनशील शक्ति घट्दै गएको छ । कृषि, उद्योग, अनुसन्धान, स्वास्थ्य र शिक्षाजस्ता आधार भूत क्षेत्रहरूमा युवाको अभाव देखिन्छ। गाउँहरू बिस्तारै वृद्धाश्रममा परिणत हुँदैछन् । विद्यालयमा विद्यार्थी घट्दैछन्, तर विदेश पठाउने कन्सल्टेन्सीहरूमा भीड बढ्दैछ । रेमिट्यान्सले अर्थतन्त्र चलाइरहे पनि समाजको आत्मा भने बिस्तारै सुक्दै गएको छ ।

युवाको विदेश यात्रा केवल भौगोलिक होइन, मानसिक र भावनात्मक विच्छेद पनि हो । धेरै युवा शरीरले विदेशमा छन्, तर मनले परिवार र देशबाट टाढिँदै गएका छन् । अर्कोतर्फ, देशमै बसेका युवा सरकारप्रति, प्रणालीप्रति र भविष्यप्रति निराश छन् । सीप, अनुभव र पूँजी लिएर फर्किएका केही युवाले देशमै राम्रो काम गरिरहेका छन्, तर उनीहरूको उदाहरण न त पर्याप्त प्रचार पाउँछ, न त उनीहरूलाई स्वागत गर्ने स्पष्ट प्रणाली नै छ ।

युवाको निरन्तर पलायनले परिवार संरचना कमजोर बन्दै गएको छ । बालबालिका अभिभावकको माया बिना हुर्किरहेका छन् । वृद्ध आमाबाबु एक्लोपनमा बाँचिरहेका छन् । विवाह संस्था कमजोर हुँदैछ, र सामाजिक सम्बन्धहरू पैसामा आधारित हुँदै गएका छन् ।

आज समाजमा ‘विदेश गएको छ कि छैन ?’ भन्ने प्रश्न नै सफलताको मापन बनेको छ । यसले देशमै केही गर्न खोज्ने युवालाई निरुत्साहित गर्छ। जबकि उनीहरूलाई प्रोत्साहन गर्न सके सिर्जनशीलता जाग्छ, जोखिम लिन सक्ने आँट बढ्छ, र समाजमा आशाको नयाँ क्षितिज खुल्न सक्छ ।

**आगामी चुनाव र नयाँ सरकारबाट के अपेक्षा गर्ने ?**

यस समस्याको समाधान सजिलो छैन, तर असम्भव पनि होइन। पहिलो कुरा, राज्यले युवालाई बोझ होइन, सम्पत्तिका रूपमा हेर्नुपर्छ । शिक्षा प्रणालीलाई रोजगारीसँग जोड्नुपर्छ । उद्यमशीलतालाई भाषणमा होइन, व्यवहारिक नीतिमा उतार्नुपर्छ । राजनीतिक स्थिरता, सुशासन र विश्वास बिना कुनै पनि कार्यक्रम सफल हुन सक्दैन ।

समाजले पनि आफ्नो दृष्टिकोण बदल्नुपर्छ । देशमै पसिना बगाउनेलाई सम्मान गर्न सिक्नुपर्छ । सफलताको परिभाषा विदेशसँग मात्र होइन, आत्मनिर्भरता, सन्तुष्टि र योगदानसँग जोडिनुपर्छ । “नेपाल आफ्ना युवालाई निर्यात गर्दैछ र आशा आयात गर्दैछ” भन्ने वाक्य केवल आलोचना होइन, गम्भीर चेतावनी हो । यदि आज पनि यसलाई गम्भीरतापूर्वक लिएनौँ भने भोलि नेपाल वृद्धहरूको देश बन्नेछ-जहाँ सपना केवल स्मृतिमा सीमित हुनेछन् ।

युवा बिना राष्ट्रको भविष्य हुँदैन । प्रश्न यो होइन कि युवा किन विदेश जान्छन्, प्रश्न यो हो–नेपाल किन युवाका लागि बस्न योग्य देश बन्न सकिरहेको छैन ? यही प्रश्नको उत्तर खोज्नु नै आजको सबैभन्दा ठूलो राष्ट्रिय आवश्यकता हो ।

***एक वर्षमै ८ लाखभन्दा बढी श्रम स्वीकृति***

*सरकारी तथ्याङ्कअनुसार आ.व. २०८१/८२ मा मात्र ८ लाख ३९ हजारभन्दा बढी नेपालीले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । अघिल्ला १० वर्ष (२०१४/१५ देखि २०२३/२४) मा मात्रै करिब ३४ लाख नयाँ श्रम स्वीकृति जारी भएका छन् । सबैभन्दा धेरै युवा खाडी मुलुक र मलेसिया गएका छन् ।*

***विद्यार्थी पलायन पनि बढ्दो***

*रोजगारीसँगै अध्ययनका लागि विदेश जाने युवाको संख्या पनि उल्लेखनीय रूपमा बढेको छ । आ.व. २०८०/८१ मा मात्रै १ लाख १२ हजार ९६८ विद्यार्थीले विदेश अध्ययनका लागि ‘नो अब्जेक्सन लेटर’ (NOC) लिएको शिक्षा मन्त्रालयको तथ्याङ्क छ । शिक्षाविद्हरूका अनुसार यो प्रवृत्तिले देशको बौद्धिक पूँजीमा दीर्घकालीन असर पार्ने खतरा बढाएको छ ।*

***स्थायी बसोबासतर्फको झुकाव***

*वैदेशिक रोजगारी मात्र होइन, स्थायी बसोबासतर्फ जाने नेपालीको संख्या पनि बढ्दै गएको छ । अध्यागमन विभागका तथ्यअनुसार सन् २०२४ मा ६६ हजारभन्दा बढी नेपाली स्थायी बसोबास (पीआर) का लागि विदेशिएका छन् । यसले अस्थायी श्रम आप्रवासन मात्र होइन, स्थायी जनशक्ति पलायन पनि गहिरिँदै गएको देखाउँछ ।*

***रेमिट्यान्समा निर्भर अर्थतन्त्र***

*नेपालको अर्थतन्त्र ठूलो मात्रामा रेमिट्यान्समा निर्भर छ । नेपाल राष्ट्र बैंकका अनुसार हाल रेमिट्यान्स कुल गार्हस्थ उत्पादन (GDP) को करिब २८ प्रतिशत बराबर छ । आ.व. २०८१/८२ मा रेमिट्यान्स रकम १७ खर्ब रुपैयाँ नाघेको छ । तर अर्थशास्त्रीहरू भन्छन्-रेमिट्यान्सले तत्कालीन आर्थिक स्थिरता त दिन्छ, तर यसले दीर्घकालमा उत्पादनशील जनशक्ति बाहिरिने जोखिम बढाउँछ ।*

## फेसबुक सामाजिक सञ्जाल फेसबुक सामाजिक सञ्जाल

### सैनिक महत्वको कोट–भीरकोटको बारे जानौ



१) खान वंशका राजा जैत खानले वि.सं. १५४५ मा यो राज्य स्थापना गरेका थिए । यद्यपि केहीले उनका छोरा सूर्य खानले स्थापना गरेको हो भनी लेखेका छन् ।

२) यस वंशमा क्रमशः जैत खान, सूर्य, मेदनी, किनु, कृष्ण, सूर्य, अनन्त, अर्जुन, अनिरुद्ध, श्रीनन्द, महेश्वर, ईन्द्र भूपाल, पृथ्वी भूपाल, प्रेम अमर खान तथा चक्रपति खान राजा भएका थिए ।

त्यस बखत चौबीसे राज्यहरूको सैनिक अभिभावक पर्वत राज्य थियो। सबै राज्यहरूको सुरक्षाको नेतृत्व पर्वत राज्यले गर्थ्यो र अन्य राज्यहरूलाई जसरी पनि पर्वतको सैनिक गठबन्धनमा आबद्ध गराउँथ्यो ।



३) वि.सं. १८४१ असार १२ गते लमजुङको मकै डाँडाको युद्धमा पराजित भएको यो राज्यले वि.सं. १८४२ असारको अन्तिम हप्तामा आत्मसमर्पण गरी नेपालमा एकीकृत भयो।


काजी अभिमानसिंह बस्न्यातको नेतृत्वमा भएको सैनिक कारबाहीपछि आत्मसमर्पण गर्ने तथा नेपालका मित्र राष्ट्र हुन स्वीकार गरेका नुवाकोट, तनहुँ, रिसिङ, र भीरकोटका राजाहरूलाई स-सम्मान काठमाडौं लगिएको थियो । यो कोट अहिले पनि सैनिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

४) पछि गएर भीरकोटे राजाहरूले दरबारलाई अलि तल बस्ती तर्फ, सम्मो स्थानमा सारेका थिए ।

मैले बझाङ, गलकोट, भीरकोटलगायत स्थानहरूको स्थलगत भ्रमण गर्दा एउटा रोचक अनुभूति भयो-जुन-जुन राजाले राणा परिवारका छोरीसँग विवाह गरे, त्यसपछि तिनका दरबार डाँडामा बनेका कोट (दरबार) बाट बेँसीतिर सारिएको देखिन्छ ।

*– प्रेम सिंह बस्न्यात*

### समानुपातिकको मर्म हरायो कि बेचियो ?



समानुपातिकको सुची हेर्नुभयो ? समानुपातिक त सञ्जाल नभएका, आफ्नो बिचार पुर्याउन नसक्ने, मूलधारमा नअटाएकाहरुका लागि होइन ? जसको प्लेटफर्म छ,पैसा छ,आवाज छ, उसैलाई स्पिकर दिने व्यवस्था हो र ? पुरानाले यो प्रणाली पैसा र नातेदारसँग साटे आज नयाँले भाईरलिजमसँग साटे । बिचार नबिक्ने समाजमा अनुहार बिकाउने होड ठिकै होला ।

म कसैको योग्यताको कुरा गरिरहेको छैन म यो प्रणालीको मर्म के हो भनेर प्रश्न गर्दैछु ? कहिलेकाहीँ सोच्छु बिचार मरेको समाजमा कति बोल्नु ? फेरि सम्झन्छु कोही त बोल्नै पर्छ नाफा र घाटा,पद र गाली को हिसाब नहेरिकन । फेरि पनि चिच्याएर भन्छु जतासुकै अवसर पाएकाले रजगज गर्ने ठाउँ होइन समानुपातिक व्यवस्था ।

*-सम थापा*

### किन यो पटकको निर्वाचन निर्णायक हुनैपर्छ ?

पथभ्रष्ट दलतन्त्रमा “संसदमा समानुपातिक” का नाममा अवैध धन्दा चलिरहेको छ । पैसा लिएर सांसद बनाउने यो अभ्यास अनैतिक मात्र होइन, आपराधिक कार्य हो । पुराना भनेर दुत्कारेकाहरूले मात्र होइन, ‘नयाँ’ भन्नेहरूले समेत हजारौँको बिगो तोकेर सिफारिस गर्छन् भन्ने सुनिन्छ ।

समानुपातिक व्यवस्था प्रतिनिधित्व नभएका वा हुन नसक्ने वर्गका लागि ल्याइएको थियो। तर आज यो हीरो-हिरोइन, धनी व्यापारी, र राज्यका चुस्तदुरुस्त किर्ना बनेकाहरूको बिर्ता जस्तो बनेको छ । निर्वाचन आयोगले यसबारे तत्काल कारबाही गर्नुपर्छ । यदि कसैले पैसा लिएर समानुपातिक सदस्यको उम्मेदवार बनाएको छ भने त्यो सार्वजनिक भ्रष्टाचार वा वैधानिकीकृत भ्रष्टाचार हो ।

**१. मताधिकार कि स्वार्थको व्यापार ?**

यो दलतन्त्रमा “मताधिकार” का नाममा उम्मेदवार र नागरिकबीच “मत दिने र सडक/बिजुली (आदि) दिने” साटासाट हुन्छ । यो मताधिकार होइन, स्वार्थको व्यापार हो । त्यसैले म भन्छु-नागरिकहरूको देशमा नागरिकतन्त्र हुनुपर्छ, जहाँ नागरिक सर्वोच्चता कायम हुन्छ ।



**२. संसदको संरचना बदलिनुपर्छ ।**

यो भ्रष्ट निर्वाचन प्रणाली बदल्नैपर्छ । देशको संसद अब भूगोल, शहर, पेशा, व्यवसाय, वर्ग र अल्पसंख्यक समुदायको प्रतिनिधि संस्था हुनुपर्छ ।

७७ जिल्लाबाट ७७ जना

१० महानगरबाट १० जना

राउटे जस्ता अल्पसंख्यक समुदायबाट प्रत्येक समूहबाट १-१ जना (आफ्नै समुदायले छानेका)

व्यवसायिक किसान, उद्योगपति/व्यापारी, मजदुर, शिक्षक/प्राध्यापक, विद्यार्थी, डाक्टर/वकिल, पत्रकार, नर्स, लेखापरीक्षकजस्ता पेशागत समूहबाट प्रति एक लाखमा एक जना, आफैंले छानेका प्रतिनिधि । यसरी १०१ जनाभन्दा नबढ्ने प्रतिनिधिसभाको गठन हुनुपर्छ ।

**३. माननीय नागरिक हुन्**

सांसद माननीय होइन । माननीय नागरिक हो । आजैबाट “माननीय” भन्न छोडौं । निर्वाचित सांसद नागरिक प्रतिनिधि (डेपुटी) हो ।

**४. दलको सदस्यतामा कडाइ**

राजनीतिक दलले पूर्ण सदस्यता दिँदा अनिवार्य रूपमा जाँच गर्नुपर्छ-

फौजदारी अपराध गरेको/नगरेको

विदेशी नागरिकता लिएको/नलिएको

भ्रष्टाचारमा सजाय पाएको/नपाएको

विदेशीको ताबेदारी नगरेको

विदेशी संस्थाको सदस्यता नलिएको

पूर्णकालीन सदस्यको नामावली निर्वाचन आयोगमा दर्ता हुनुपर्छ।

**५. प्रधानमन्त्री चयनको नयाँ अभ्यास**

यस्ता पूर्णकालीन सदस्यहरूले प्रत्यक्ष मतदानबाट आफ्नो दलको प्रधानमन्त्री उम्मेदवार छान्नुपर्छ ।

उम्मेदवारले कानून, परराष्ट्र, रक्षा, गृह र अर्थ मन्त्रीका लागि विज्ञहरूबाट मनोनयन गरी दलको चिन्हमा सामूहिक निर्वाचन लड्नुपर्छ ।

यो नै नेपालको भू-राजनीतिले निम्त्याएको विदेशी प्रभाव रोक्ने प्रभावकारी उपाय हो ।

**६. प्रधानमन्त्री हटाउने न्यायिक व्यवस्था**

प्रधानमन्त्रीलाई महाअभियोगमार्फत हटाउने व्यवस्थाका लागि-

दुवै सदनको प्रतिनिधित्व

उपराष्ट्रपतिले अध्यक्षता गरेको


प्रधान न्यायाधीश र दुई वरिष्ठ न्यायाधीश

माथिल्लो सदनको अध्यक्ष

समेटिएको न्यायिक समिति गठन हुनुपर्छ ।

*-युवराज संग्रौला*

### पुरानाको अन्त्य कि नयाँको भ्रम ?



रवि लामिछानेको रा.स्व.पा.मा बालेन शाह मिसिएपछि नेपाली राजनीति तरंगित भएको छ । यी दुवैको राजनीतिक प्रादुर्भाव कुनै ठोस सिद्धान्त, विचार वा नीतिका कारण भएको थिएन । बरु, विद्यमान पार्टी र नेताहरूप्रति बढ्दै गएको जन-असन्तुष्टिबाट उनीहरूको उदय भएको हो ।

यी दुवैको राजनीतिक पुँजी-वा शक्ति–भनेकै पुराना नेताहरू प्रतिको जनविरोध र असन्तुष्टि हो । त्यो असन्तुष्टि यति प्रबल छ कि यसले उनीहरूलाई निरन्तर उत्साहित बनाइरहेको छ र आममानसमा उनीहरूप्रतिको आकर्षण झन् बढाइरहेको छ ।

अहिले पनि पुराना पार्टीका नेताहरू यो अवस्था देखेर आतिएका त छन्, तर पार्टीभित्र आवश्यक सुधार गर्ने आँट र उत्साह भने गुमाइसकेका छन् । आजको दिनमा ती नेताहरूको अवस्था त्यस्ता दुई बटुवाजस्तै भएको छ-जो झोलाभित्रको सबै सामान चोरी भइसकेपछि रित्तो झोलाका लागि आपसमा झगडा गरिरहेका हुन्छन् ।

जे भए पनि, भ्रष्ट ठानिएका नेताहरूको स्थानमा जो-जस्तो आए पनि हुन्छ भन्ने आमजनमानसिकता देखिन थालेको छ । यही कारणले, यदि यथास्थितिमै आगामी निर्वाचन सम्भव भयो र भयो भने, नेपाली जनता तावाबाट खसेर भुँग्रामा परेको माछा जस्तो अवस्थामा नपरोस् भन्ने कामना मात्र गर्न सकिन्छ । साँचै देशलाई यो संकटबाट निकास दिनु छ भने, राष्ट्रिय एकता र मेलमिलापको राजनीति बाहेक अर्को कुनै विकल्प देखिँदैन ।

*-अनार सिंह कार्की*

## रंग विरंग

### संसारमा कृत्रिम बुद्धिमत्ताले शासन गर्दै ! एआई सुविधा कि नयाँ चुनौती ?



*यसै हप्ता विश्वका विभिन्न मुलुकमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोगले फेरि एकपटक बहस चर्काएको छ । सार्वजनिक सेवा, यातायात, स्वास्थ्य र प्रशासनसम्म एआईको प्रयोग तीव्रगतिमा विस्तार भइरहेको देखिन्छ । विशेष गरी जापान र दक्षिण कोरिया जस्ता मुलुकहरूले मानव श्रमिकको अभाव समाधान गर्न एआई आधारित प्रणालीलाई प्राथमिकता दिएका छन् ।*

*यसै हप्ता जापानमा चालकविहीन रेलको परीक्षण सफल भएको समाचारले विश्वको ध्यान तानेको छ । रेल सञ्चालनदेखि यात्रु सुरक्षा र समय व्यवस्थापनसम्म एआईको भूमिका देखिँदा प्रविधिको शक्ति प्रस्ट भएको छ । उता, केही युरोपेली मुलुकमा अदालत, कर प्रणाली र सरकारी सेवा वितरणमा एआई प्रयोग सुरु भएपछि मानव निर्णय प्रक्रियामा प्रविधिको हस्तक्षेप कति जायज भन्ने प्रश्न पनि उठेको छ ।*

*प्रविधि विज्ञहरू भन्छन्-एआईले कामलाई छिटो, सस्तो र प्रभावकारी बनाउँछ । तर आलोचकहरू चेतावनी दिन्छन् कि प्रविधिमा अत्यधिक निर्भरता बढेमा मानव रोजगार, गोपनीयता र उत्तरदायित्व संकटमा पर्न सक्छ । एआईले गल्ती गर्दा जिम्मेवार को हुने भन्ने प्रश्न अझै स्पष्ट छैन ।*

*यसै हप्ताका घटनाहरूले देखाएको सन्देश स्पष्ट छ-एआई अब भविष्यको कुरा रहेन, यो वर्तमानको वास्तविकता बनिसकेको छ । चुनौती प्रविधि अपनाउने कि नअपनाउने होइन, त्यसलाई कसरी जिम्मेवार, नैतिक र मानव-मैत्री बनाउने भन्ने हो ।*

### सुक्खा, बाढी र असामान्य मौसम चेतावनी कि लापरबाहीको परिणाम ?



*गत हप्ता विश्वका विभिन्न भू-भागमा देखिएका असामान्य मौसमी घटनाले जलवायु संकटलाई फेरि केन्द्रमा ल्याएको छ । चिलीको अटाकामा मरुभूमिमा फूल फुल्नु, चीनका केही सहरमा एकैसाथ बाढी र तातो हावाको लहर देखिनु, र अमेरिकामा अत्यधिक गर्मीले जनजीवन प्रभावित हुनु-यी सबै घटनाहरू सामान्य मान्न नसकिने विज्ञहरू बताउँछन् ।*

*अटाकामा जस्तो अत्यन्त सुक्खा मरुभूमिमा फूल फुल्नु हेर्दा सुन्दर लागे पनि वैज्ञानिकहरू यसलाई असामान्य वर्षा र जलवायु असन्तुलनको संकेत मान्छन् । उता, एसियाली मुलुकहरूमा बाढीले हजारौँ मानिस विस्थापित भएका छन् भने कतिपय स्थानमा खानेपानी र खाद्य सुरक्षामा गम्भीर असर परेको छ । जलवायु विज्ञहरूका अनुसार यस्ता घटनाहरू अब ‘अपवाद’ होइनन्, नयाँ सामान्य बन्दै गएका छन् । औद्योगिकीकरण, अनियन्त्रित कार्बन उत्सर्जन र प्राकृतिक स्रोतको अन्धाधुन्ध दोहनले पृथ्वीको सन्तुलन बिगार्दै लगेको उनीहरूको निष्कर्ष छ ।*

*यसै हप्ताका मौसमी घटनाहरूले विश्व समुदायलाई फेरि सम्झाएका छन्-जलवायु परिवर्तन भविष्यको खतरा होइन, वर्तमानको संकट हो । प्रश्न अब चेतावनी सुन्ने कि फेरि बेवास्ता गर्ने भन्ने मात्र बाँकी छ ।*

### जनसंख्या घट्दै, गाउँ रित्तिँदै विश्वले खोज्दै गरेको अनौठो समाधान



*यसै हप्ता विश्वका केही मुलुकले जनसंख्या घट्ने समस्या समाधानका लागि अपनाएका अनौठा उपायहरू चर्चामा रहे । विशेषगरी इटालीका ग्रामीण गाउँहरूमा एक युरोमा घर बिक्री गर्ने कार्यक्रमले फेरि अन्तर्राष्ट्रिय ध्यान खिचेको छ ।*

*युवाहरू सहर र विदेशतिर सरेपछि गाउँहरू रित्तिँदै गएपछि स्थानीय सरकारहरू बाध्य भएर यस्ता योजना ल्याउन थालेका हुन्। सर्त एउटै छ-घर किनेपछि निश्चित समयभित्र मर्मत गरेर बसोबास गर्नुपर्ने । यसै हप्ता मात्रै यस्ता योजनामा युरोप, एसिया र अमेरिकाबाट सयौँ आवेदन परेको बताइएको छ ।यस्तै समस्या जापान र दक्षिण कोरियामा पनि देखिन्छ, जहाँ जनसंख्या तीव्र रूपमा बुढ्यौलीतर्फ जाँदैछ । कतिपय सहरमा त खाली घरहरूको संख्या विद्यालयका विद्यार्थीभन्दा बढी भएको तथ्य सार्वजनिक भएको छ ।*

*विशेषज्ञहरू भन्छन्-यो केवल आवासको समस्या होइन, सामाजिक संरचनाको संकट हो । गाउँ रित्तिँदा कृषि, संस्कृति र सामुदायिक जीवन कमजोर हुँदै जान्छ । त्यसैले जनसंख्या सन्तुलन कायम राख्न दीर्घकालीन नीति आवश्यक छ ।*

*यसै हप्ताका यी घटनाहरूले विश्वलाई एउटै प्रश्न सोधिरहेका छन्-शहरको भीड बढाउँदै गाउँ रित्तिँदै जानु विकास हो कि संकटको संकेत ?*

# अन्तरिम सरकार पनि पुरानै ढर्रामा अघि बढ्दै ! निशानामा किन पर्दैछन् सचिव र सहसचिव ?

● रामहरि चौलागाईं

**काठमाडौं । ०८२ भदौ २७ गते वर्तमान अन्तरिस सरकार गठन भएको थियो । भ्रष्टाचार, विकृति र बेथितिविरुद्ध काम गर्न गठन भएको सरकारलेसमेत अघिल्ला सरकारभन्दा बढी कर्मचारी सरुवामा ध्यान दिनु दुर्भाग्यपूर्ण भएको टिप्पणी सार्वजनिक प्रशासनबृत्तमा हुन थालेको छ । अझ सरकारको मुख्य काम भनेकै २०८२ फागुन २१ गते प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गराउने नै हो । सो विपरीत आगामी कार्यकाल फागुनसम्म सीमित रहँदापनि सरकार दिनहुँ भने छोटो छोटो समयमै नासुदेखि सचिवसम्मका कर्मचारीहरुको नियमविपरीत व्यापकरुपमा सरुवा गर्दै आएको छ । यतिसम्मकि सरुवाका लागि स्पष्ट आधार र आवश्यकता बिना नै गरिएको भन्दै निजामती प्रशासनमा असन्तुष्टि बढ्दै गएको पाइन्छ ।**

हालको संक्रमणकालीन अवस्थामासमेत ३/३ महिनामै कर्मचारी सरुवा गरेर ऐन, नियम विपरीत सरुवाको विगतको खेल रोक्न नसक्नु वर्तमान सरकारका लागि सबैभन्दा ठूलो आलोचनाको विषय बनेको छ । पूर्व प्रधान न्यायाधीशसमेत रहेकी प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारका गृहमन्त्री ओमप्रकाश अर्यालले मन्त्रालयको बागडोर संहालेको झण्डै चार महिनाको अवधिमा तीनजना सचिव परिवर्तन गरेर मातहतनिकायको काम कारवाहीलाई नै प्रभावित बनाएका छन् । उनले मन्त्रालयको नेतृत्व गर्नासाथ २०८२ असोज पहिलो साता तत्कालीन विवादस्पद गृहसचिव गोकर्णमणि दुवाडीलाई आउट गरेका थिए । उनलाई योजना आयोगमा सरुवा गर्दै रक्षा मन्त्रालयबाट सचिव रामेश्वर दंगाललाई २०८२ असोज ८ गते गृहमा भित्र्याएका थिए ।

असोज ८ गते महिनामा दंगाललाई मन्त्रालयमा भित्र्याएका मन्त्री अर्यालले यो तीन महिनाको अवधिमा तीनजना सचिव परिवर्तन गरेका छन् । उनको यो कार्यशैलीलाई लिएर गृह प्रशासन थप असन्तुष्ट हुन पुगेको बताइन्छ । यतिसम्मकि यसअघिका सचिव दंगालले आफू अनुकूलका सहसचिवहरुलाई मन्त्रालयमा भित्र्याएर सोही अनुरुपको जिम्मेवारीमा खटाएको आरोप लागेपछि २०८२ पुष ११ गतेको मन्त्रिपरिषद बैठकले उनलाई लोकसेवा आयोगमा सरुवा गरिसकेको छ । दंगाल गृहमा २०८२ पुस १४ गतेसम्म रहेका थिए ।

**सरकारको प्राथमिकता कर्मचारी सरुवा**

अन्तरिम सरकारले लगभग चार महिनाको अवधिमा चारै पटक सचिवहरुको अन्तर मन्त्रालय र प्रदेशमा सरुवा गरिसकेको छ । यो बिचमा संघीय, मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था तथा गरिवी निवारण, श्रम, रोजगार तथा सामाजिक बिकास मन्त्रालयका सचिव परिवर्तन गरिएको थियो । त्यसैगरी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, उद्योग वाणिज्य तथा आपूर्ति, यूवा खेलकुद मन्त्रालय, खानेपानी, सार्वजनिक खरिद कार्यालय र तथ्यांक कार्यालयमासमेत सचिव परिवर्तन गरिएको छ ।

यो अवधिमा सवैभन्दा बढी सचिव परिवर्तन गर्ने मन्त्रीको सूचीमा गृहमन्त्री अर्यालको नाम अग्रपंक्तिमा परेको छ । पुष ११ गते मन्त्रिपरिषद बैठकले मन्त्रालयको नयाँ सचिवमा लोकसेवा आयोगमा कार्यरत गोरखा निवासी रामकुमार श्रेष्ठलाई सरुवा गरेको छ । उनी अघिल्लो पुस १४ गते सोमवार नै मन्त्रालयमा हाजिर भइसकेका छन् । मन्त्री अर्यालको यो कार्यशैली हेर्दा गृहको बेथितिमा निवर्तमान सरकारको भन्दा कुनै मानेमा फरक मान्न नसकिने कर्मचारीहरु चर्चा गर्छन् ।

सुशीला सरकारका अझ कतिपय लोभीपापी मन भएका मन्त्रीहरुले बिभागका महानिर्देशकहरुसमेत आफू अनुकूल परिवर्तन गरेर व्यक्तिगत फाइदा उठाउने गरेको आरोप खेप्दै आएका छन् । यसअघि श्रम मन्त्रालयको कार्यभार संहालेको १५ दिन समय बित्न नपाउँदै मन्त्री राजेन्द्र सिंह भण्डारीले बैदेशिक रोजगारको बिभागको महानिर्देशकदेखि र मन्त्रालयका सचिव डा. कृष्णहरि पुस्करलाई सरुवा गरेर नयाँ भित्र्याउन भ्याइसकेका छन् ।



**अन्तरिम सरकारले लगभग चार महिनाको अवधिमा चारै पटक सचिवहरुको अन्तर मन्त्रालय र प्रदेशमा सरुवा गरिसकेको छ । यो बिचमा संघीय, मामिला तथा सामान्य प्रशासन, भूमि व्यवस्था तथा गरिवी निवारण, श्रम, रोजगार तथा सामाजिक बिकास मन्त्रालयका सचिव परिवर्तन गरिएको थियो । त्यसैगरी, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, उद्योग वाणिज्य तथा आपूर्ति, यूवा खेलकुद मन्त्रालय, खानेपानी, सार्वजनिक खरिद कार्यालय र तथ्यांक कार्यालयमासमेत सचिव परिवर्तन गरिएको छ ।**

मन्त्री भण्डारीलाई प्रधानमन्त्री सुशीला कार्कीले ठाडो निर्देशन दिएर बिभागलाई महिलामैत्री बनाउन कनिष्ठ सहसचिव मिरा आचार्यलाई महानिर्देशकमा खटाएको चर्चा मन्त्रालयमा चल्ने गरेको छ । त्यसैले मन्त्रालयले सहसचिव आचार्यको मागअनुसार बिभागमा कार्यरत दुईजना पुरुष कर्मचारीहरुको सरुवा गर्दै ती स्थानमा महिला उपसचिवहरुलाई खटाईसकिएको छ । यी माथिका घटनाले अन्तरिम सरकारको प्राथमिकता सुशासन, भ्रष्टाचार न्यूनीकरण र प्रतिनिधि सभा निर्वाचन भन्दापनि कर्मचारीहरु सरुवा नै प्राथमिकता परेको स्वत पुष्टि हुन्छ ।

**मन्त्रीहरुका आ–आफनै किस्सा !**

त्यतिमात्र होइन पुष पहिलो साता सरकारले पाँच दर्जन सहसचिवहरूको सरूवा एकैसाथ सरुवा गरेको थियो । तर, सामान्य प्रशासन मन्त्रालयले १५ जना सहसचिवहरुको सरुवाको लागि प्रस्ताव प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा सूचीमार्फत पठाएको थियो । तर, मन्त्रीहरुले आफू अनुकूलका सहसचिवहरुलाई मन्त्रालयमा भित्र्याउन जोडबल लगाउँदा सरुवाको सूची बढेर ६० पुगेको जानकार स्रोतको भनाई छ ।

बिभागीय मन्त्रीहरुले भइरहेका सचिव र सहसचिवहरुलाई बिश्वास नगरेर आफू अनुकूल सरुवाको माग कारण बिगतको सरकार झैं अन्तरिम सरकारसमेत बद्नाम हुन पुगेको छ । बन तथा वातावरण मन्त्री माधव चौंलागाईले मन्त्रालयको कार्यभार संहालेको एक हप्ता नबित्दै प्रशासन महाशाखा प्रमुख सहसचिव र प्रशासन शाखा प्रमुख उपसचिवमा जिल्लाबासीहरुलाई भित्र्याएर अर्को गाइजात्रा देखाएको आरोप मन्त्रालय परिसरमा चर्चा चल्ने चल्ने गरेको छ । २०८२ साउनमा मात्र मन्त्रालयमा भित्रिएका सहसचिव मिमांश अधिकारी र निवर्तमान मन्त्री ऐनबहादुर शाहीले भित्र्याएका कर्मचारीहरुलाई मन्त्री चौंलागाईले अन्यत्र सरुवा गरी आफूअनुकूल हुने गरी भित्र्याएका छन् ।

**सहसचिवहरुको सरुवामा पनि विभेद !**

सरकारले २०८२ पुषको पहिलो हप्ता गरेको ६० जना सहसचिवहरुको सरूवामा पनि विभेद गरेको गुनासोहरु सुनिन्छ । कतिपय सहसचिवहरुलाई दुई महिनादेखि चार महिनाको अवधिमा नै सरुवा गर्दा असन्तुष्टिका स्वरहरु बाहिर आएका हुन् । खासगरी गृह प्रशासनका आठ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको छोटो अवधिमा नै बिना कारण सरूवा गरिनुले अन्तरिम सरकार कर्मचारीबीचमा थप बद्नाम हुन पुगेको छ ।

२०८२ फागुन २१ को प्रतिनिधिसभा चुनावलाई दृष्टिगत गरी सरकारले राष्ट्रिय स्वतन्त्र पार्टी, उज्यालो नेपाल, बालेन शाह, गृहमन्त्री अर्याल र तत्कालीन सचिव रामेश्वर दंगालले आफू निकटका सहसचिवहरूलाई गृह प्रशासनमा भित्र्याएर बिभिन्न जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारीमा खटाएको आरोप लाग्ने गरेको छ । तर, गृह सचिव दंगालले जोडबल गरी मन्त्रालयमा भित्र्याएर बिभिन्न जिल्लामा खटाएका प्रजिअहरु यतिखेर मन खुम्चाउन थालेको चर्चा सुरु भएको छ । किन कि, मन्त्री अर्यालले यो कुराको चाल पाएर नै नयाँ सचिव श्रेष्ठलाई मन्त्रालयमा सरुवा गरेर ल्याएको चर्चा सिंहदरवारमा चल्दै आएको छ ।

सचिव दंगालको जोडबलमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट उमेश ढुंगाना, मदन कोइराला, राष्ट्रिय महिला आयोगबाट रेखा कँडेल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट निञ्चलराज पाण्डेलाई गृहमा भित्र्याइएको थियो । तर, सहसचिव पाण्डे भने गृह गएनन् । राष्ट्रिय योजना आयोगबाट राजन पौडेल, भरतपुर महानगरपालिकाबाट लक्ष्मी प्रसाद पौडेल र जितपुर सिमरा महानगरपालिकाबाट शान्तिराम प्रसाईंलाई गृहमा भित्र्याएर प्रमुख जिल्ला अधिकारीमा खटाई सकिएको छ ।

त्यसैले यी विषयमा मन्त्री अर्याल अनविज्ञ हुनुपर्दा दंगालको सरुवा गरिएको स्रोतको बुझाई रहेको छ । कतिपय प्रमुख जिल्ला अधिकारीलगायत बिभिन्न बिभाग र निकायहरुमा कार्यरत सहसचिवहरूलाई एक वर्ष पनि कामकाज गर्न नदिर सरूवा गरिएको र प्रचलित ऐन-कानूनको पालना नगरी सरकारले धज्जी उडाएको आरोप सरकारले खेप्दै आएको छ ।

**मुख्यसचिवको भूमिका पनि कमजोर**

तथ्यांक कार्यालयबाट अन्य निकायमा खासै काम नगरेका र प्रशासनिक काममा कमजोर कडी मुख्यसचिव सुमनराज अर्यालले प्राय प्रशासन समूहका सचिव र सहसचिवहरूलाई राम्ररी नचिनेको कर्मचारीहरु चर्चा गर्दैछन् । उनीहरुको कार्य सम्पादन, अनुभव, विषय विज्ञताका बारेमा जानकार नहुँदा मन्त्री र प्रधानमन्त्रीका अगाडि सरुवाको अडान उनले लिन नसकेको बुझिएको छ । यहीकारण कतिपय सहसचिवहरुले दुई महिनामै अन्यत्र निकायमा सरूवा हुन बाध्य हुनु परेको छ ।

जसले जुन सरकार आएपनि कर्मचारी प्रशासनमै जथाभावी सरूवा गरेर बेथिति भित्र्याएको गुनासो बढेको छ । मुख्यसचिव अर्यालले अडान लिन नसक्दा गृह प्रशासनका योग्य, काबिल र लामो अनुभव भएका प्रमुख जिल्ला अधिकारीसहितका १३ जना सहसचिवहरू एकैपटक गृह मन्त्रालयबाट बाहिर लखेटिएका छन् । त्यतिमात्र होइन गृहका अनुभवी सहसचिवहरु गोविन्द प्रसाद रिजाललाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा सरुवा गरिएको थियो । शंकरहरि आचार्यलाई राष्ट्रिय महिला आयोगमामा खेदिएको छ भने डा. टोकराज पाण्डेलाई गण्डकी प्रदेशमा सरुवा गरिएको छ ।

गृहका अनुभवी धर्मेन्द्र कुमार मिश्रलाई मधेस प्रदेश, नारायणप्रसाद सिलवाललाई कोशी प्रदेश र लिलाप्रसाद शर्मालाई कर्णाली प्रदेशमा खटाइएको छ । गृहका जानकार सहसचिवहरु बन्धुप्रसाद बास्तोलालाई लुम्बिनी प्रदेश, कृष्ण प्रसाद लम्सालललाई गण्डकी प्रदेश र नेत्रप्रसाद सुवेदीलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सरुवा गरिएको भन्दै मन्त्री अर्याल र तात्कालीन गृह सचिव दंगालप्रति कर्मचारीहरु बेखुश हुन पुगेका छन् ।

खिमबहादुर रायमाझीलाई लुम्बिनी प्रदेश, गोपाल प्रसाद अर्याललाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय, कल्पना श्रेष्ठलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सुनिता नेपाललाई भने लगानी बोर्डको कार्यालयमा सरुवा गर्दासमेत मुख्यसचिवले सरुवा सूचीलाई प्रमाणित गरेर किनाराको साक्षी बसेको आरोप लाग्ने गरेको छ ।

## शुभ लाभको खेती : दलका समानुपातिक सूची !

**साँघु संवाददाता**

काठमाडौं । नेपाली कम्युनिष्ट पार्टीले २०८२ पुष १५ गते निर्वाचन आयोगमा बुझाएको समानुपातिक तर्फको बन्द सूची उम्मेदवारहरूमा सबै नयाँ अनुहारलाई राखेको दावी गरेको छ । सो पार्टीले यसअघि संघ र प्रदेशमा सांसद बनिसकेकाहरुलाई समानुपातिक उम्मेदवार नबनाउने नीति लिएको छ । जसअनुसार सबै नयाँ अनुहारलाई समेटेको नेकपाले जानकारी दिएको छ । पार्टीले आयोगमा बुझाएको बन्दसूचीमा बिभिन्न क्लस्टरबाट तल उल्लेखित नामहरु रहेको बताइएको छ ।

**खस आर्य (महिला)** : करुणा बस्नेत, उमा अधिकारी, सीता दाहाल, पञ्चा सिंह, निशा न्यौपाने, कमला नहर्की, गंगा खड्का बोगटी, निर्मला साउद, दिलकुमारी पन्त, मञ्जु कोइराला छन् । उषाकुमारी पोखेल, भगवती नेपाल, इन्दिरा ढुंगाना, जयानन्द कार्की रावल, ज्ञानु आचार्य, यमुना गुरागाईं, सावित्री पोखरेलको नाम बन्द सूचीमा सिफारिस गरिएको सो पार्टीले दावी गरेको छ । यसैगरी, पुरुषतर्फ भने प्रमेशकुमार हमाल, महेन्द्रबहादुर कार्की, प्रेम बयक, नहेन्द्र खड्का, जितेन्द्र दाहाल, सुजाता काफ्ले, डम्बरबहादुर क्षेत्री, विनोद कटुवाल, राममणी पोखेल, तीर्थबहादुर बुढा, विष्णु लम्साल, भीमबहादुर भण्डारी, कृष्णबहादुर बुढा, गोविन्दराज पौडेल र विष्णुप्रसाद खनाल परेका छन ।

**आदिवासी जनजाति** : दिपक जंगम, भिमकुमारी बुढा, सोमती गुरुङ, सर्मिली लामा, ममता राजवंशी, अञ्जिता श्रेष्ठ, विष्णुकुमारी थापामगर, मेनुका थुलुङ रहेका छन । सुनिता बुढामगर, निर्मला श्रेष्ठ, रामदेवी तामाङ, सुनिता घले, सीता श्रेष्ठ, सोनम लामा शाक्यलाई बन्द सूचीमा राखिएको छ । साथै, नलिनी सिं, सविता तामाङ, जमुना गइजु, कल्पना लिम्बु, परशुराम तामाङ, दिलिप प्रजापती, झक्कुप्रसाद घर्ती, कृष्णकुमार राई, बेखानसिंह तमु पनि बन्द सूचीमा परेका छन् । त्यसैगरी, पासाङ शेर्पा, भरतकुमार श्रेष्ठ, वीरबहादुर बुढाथोकी, दंगध्वज खोयाहाङ, शेरबहादुर तामाङ, मंगलसिंह प्रजा, जेतबहादुर पुन, रुकुम पाखिन, रहलसिंह तामाङ र डा.पुष्पराज कर्णिकारको नाम बन्द सूचीमा सिफारिस गरिएको बताइन्छ ।

**मधेशी र दलिततर्फ** : तारा महतो, रामसखी देवी, सुनितादेवी यादव, पूर्णा बुढा झा, जयरानी सहनी पुनम जैसवाल, संगीतादेवी यादव, सुधा सिं, कल्पनाकुमारी यादव, जगिकुमार बरबरिया यादव, सुरेन्द्रकुमार जयसवाल, घनश्यामप्रसाद रजक, किसुन मण्डल, श्रीप्रसाद साह, कमलराय यादव, छेदी रजक, अभिमन्यु यादव र अरविन्द दास परेका छन् ।

यसैगरी, गीता गहतराज, पार्वती विक, विनिता विक, रेखा राम, शारदा दमै, तारा विश्वकर्मा, सुमरियादेवी पासवान, कमला ज्ञवाली सिर्पाइली, गणेशबहादुर विश्वकर्मा, डा. मित्र परियार, शरद रसाईली, शंकर दुलाल, ठाकुरकुमार विक, कृष्ण नेपालीर गोपाल परियारको नाम दलिततर्फ सिफारिस गरिएको छ ।

**थारु क्लस्टरबाट** : निशा चौधरी, अञ्जु दहित, सस्मति चौधरी, उषाकुमारी चौधरी, भवनकुमार थारु, रामअवतार थारु, लक्षबहादुर चौधरी रहेका छन । त्यसैगरी मुस्लिमबाट केसर जहा भन्ने सकिना मुस्लिम, जरिना वेगम, जार्मिया खातुन, कमरुल नशा र ताज मोहम्मद मियाँ रहेका छन ।

**कांग्रेसको समानुपातिक बन्दसूचीमा को–को ?**

नेपाली काँग्रेसको बन्दसूचीमा परेका नामहरुमा भीष्मराज आङ्देम्बे, गोपालमान सिंह, थलकुमार लिंखा, विजय सुब्बा (सोम्वाहाम्फे), गीता गुरुङ छन । यसैगरी, गीता कुमारी सेन्दाङ, सविता राई, प्रेमिका राना मगर, निर्मला गुरुङ, गोमाकुमारी भट्टराई, सुशीला ढकाल आचार्यलाई नेपाली काँग्रेसले समानुपातिकको बन्द सूचीमा समावेश गरेको छ ।

बन्दसूचीमा परेकाहरुमा रुक्मिणी देवी कोइराला, रिना उप्रेती, जमिल अख्तर मिया, गोमा के.सी. डा. प्रमिला गच्छदार, मनुमाया विश्वकर्मा, चन्द्रेश्वर शर्मा खत्वे, नगमा शाहिद र चन्दन झा रहेका छन । मनहरि श्रेष्ठ, सत्य नारायण चौधरी, रामसुन्दर महरा, कन्चना कुमारी पासवान, निनु कर्ण, कविता यादव, सुजाता देवी, परमिला महतो, औरमिला कुमारी यादव, मो. अन्सार खाँ र पूर्व राष्ट्रपति रामवरण यादवका छोरा डा. चन्द्रमोहन यादव पनि बन्द सूचीमा समेटिएका छन् ।

बन्दसूचीमा नाम परेकाहरुमा महेन्द्र यादव, राम नरेश कुशवाह, राजेन्द्र जयसवाल, प्रियनका दास, पवित्रा सुनार, सहजान खातुन, शान्ता कुमारी तामाङ, नियती सिंह, ग्याल्जे शेर्पा, पेम्वा छिरिङ तामाङ, सेतेमान तामाङ, महेन्द्र थिङ, विनोद प्रकाश कायस्थ, जगत बहादुर तामाङ, गणेशमान चक्रधर, भीमसेन दास प्रधान र नारायण श्रेष्ठ छन । त्यसैगरी, डा. गंगालक्ष्मी अवार, रेनुका काउचा मगर, कमला राजभण्डारी, शकुन्तला शर्मा, अर्जुननर सिंह के.सी., श्रीविनोद भट्टराई, सतादेवी देवकोटा, सीता थपलिया (उर्मिला), उमा शिवाकोटी र शर्मिला श्रेष्ठ रहेका छन ।

साथै, छिरिङ डोल्मा शेर्पा, नरेन्द्रजंग थापा, हरिशरण नेपाली, संज्ञा पोखरेल पौडेल, जगत बहादुर वराम, आइबहादुर गुरुङ, रोमी गौचन थकाली, राधा कार्की, माया राना, इन्दिरा खनाल, पार्वती आचार्य, संगीता घिमिरे, सिर्जना मल्ल र सुन्दर स्नेहीको नामपनि बन्द सूचीमा समावेश गरिएको छ । बन्द सूचीमा परेका अन्यमा रामानन्द चौधरी (ललन), झक बहादुर पुन, पुष्पा श्रेष्ठ, सुनिता कुमारी सुवेदी श्रेष्ठ, तौला राना, उषा राउत मिश्र, गंगा शाही, कृष्ण प्रसाद अधिकारी, विमला गैरे, रिता सिंह ओली, मधुप्रसाद न्यौपाने, मिनराज चौधरी, सन्तप्रसाद चौधरी, प्रतिमा चौधरी, देविका नेपाली र ललिता सुनार छन । यस्तै, दुखीराम लोनिया, मिश्रीलाल यादव, दिपनारायण वर्मा, अकिल मिया, ध्रुवबहादुर मल्ल, रोम रोकाय, कालिवहादुर सहकारी, पार्वती कुमारी गिरी, तारा बहादुर लामा र सरस्वती श्रेष्ठको नाम प्रत्यक्षतर्फको बन्दसूचीमा राखिएको छ ।

त्यसतै, मान वहादुर नेपाली, हजारी नेपाली वादी, करविर सिंह कार्की, यज्ञनिधि कोइराला, दिपेन्द्र बहादुर बम, विद्या देवी तिमिल्सिना, रिता कुमारी चौधरी, प्रसिस महरा, कल्पना के.सी., टेक बहादुर वि.क.र हरिना कामी गरी कुल १ सय १० जनाको नाम प्रत्यक्षतर्फको बन्दसूचीमा समावेश गरिएको छ ।

# गृह सचिवमा श्रेष्ठले कसरी मारे बाजी ?

काठमाडौं । सरकारले गृह सचिवसहित सात सचिवको अन्तर मन्त्रालय र आयोगमा सरुवा गरेको छ । पुस ११ गते शुक्रवार बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेतापनि मुख्यसचिव सुमनराज अर्यालले गोप्य राखेर सोमवार अर्थात पुस १४ गते दिउँसो मात्र सार्वजनिक गरेका थिए । मन्त्रिपरिषद बैठकले तीन महिना अगाडि मात्र रक्षा मन्त्रालयबाट गृह सचिवमा सरुवा गरेका सचिव रामेश्वर दंगाललाई लोकसेवा आयोगमा पुऱ्याएको छ । सो मन्त्रालयको सचिवमा भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा कार्यरत रहेका सचिव राजकुमार श्रेष्ठलाई खटाएको छ ।



गृहसचिव राजकुमार श्रेष्ठ

उनी सचिवमा बढुवा भएपछि कर्णाली प्रदेश, लोकसोवा आयोग हुँदै प्रधानमन्त्री कार्यलायमा कार्यरत रहेकै बखत गृह सचिवमा बाजी मार्न सफल भएका हुन् । तत्कालीन नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा गृहमन्त्री रहेका नारायणकाजी श्रेष्ठले लोकसेवा आयोगमा कार्यरत रहेकै बखत सचिव राजकुमारलाई गृहमा भित्र्याउन नखोजेका पनि होइनन् । तर, दुवैजना गोरखा निवासी भएकोले विरोध हुने डरले सरुवा गर्न सकेका थिएनन् ।

यसपटक भने प्रधानमन्त्री सुशीला कार्की र उनको प्रमुख स्वकीय सचिव आदर्श श्रेष्ठ र सचिवालय टिमकै रोजाईमा सचिव श्रेष्ठलाई गृहमा सरुवा गरिएको बालुवाटार स्रोतले दावी गरेको छ । यस्तै, लोक सेवा आयोगका सचिव किरणराज शर्मालाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरूवा गरिएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा कार्यरत शक्तिशाली भनिएका सचिव डा. कृष्णहरि पुष्करलाई भने कामकाजविहीन उपराष्ट्रपतिको कार्यालयमा छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा राष्ट्रपति कार्यालयबाट सचिव डा. दीपक काफ्लेलाई खटाइएको छ । युवा तथा खेलकुद सचिव रहेका डा. हरि लम्साललाई भने राष्ट्रपतिको कार्यालयमा सरुवा गरिएको छ ।

सो मन्त्रालयमा भने उपराष्ट्रपति कार्यालयबाट सचिव लोकनाथ पौडेललाई सरूवा गरिएको छ । पौडेलले सचिव बढुवा भएपछि मन्त्रालयको सचिव बन्ने पहिलो अवसर पाएका हुन् । ०७९ बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा काठमाडौं महानगरपालिकाको मेयरमा वालेन शाह निर्वाचित भएर पद बहाली गर्दा पौडेल प्रमुख प्रशासकीय अधिकृत रहेका थिए । यतिखेर मेयर शाहकै सिफारिसमा खेलकुद मन्त्री बब्लु गुप्ताले पौडेललाई मन्त्रालयमा भित्र्याएको स्रोतको दावी छ ।



# अर्थात् : जेमन्त



– शरदराज गौतम –

*कतै कोही गहिरो मुस्कान फालेर बस्दो छ ।*
*ऊ हाँसेर कसैलाई गिज्याई बस्न सक्तैन ।*
*किनकि उसलाई मालुम छ, चिनिनु सबभन्दा खराब ।*
*तर पनि, ओंठहरुलाई गहिरो नपारी पनि धरै छैन ।*
*यो सबै, निजी तुष्टिमा शासन प्रणाली ठिक पार्न गरिएको*
*छयालिस सालको गल्ती हो ।*
*बासट्ठी त्रिसट्ठीको गल्ती हो, यो ।*
*जो जो हिंडे धुपबत्ती गर्न भनेर ।*
*र, जस जसलाई आफूसितको देउताको विश्वास थिएन ।*
*ती सबलाई, चाकाचुली खेलको स्वाद दिलाईयो ।*
*चुली पुर्‍याएर झारेको रोमाञ्चकतामा ।*
*नेपालमा सबभन्दा तन्नम् पेशाको राजनीतिलाई*
*ओभरकोट लगाई दिएर घ्यू ख्वाइयो ।*
*आज थकथकिएर पनि सच्चिन्न, सच्चिन सकिंदैन ।*
*समस्या मुलुकको गरिबी मात्रै थियो भने पनि*
*गरिब कहिल्यै केन्द्रमा परेनन् ।*
*समस्या आधारभूत मानवअधिकार थियो भने पनि*
*मानवअधिकार कुण्ठित पर्नेहरु कहिल्यै लक्षित हुन पाएनन् ।*
*आज राजनीति गर्नेहरु फेरि पनि*
*कुर्सी दौडको सांगीतिक खेललाई नै मियो मान्न पुग्दछन,*
*र, अन्तिम उपाय भनि तोक्छन् भने ।*
*गल्ती तिनको हुँदै होइन ।*
*ती नानी देखिन लागेका दुर्व्यसनमा परेका हुन् ।*
*कसैले देउवालाई धसिएको कालोमोसोले*
*उनको राजनीतिक चेत फिर्छ जस्तो लाग्छ भन्दैमा*
*कसैले हेलिकप्टरमा भाग्दै गर्दाको ओली*
*अपुताली नगद सम्पतिको लोभ गर्दैनन् भन्यो भने*
*वा सैनिक बलको सहयोगमा लुक्दै गर्दा*
*प्रचण्डको सर्वोच्चताको स्वैरकल्पना हरायो भन्छ भने*
*हामी सब तमासे भएको प्रमाणित हुनु हो ।*
*यतिखेर, यै तमासे तेलकासा खेलमा*
*मुलुकको राजनीति सफाई गर्छु भन्नेहरु पनि मिसिएका छन् ।*
*भन्नै पर्छ, मुलुकको राजनीति 'डुम'मा परेकै हो ।*
*तेलकासा खेलमा 'डुम' बनाउनु अनिवार्य हुन्छ ।*
*छोई छोई खेलको यो नै अन्तर्य पनि हो ।*
*'डुम' बन्नु भनेको अछुत बन्नु पर्ने होइन ।*
*डुमसित नछोइने दौडमा दौडिने हो ।*
*नेपाली राजनीतिका उदयीमान र भरलाग्दा खेलाडी समेत ।*
*तेलकासामा छोइ छोइ खेल्न भिड्दा*
*मुलुको सर्पूर्ण शासनविधि*
*कसको हातको मकुण्डोको धागो हुँदैछ देखिन शुरु भएको छ ।*
*सिंगो मुलुक कोइ कतै किस्तीमा बोकी हिंड्दो छ ।*
*घुँडा दोब्याएर कोई यो मुलुकको*
*विधिवत विघटनको राज्याभिषेक गर्दोछ ।*
*ओंठमा गहिरो मुस्कान बोकी अज्ञात र अदृश्य बस्ने मानिस*
*हेरि बस्दो छ,*
*नेपाली हामी रहौंला कहाँ*
*नेपालै नरहे*
*नेपालै नरहे !*

## लहरको राजनीतिमा...

बन्दै गएको छ कि अहिले नै ठोस अनुमान गर्न सकिने अवस्था छैन । तर 'जेन-जी' (Gen-Z) आन्दोलनपछि पुराना दलहरूप्रति पलाएको वितृष्णा क्रमश: घट्दै गएको र नयाँ दलहरूको व्यवस्थापन कमजोरीका कारण उनीहरूप्रतिको आकर्षण पनि कम हुँदै गएको देखिन्छ ।

सुरुवाती दिनमा नयाँ दल र पात्रहरूप्रति देखिएको 'क्रेज' अहिले बिस्तारै घट्दो क्रममा छ । समानुपातिक सूचीमा नेताका आसेपासे, कुलीन र सेलिब्रेटीहरूलाई राखेपछि "यी पनि उस्तै रहेछन्" भन्ने अनुभूति जनतामा बढेको छ ।

रवि लामिछाने कारागारबाट मुक्त भएपछि बालेन्द्र शाहलाई रास्वपाको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिनु तथा कुलमान घिसिङको संरक्षकत्वमा रहेको 'उज्यालो नेपाल पार्टी' रास्वपामा विलय भएपछि थप तरंग आएको थियो । तर, समानुपातिक सूची र पार्टीभित्रको हैसियतलाई लिएर उज्यालो नेपाल समूह पुन: आफ्नै पार्टीमा फर्किन सक्ने परिस्थिति देखिँदैछ । यदि यसो भयो भने नयाँ भनिएका दलहरू आफ्नैभित्रको किचलो र कार्यकर्ता व्यवस्थापनमा अल्झिनेछन् ।

**लहर सधैं अनपेक्षित हुन्छ**

नेपाली राजनीति विचार र सिद्धान्तभन्दा बढी तत्कालको 'लहर' मा चल्ने भएकाले यसै भन्न सकिँदैन । यति भने निश्चित छ-यस पटकको लहर पुराना दलहरूको पक्षमा नहुन सक्छ । २०४६ पछि बहुदलवादीहरूको पक्षमा लहर आउँदा राजावादी शक्ति परास्त भयो, २०६२/६३ पछि माओवादीको पक्षमा लहर आयो । त्यसरी नै यसपाली पनि नयाँ पात्रहरूको पक्षमा लहर आउन सक्छ ।

त्यसबेलाको लहरमा 'मसिहा' ठानिएका केपी ओली झापाबाट पराजित भएका थिए भने पटक-पटक प्रधानमन्त्री भएका सूर्यबहादुर थापा धनकुटाबाट पराजित भएका थिए । त्यसैले नेपालमा राजनीतिक लहर सधैं अनपेक्षित हुन्छ । यदि पुराना दलहरूले समयमै बुद्धि पुर्‍याएनन् भने उनीहरूको 'पत्तासाफ' हुने सम्भावना बलियो छ ।

**अन्तरिम सरकार, सेना र निर्वाचनको सुनिश्चितता**

जहाँसम्म निर्वाचनको कुरा छ, अब ठूलो अन्योल देखिँदैन । अन्तरिम सरकार ढाल्ने उद्देश्यले अनशनमा बसेका निकोलस भुसालहरूसँग सरकारले सहमति गरिसकेको छ । त्यसैले सरकार परिवर्तनको खेल तत्कालका लागि समाप्त भएको मानिएको छ । २०८२ भदौ २३ र २४ को अवस्था सामान्यीकरण गर्न नेपाली सेनाको महत्त्वपूर्ण भूमिका रहेको बताइन्छ । आगामी निर्वाचनमा सेना परिचालन हुने निर्णय सार्वजनिक भइसकेको छ । यो निर्वाचन पूर्ण सुरक्षा व्यवस्थामा हुनेमा शंका छैन । सुरक्षाको बहानामा निर्वाचनको वातावरण बनेन भन्ने दलहरूका लागि यो चुनौती बन्न सक्छ ।

**विघटनपछि पुराना पात्रको पुनरावृत्ति ?**

प्रतिनिधिसभा विघटन र नयाँ निर्वाचनको घोषणा हुनुको अर्थ पुराना प्रतिनिधिको अन्त्य हो । यस अर्थमा विघटनका बेला रहेका अधिकांश सदस्यहरू जनताले नरुचाएका पात्र हुन् भन्ने बुझ्नुपर्छ । अपवाद बाहेक उनीहरू नदोहोरिनु उचित भए पनि व्यवहारमा ती नै पात्रहरू पुन: उम्मेदवार बन्ने देखिन्छ ।

तरल परिस्थितिमा आन्तरिक समीकरणले मात्र राजनीति चल्दैन । विश्व राजनीति सुनियोजित रूपमा चल्ने गर्दछ । भेनेजुएलाका राष्ट्रपतिलाई अमेरिकाले न्युयोर्क पुर्‍याएर सोधपुछ गर्न थालेको घटनाले पनि यही संकेत गर्छ । नेपालमा पनि २०८२ भदौ २३ र २४ गतेपछि पुराना दल र नेताहरूलाई गलाउने वा निषेध गर्ने रणनीति देखिन थालेको छ । अन्तरिम सरकारका विवादास्पद निर्णयहरू-भूमि आयोग खारेजी र राजदूत फिर्ताले पनि यही संकेत गर्छन् । सर्वोच्च अदालतको अन्तरिम आदेशपछि पनि राजदूत फिर्ताको निर्णय नसच्चिनु, पुराना दलहरूको अन्तर्राष्ट्रिय पहुँच काट्ने रणनीति हुन सक्छ ।

**अन्तिम निष्कर्ष: साइजमा ल्याउने राजनीति**

यसरी हेर्दा अन्तरिम सरकारले पुराना दलहरूलाई साथ दिएजस्तो देखिए पनि मूल उद्देश्य उनीहरूलाई 'साइज' मा ल्याउनु नै हो । यदि निर्वाचनमा पुरानै पात्रहरूको बाहुल्यता रहयो भने राजनीतिक अन्योल झन् बढ्नेछ । बालेन्द्र शाह आगामी प्रधानमन्त्री बन्ने सुनिश्चितता नै यस निर्वाचनको अन्तिम कडी बन्न सक्ने आँकलन पनि भइरहेको छ ।

राजनीतिक उथलपुथल प्रतिनिधिसभा निर्वाचनमै अन्त्य हुने देखिँदैन। प्रतिनिधिसभालाई उद्गमबिन्दु बनाएर संविधान संशोधन, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख, प्रदेश सभा र प्रदेश सरकार खारेजीसम्म बहस पुग्नेछ। त्यस अवस्थामा प्रतिनिधिसभाको बहुमत मात्र पर्याप्त हुने छैन, राष्ट्रिय सभाको भूमिका पनि निर्णायक हुनेछ । यदि राष्ट्रिय सभा अनुकूल नभए त्यसको पनि व्यवस्थापन गर्ने गरी राजनीति अगाडि बढ्ने संकेत देखिन थालेको छ । यो भविष्यवाणी गर्न अहिले हतार भएको मानिने छैन ।

## *निर्वाचन कि...*

*मात्रै समय बाँकी रहेको छ । तर, म्यादी प्रहरी भर्तिको प्रक्रिया नै सुरु भएको छैन ।*

*उनीहरुलाई भर्ति गरेर तालिम दिएर फिल्डमा खटाउने कुरामै समस्या देखिएको छ । त्यसैले सरकारले चुनावको वातावरण बनाउन विस्तारै आफै सकेको छैन भन्ने माहोल सिर्जना भइरहेको बुझाई पनि राजनीतिक दलहरु रहेका छन् । चुनाव हुने ग्यारेन्टी नभएकै कारण कुलमान घिसिङ, बब्लु गुप्ता र जगदिश खरेललगायतका मन्त्रीहरुले राजीनामा नदिएको पनि बताइन्छ । चुनावी सरकारका मन्त्रीले नैतिकताको आधारमा राजीनामा दिनुपर्नेमा उनीहरु उम्मेदवार हुने चर्चाका वीचमा पनि सरकारमा बस्नुमा उनीहरु स्वयम् चुनाव हुन्छ भन्ने विश्वासमा नभएको पनि स्रोतको दाबी छ ।*

*त्यसो त, पछिल्ला दिनमा कांग्रेस, एमाले र नेकपाको राजनीकि लाइन पनि मिल्न थालेको छ । उनीहरु अहिले चुनावको वातावरण नबनेका कारण एकसाथ चुनावमा जान सकिने अवस्था नभएको पनि बुझाइमा पुगेका छन् । त्यस्तो अवस्थामा सर्वपक्षीय सरकार बनाएर जान सकिने कुरामा तीन दल पुगेका छन् । त्यसका लागि वातावरण बनाउने प्रयास भने दलहरुले गरिरहेका छन् ।*

*सर्वपक्षीय सरकार बन्ने अवस्थामा एमालेले पनि संसद पुनस्थापनाको मुद्दालाई प्राथमिकता नदिने रणनीति लिने पनि स्रोतको भनाइ छ । उच्च स्रोतका अनुसार, अहिले नेकपा बाहेकका दलहरु सर्वपक्षीय सरकारको पक्षमा सहमत रहेकाछन् । तर, विस्तारै प्रचण्डलाई पनि सहमत गराउने भूमिकामा शीर्ष नेताहरु लागेको र त्यही अनुसार ओली र प्रचण्डवीच भेट भएको पनि स्रोतहरुले उल्लेख गरेका छन् ।*

*त्यसको संकेत भने एमाले र कांग्रेसले नेकपालाई राष्ट्रिय सभामा समेटेर लैजाने कुरामा छलफल अघि बढाएका छन् । नेकपामात्र होइन, मधेश केन्द्रित दललाई पनि समेट्न खोजेका छन् । मधेश केन्द्रित दललाई समेट्न कांग्रेसले छलफल अघि बढाइसकेको छ । अनि, कांग्रेसको एउटा पंक्तिले नेकपासँग पनि छलफल अघि बढाएको थियो । कांग्रेससँग भइरहेको छलफलपछि प्रचण्डले ओलीसँग संवाद गरेको हुन् । ओलीसँग भेट गरेर प्रचण्ड भारत जानुलाई पनि पनि अर्थपूर्ण रुपमा हेरिएको छ ।*

*पछिल्ला दिनमा नेपालको भूराजनीतिक सन्तुलनमा समस्या देखिएको छ । त्यो समस्यालाई बुझेका ओली, देउवा र प्रचण्डले सन्तुलन मिलाउने प्रयासमा देखिएका छन् । पछिल्ला दिनमा नयाँहरुको क्रेजका वीचमा भूराजनीतिक चासो अस्वभाविक बढेको र त्यसले दललाई दबाबमा राखेका कारण पनि दलहरु आफ्नो सामूहिक प्रतिबादको रणनीतिमा लागेका स्रोतहरुले उल्लेख गरेका छन् । त्यसैले, दलहरुले भूराजनीतिक सन्तुलन कायम राख्न सकेको अवस्थामा २१ फागुनको चुनाव सर्ने दाबी गरिएको छ ।*

*केही समयअघि देखि नै सर्वपक्षीय सरकारको मुद्दा भने उठिरहेको छ । यो मुद्दालाई सहजै पन्छाउन नसक्ने अवस्था रहेको भन्दै केही जेन-जी अगुवाले पनि बोल्न थालेका छन् । यसलाई पनि गम्भीरतापूर्वक लिनुपर्ने चर्चा रहेको छ ।*

## एमाले अध्यक्ष...

शक्तिको रणनीतिमा रहेको दाबी गरिएको छ ।

त्यसो हुन नसके अन्तिम विकल्पका रूपमा ओलीलाई कमजोर बनाउँदै चुनाव हार्ने अवस्थामा पुर्‍याउने र एमालेको सिट संख्या तथा प्रभाव अहिलेको भन्दा धेरै घटाउने योजना अघि बढाइएको स्रोत बताउँछ । अहिलेको राजनीतिक रापतापमै निर्वाचन भए एमाले कमजोर बनाउने नीति भारत र पश्चिमा शक्तिहरूको साझा बुझाइ रहेको विश्लेषण गरिएको छ ।

कूटनीतिक स्रोतहरूका अनुसार भारत र केही पश्चिमा देशहरू नेपालमा नयाँ राजनीतिक शक्तिहरू सत्तामा आए सहज रूपमा 'ह्यान्डल' गर्न सकिने विश्वासमा छन् । यही कारण उनीहरूले भारतस्थित शक्तिकेन्द्रमार्फत काठमाडौंमा दुई मुख्य विषयमा चासो राखिरहेको बताइन्छ । पहिलो, चीन तथा चीन निकट शक्तिहरूको प्रभाव जसरी पनि कमजोर पार्ने । दोस्रो, निर्वाचन प्रक्रियामै एमालेका प्रमुख नेताहरू उम्मेदवार बन्न नपाउने अवस्था सिर्जना गर्ने, वा कम्तीमा पनि उनीहरूको प्रभाव सीमित राख्ने रणनीति अपनाउने ।

२०८२ फागुन २१ गते नै निर्वाचन गराउन बाह्य शक्तिहरूले सहयोग गर्ने तर चीनको सहयोग नेपालले नलियोस् भन्ने सन्देश दिइँदै आएको स्रोतको दाबी छ । सोहीअनुसार अन्तरिम सरकार र राज्य संयन्त्रभित्र समेत अनुकूल 'मेसिनरी' फिट गराउने प्रयास भइरहेको चर्चा कूटनीतिक वृत्तमा चलिरहेको छ । यस्तो अवस्थामा सम्पन्न हुने निर्वाचनले एमाले र ओलीलाई कमजोर बनाउने रणनीति भारत र पश्चिमा शक्तिको साझा एजेन्डा बनेको विश्लेषण भइरहेको छ। यही कारण अहिले एमालेभित्र आन्तरिक किचलो बढाउने प्रयास तीव्र बनाइएको देखिन्छ ।

कूटनीतिज्ञहरूको बुझाइमा एमाले देशकै सबैभन्दा संगठित र अनुशासित पार्टी भएकाले यसलाई कमजोर पार्न सके अन्य राजनीतिक शक्तिहरूलाई पनि सहजै प्रभावमा ल्याउन सकिने विश्वास विदेशी शक्तिहरूको रहेको छ । त्यसैले अहिले एमालेमाथि चौतर्फी राजनीतिक, कूटनीतिक र मनोवैज्ञानिक दबाब सिर्जना गरिएको देखिएको छ ।

## गृहको...

थिए । मिराज ढुंगाना, डा. निकोलस भुषाल मात्र होइन पूर्व प्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठनमा महत्वपूर्ण भूमिका खेल्ने सुदन गुरुङसमेत मन्त्री अर्यालको कार्यशैलीप्रति बेखुश भएर राजीनामा माग्ने गरेका छन् । तिब्बतीयन शरणार्थी भएको आरोपमा मन्त्री अर्यालले आफूलाई नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागमार्फत गोरखा र चितवनमा अनुसन्धान गर्न गोप्य रुपमा टोली खटाएको सुदन गुरुङ्गहरुले बताउने गरेका छन् ।

सचिव दंगाललाई अख्तियार र रक्षा सचिव बनाउने काम अख्तियार प्रमुख प्रेम राईकै निर्देशनमा जेनजी आन्दोलनपछि गठित अन्तरिम सरकारका गृहमन्त्री अर्याल र निवर्तमान मुख्यसचिव एकनारायण अर्यालको पुरै आशीर्वाद रहेको चर्चा सिंहदरवारमा चल्ने गरेको थियो । यो कुराको सुइँको प्रधानमन्त्री कार्कीले पाएकी थिईन । योसँगै तीन महिनामै २०८२ पुष ११ गतेको मन्त्रिपरिषद बैठकबाट निर्णय गर्दै लोकसेवा आयोगमा कार्यरत गोरखा निवासी सचिव राजकुमार श्रेष्ठलाई गृहमा सरुवा गर्दै सचिव दंगाललाई भने लोकसेवा आयोगमा खटाइएको छ ।

## ओली–प्रचण्डको...

कांग्रेसलाई साथ दिएका थिए । त्यसले गर्दा कांग्रेस अहिले मधेश केन्द्रित दलसँग मिल्ने भएको हो ।

कांग्रेस महन्थ ठाकुरलाई राष्ट्रिय सभामा ल्याउन सहमत भएको छ । अहिले ठाकुरलाई राष्ट्रिय सभामा ल्याउन कांग्रेसले सहमति जनाउनुको कारण भने पहिला ठाकुरले कांग्रेसलाई मुख्यमन्त्री दिन सहमत हुनुसँग जोडिएको छ ।

लोसपाले मुख्यमन्त्री दाबी गरिरहेको थियो । तर, कांग्रेससँग छलफलमा लोसपा अध्यक्ष ठाकुरलाई राष्ट्रिय सभमामा ल्याउन सहमति जनाएपछि लोसपाबाट मुख्यमन्त्रीमा दाबी गरिरहेका जितेन्द्र सोनल ब्याक भएका थिए । र, कांग्रेसले मुख्यमन्त्री पाउने सहमति भएको हो । लोसपाले जसपा नेपालसँग एकता गर्ने सहमति भएका कारणले पनि उपेन्द्र यादव स्वयम् पनि ठाकुरलाई राष्ट्रिय सभामा पठाउन चाहन्छन् । उनलाई त्यहाँ पठाएर पार्टीमा आफ्नो प्रतिस्पर्धी नहोस् भन्ने यादवको चाहना रहेको छ । त्यसो त, ठाकुरा भने आफू राष्ट्रिय सभामा आएर छोरीलाई महोत्तरीमा चुनाव उठाउने मनसायमा रहेको पनि स्रोतहरुको दाबी रहेको छ । नेकपाभित्र भने कांग्रेससँग बार्गेनिङ बढाउन ओलीले प्रचण्डसँग भेट गरेको चर्चा गरिएको छ ।

## शक्तिशाली...

चौलागाईंलाई बन मन्त्रालयको नेतृत्वमा ल्याउन प्रमुख भूमिका खेलेको स्रोतको बुझाई रहेको छ । त्यसैले अन्तरिम प्रधानमन्त्री सुशीला कार्की नेतृत्वको सरकारले बन मन्त्रालयको नेतृत्वमा हिमाली जिल्लाका बासिन्दा अर्थात् हिमाली क्षेत्रमा काम गरेको नाताले मन्त्री चौलागाईंलाई समावेश गरेको बताइन्छ ।

अमेरिकी संस्था बारबारा फाउन्डेसनले चीनसँग सीमा जोडिएका जिल्लाहरूमा भू-राजनीतिक चलखेल गर्न सो क्षेत्रका नेता, सामाजिक अभियन्ता र समाजका अगुवाहरूलाई मन्त्री बनाउन प्राथमिकतामा दिने गरेको छ । सोहीअनुसार मन्त्री घिसिङ, सञ्चार मन्त्री जगदिश खरेल, शिक्षा मन्त्री महावीर पुन, वन मन्त्री चौलागाईंलाई वर्तमान अन्तरिम सरकारमा सम्मिलित गराउन सफल भएको स्रोतले दाबी गरेको छ । उता, मन्त्री कुलमान काठमाडौं क्षेत्र नं ३ बाट प्रतिनिधि सभा निर्वाचनमा उम्मेदवार बन्ने तयारी गरिरहेको चर्चा पनि छ ।

त्यसैले विघटित प्रतिनिधि सभामा नेपाली कांग्रेसका सांसद रहेका सन्तोष चालिसेविरूद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको चर्चा बाहिर आएको छ । चालिसे प्रतिनिधि सभा अन्तर्गतको अर्थ समितिका पूर्व सभापतिसमेत हुन् । उनीविरुद्ध अकुत सम्पत्ति आर्जन गरेको आरोपमा आयोगले तीन करोड ६८ लाख ४७ हजार ७ सय ६१ रूपैयाँसहित मुद्दा दायर गरेको छ । काठमाडौं निवासी चालिसेको करोडौं मूल्यको पैतृक सम्पत्ति रहेकोले कुन विषयमा भ्रष्टाचार गरेको किटानी नगरी आयोगले आरोप पत्र दायर गरेको चर्चा चल्ने गरेको छ ।

मन्त्री कुलमानले आफू सो क्षेत्रबाट सांसदको उम्मेदवार बन्ने भएपछि प्रतिद्वन्द्वी कांग्रेसका निवर्तमान सांसदलाई अख्तियार लगाएर सिध्याउन खोजेको आरोप लाग्ने गरेको छ । मन्त्री घिसिङले रास्वपासँग पार्टी एकीकरण गर्नु अगाडिसम्म आफूलाई भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्दै आएका थिए । तर, एकीकरणपछि उनी सो पार्टीको तेस्रो वरीयता अर्थात उपसभापतिमा सीमित हुन पुगेका छन् । सो पार्टीले भावी प्रधानमन्त्रीको रुपमा भने हाल काठमाडौं महानगरपालिका मेयर वालेन्द्र शाहलाई अगाडि सारेको छ ।

तरपनि यतिखेर काठमाडौं क्षेत्र नं ३ कांग्रेस र एमालेका कार्यकर्ताहरू बिहान-बेलुकी प्राय बौद्ध महाङ्कालस्थित मन्त्री घिसिङको निवासमा बाक्लै आउजाउ र भेटघाट सुरु गरिसकेका छन् । यतिसम्मकि नेपाली कांग्रेसका महाधिवेशन प्रतिनिधिसमेत रहेका कुमार सुवेदी सो पार्टी छोडेर उज्यालो नेपाल पार्टीमा प्रवेश गर्दै प्रचारप्रसार प्रमुखको जिम्मेवारी पाइसकेका थिए । तर, सो पार्टी नै रास्वपामा विलय भएसँगै उनी हिस्स पर्न पुगेका छन् ।

## नयाँ दल:...

थिए । उहाँको स्वास्थ्य अवस्था र मागप्रति रवि-बालेन समूहको उदासीनताले यो समूह आफूहरूप्रति असहमति राख्ने पक्षप्रति असहिष्णु रहेको पनि देखाउँछ । यस समूहले निकोलस भुसालसँग वार्ता गरेर समस्याको समाधान खोज्न सरकारसँग आव्हानसम्म पनि गरेको सुनिएको सुनिएन, सरकार नै अग्रसर भएपछि भोक हडताल तोडेका छन् ।

दुर्गा प्रसाईंले सरकारसँग निकोलस भुसालसित वार्ता गरेर समस्याको समाधान गर्न सार्वजनिक रूपमा आह्वान गरेको कुरा पनि प्रस्तुत सन्दर्भमा उल्लेखनीय छ । विगतमा डाक्टर गोविन्द के.सी.लगायतले नयाँ मेडिकल कलेज खोल्ने स्वीकृति रोक्नुपर्ने जस्ता राष्ट्रको वृहत्तर हितविरुद्ध माग राखेर अनसन गर्दा हत्त न पत्त अनसनस्थल पुग्ने पूर्व प्रधानमन्त्रीहरू तथा गगन थापालगायत नेताहरूले पनि निकोलस भुसालसँग भेट गर्ने र उहाँको स्वास्थ्य अवस्थाप्रति संवेदनशील हुँदै सरकारलाई दबाब दिने जाँगर नदेखाएको कुरा उत्तिकै अर्थपूर्ण मान्न सकिन्छ ।

**कांग्रेसको आन्तरिक द्वन्द्व : आक्रोश कि बाह्य प्रभाव ?**

अहिले नेपाली कांग्रेसले आफ्नो १५औं महाधिवेशन आगामी २०८३ वैशाख २८-३१ गते गर्ने निर्णय सार्वजनिक गरेको छ । अर्कोतर्फ, यही पुसभित्र पार्टीको विशेष महाधिवेशन गर्ने पहल कांग्रेसका महामन्त्रीद्वयले गरेको कुरा पनि सार्वजनिक भएको छ ।

कांग्रेसभित्रको अहिलेको विवाद नेतृत्वको स्वेच्छाचारिताप्रतिको आक्रोशले मात्रै सिर्जना भएको हो कि कुनै खास शक्तिराष्ट्रको स्वार्थअनुरूप काम गर्ने चाहना राख्ने समूहहरूको एकीकृत प्रयासका कारण उत्पन्न भएको हो भन्ने कुरा अझै स्पष्ट भइसकेको छैन । तर, अहिलेको संक्रमणकालमा रहेको नेपाली कांग्रेस तोडफोड गर्ने गगन थापाहरु पार्टी र देशको हितविरुद्ध लागेका छन् भनेर भन्दा अतियुक्ति नहुन सक्छ ।

इतिहासमा नेतृत्व स्वेच्छाचारी हुँदा दलभित्र असन्तुष्ट समूहले नेतृत्वको विस्थापन र परिवर्तनका लागि आफ्नो शक्ति प्रयोग गर्ने प्रयास गरेका उदाहरणहरू पाइन्छन् । तर, २०८२ फाल्गुण २१ गते प्रतिनिधिसभा निर्वाचनको मिति तोकिएको र मतदान गर्न ५९ दिन मात्रै बाँकी रहेको अवस्थामा पुसमै विशेष महाधिवेशन गर्नुपर्ने माग उठ्नु केवल नेतृत्वविरुद्धको आक्रोश हो कि यसको पछाडि नेपालको राजनीतिलाई आफ्नो पक्षमा पार्ने बाह्य शक्तिको ग्राण्ड डिजाइन र भूमिका पनि छ भन्ने प्रश्नको उत्तर पाउन अझै केही समय प्रतीक्षा गर्नुपर्ने देखिन्छ ।

**न्यायालयमाथि आलोचना र आत्मसमीक्षाको आवश्यकता**

यसैबीच सामाजिक सञ्जालमा न्यायालय लक्षित आक्रमणप्रति प्रधान न्यायाधीश प्रकाश मान सिंह राउत र न्यायाधीशहरूले चिन्ता व्यक्त गरेको विषय पनि सार्वजनिक भएको छ । कसैमाथि पनि अनुचित आक्रमण हुनु हुँदैन भन्ने कुरामा असहमति हुने कारण छैन ।

तर, कसैले अनुचित वा गलत कार्य गर्दा पनि ऊ पत्रकार, न्यायाधीश वा अन्य कुनै विशेष व्यक्ति वा पदाधिकारी भएकै कारण आलोचना गर्न नहुने भन्ने धारणा पनि जायज हुँदैन । त्यसैले न्यायालय र न्यायाधीशहरूले समेत आफ्ना कर्तव्य, जिम्मेवारी, दायित्व र भूमिकाको सूक्ष्म समीक्षा गर्दै आफ्नो तर्फबाट संस्थागत र व्यक्तिगत रुपमा भएका कमीकमजोरीप्रति उठ्ने आलोचनालाई स्वीकार गर्ने संस्कार विकास गर्न जरुरी छ ।

**निष्कर्ष : साझा समाधानबिनाको विकल्प छैन**

मुलुकका अहिलेका समस्याहरूको समाधान कुनै एक व्यक्ति वा समूहले मात्रै गर्न सक्ने अवस्था छैन । त्यसैले सर्वपक्षीय भेलामार्फत नीतिगत, कानूनी तथा संरचनागत सबै समस्याको समाधान खोज्नतर्फ सबैको ध्यान केन्द्रित हुनु राष्ट्रहितमा हुनेछ ।

## *प्रहरीका...*

*सोही प्रस्तावमा अर्थले सहमति दिएको गृह मन्त्रालय स्रोतले जानकारी दिएको छ । अर्थले हाल सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा कार्यरत प्रहरी कर्मचारीलाई पनि अन्यत्र स्थानान्तरण गर्न सहमति दिएको बताइन्छ ।*

*जनपद प्रहरी समूहअन्तर्गत हाल वरिष्ठ एसपीबाट एसएसपीमा बढुवाका लागि पहिलो सूचीमा १६ जना रहेका छन् । पहिलो सूचीमा क्रमश: १) रामप्रकाश शाह २) भुवनेश्वर तिवारी ३) ऋषिराम कँडेल ४) सुरेशप्रसाद काफ्ले ५) अमरेन्द्रबहादुर सिंह ६) श्याम सिंह चौधरी ७) नकुल पोखरेल ८) पदमबहादुर विष्ट ९) सुवासचन्द्र बोहरा १०) वासुदेव खतिवडा र ११) प्रजित के.सी प्रतिस्पर्धामा रहेका छन् ।*

*यदि हाल रिक्त १० वटा एसएसपी पदमा वरिष्ठ एसपीहरूबाटै बढुवा सिफारिस हुने हो भने १० नम्बरमा वासुदेव खतिवडासम्मले बढुवा सिफारिसको अवसर पाउनेछन् । तर, विगतमा विभागीय कारबाहीमा परेका, कार्यक्षमतामा कमजोर रही कार्यसम्पादन, मूल्यांकनमा पनि कमजोर जस्ता समग्र मूल्यांकन र बढुवाका लागि आवश्यक प्राप्त अंकलाई आधार मानेको खण्डमा एसएसपी बढुवामा वरिष्ठको पंक्ति अगाडि र पछाडि पर्न सक्ने सम्भावना पनि उत्तिकै रहेको छ ।*

*एसपी भुवनेश्वर तिवारीमाथि भने धनुषामा कार्यरत रहँदा मिटरव्याजीहरुको पक्षमा लागेर पीडितहरुलाई अन्याय गरेको आरोप खेप्दै आएका हुन् । ०८२ कात्तिक १७ गते पाँचजना एसएसपीहरू प्रहरी नायब महानिरीक्षक (डीआईजी) मा बढुवा भएका थिए । त्यससँगै संगठनमा ७ एसएसपीको दरबन्दी रिक्त हुन पुगेको थियो ।*

*अब शुद्धीकरण विभाग पुल्चोकमा एसपीको नेतृत्वमा कार्यरत प्रहरीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को आर्थिक तथा वित्तीय अपराध अनुसन्धान महाशाखामा स्थानान्तरण गर्ने बाटो खुल्ला भएको छ । जसका लागि गृहले अर्थसँग सहमति माग गरेको थियो । उक्त महाशाखा गठन भएपछि आर्थिक अपराध अनुसन्धान गर्ने दक्ष र अनुभवी प्रहरी कर्मचारीको अभाव रहेको गुनासाहरु रहेका थिए । फाइनान्सियल एक्सन टास्क फोर्स (एफएटीएफ) ले नेपाललाई जोखिमपूर्ण सूची (ग्रे लिस्ट)मा राखेको छ । योसँगै प्रहरी प्रधान कार्यालयले आर्थिक अपराध अनुसन्धान गर्न प्रहरीमा छुट्टै महाशाखा गठन गरेको थियो ।*

*शुरूमा यो महाशाखाको नेतृत्व तत्कालीन अवस्थामा सीआईबीमै कार्यरत एसएसपी होबिन्द्र बोगटीले गरेका थिए । बोगटीको जिल्ला प्रहरी परिसर ललितपुरमा सरुवा भएपछि अहिले यो महाशाखा डीएसपीले नेतृत्व गर्दै आएका छन् । यो महाशाखाका लागि पनि एसएसपीको दरबन्दीका लागि गृहले अर्थसँग सहमति मागेको थियो । जसमा अर्थले सहमति दिइसकेको छ ।*

## पुस २७...

स्वार्थ-केन्द्रित संस्था नभई राष्ट्रिय एकता, स्थायित्व र निरन्तरताको प्रतीक थियो । उनीहरू पृथ्वीनारायण शाहको एकीकरण अभियानदेखि राष्ट्रवादी राजा महेन्द्रकालीन केन्द्रीय शासनसम्मलाई राज्य मजबुत बनाउने कालखण्डका रूपमा व्याख्या गर्छन् ।

यद्यपि आलोचकहरू भने निरंकुशता, शक्ति केन्द्रीकरण र नागरिक अधिकार सीमित भएको इतिहास स्मरण गराउँदै पुन:स्थापनाको माग अव्यावहारिक रहेको तर्क गर्छन् । तर, बहसको पुनरुत्थान आफैंमा वर्तमान प्रणालीप्रतिको असन्तोषको संकेत भने निर्विवाद छ ।

**पुस २७, पूर्वराजाको सम्बोधन : कडा सन्देश आउने संकेत ?**

यसै सन्दर्भमा पृथ्वीनारायण शाहको जन्मजयन्तीपछि सात दिन(२०८२ पुस २७ गते)भित्र पूर्वराजा ज्ञानेन्द्र वीर विक्रम शाह देवले देशवासीका नाममा सम्बोधन गर्ने चर्चा बौद्धिक तथा राजतन्त्र पक्षधर वृत्तमा तीव्र बनेको छ ।

राजसंस्था निकट स्रोत र विश्लेषकहरूका अनुसार, यस पटकको सम्बोधन अघिल्ला सम्बोधनभन्दा "कडा, स्पष्ट र राजनीतिक सन्देशयुक्त" हुन सक्ने संकेत दिएका छन् । यसअघि पूर्वराजा शाहका सन्देशहरू प्राय: सांकेतिक, संयमित र राष्ट्रिय एकता तथा मूल्यमा केन्द्रित रहँदै आएका थिए । तर, पछिल्ला दिनहरूमा देखिएको जनआक्रोश, सडक आन्दोलन, र गणतन्त्रप्रतिको प्रश्नहरूले यस पटकको सम्बोधन फरक स्वरूपको हुन सक्ने अनुमान गरिएको छ । यद्यपि, पूर्वराजा शाह स्वयंले सक्रिय राजनीति नगर्ने अडान दोहोर्‍याउँदै आएका छन् । तर, उनका प्रत्येक सार्वजनिक सन्देशलाई राजनीतिक रूपमा व्याख्या गरिनु स्वाभाविक बन्दै गएको छ ।

**पृथ्वीनारायण शाहको सन्देश आज किन सान्दर्भिक ?**

देशभक्त बडामहाराज पृथ्वीनारायण शाहले "विदेशीको मुख नहेर" भन्ने चेतावनी दिएका थिए । आज नेपालको अर्थतन्त्र, राजनीति र विकास परनिर्भर बन्दै जाँदा उनका विचार पुन: स्मरणीय बनेका छन् । उनले देखाएको राष्ट्रिय स्वाधीनता, शक्ति सन्तुलन र दीर्घकालीन राज्य सोच आजको राजनीतिक अभ्यासमा कमजोर देखिएको भन्दै आलोचना व्यापक हुने गरेको छ । राजसंस्था पुन:स्थापनाको बहस वास्तवमा पृथ्वीनारायण शाहको 'राष्ट्र-केन्द्रित राज्यदर्शन' फर्काउने चाहनाको अभिव्यक्ति पनि हो भन्ने विश्लेषकहरू बताउँछन् ।

**निष्कर्ष : इतिहासको छायाँमा भविष्यको खोज**

पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्ती केवल ऐतिहासिक स्मरणको अवसर मात्र होइन, वर्तमान राज्य व्यवस्थामाथि पुनर्विचार गर्ने क्षण पनि बनेको छ । राजसंस्था पुन:स्थापनाको बहस तत्कालीन राजनीतिक यथार्थ बन्न नसक्ला, तर यसले गणतन्त्रलाई आत्मसमीक्षाका लागि बाध्य पारेको छ ।

अब प्रश्न केवल राजतन्त्र फर्कने-नफर्कने होइन, प्रश्न हो-के वर्तमान प्रणालीले जनअपेक्षा पूरा गर्न सक्छ ? यदि सक्दैन भने, परिवर्तनको स्वरूप के हुने ? इतिहास मौन रहनु हुँदैन । पृथ्वीनारायण शाहको ३०४औं जन्मजयन्तीले फेरि एकपटक त्यो प्रश्न राष्ट्रको केन्द्रमा ल्याइदिएको अवस्था छ ।

## बद्नाम सचिव...

प्रधानमन्त्री कार्कीले नै महत्वपूर्ण निर्णय गर्ने अधिकारबाट बन्चित गरिएको बताइन्छ । जसले गर्दा उनी व्यर्थै सरुवा भएर आइएछु भन्दै हिनताबोध गर्न थालेको स्रोत बताउँछ । दोस्रोपटक पुन खानेपानी सचिव बन्ने अवसर उनलाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री अनिलकुमार सिन्हाको विशेष सिफारिस जुरेको बताइएको छ ।

कामकाजविहीन हाजिर र गरेर तलब पकाउने नेपाल ट्रष्टको कार्यालयबाट उनी सरूवा भएर खानेपानी मन्त्रालय भित्रिएका हुन् । यसअघि तत्कालीन मन्त्री महिन्द्र राय यादवले सरुवा खेती र निर्माणाधीन योजनाको कमिशनमा लिप्त भएर कर्मचारीलाई दु:ख दिएको गुनासो बढेपछि उनलाई राष्ट्रिय सतर्कता केन्द्रमा लखेटेका थिए । त्यसबखत मन्त्री रायका सहोदर भाई रबिन्द्रसँग सचिव साहले गोप्य साँठगाँठ गरी इन्जिनियर, सिडिई र सुइस्तरका कर्मचारीसँग सेटिङ गरी खानेपानी बिभाग र आकर्षक योजना कार्यालयहरुमा सरुवा गरेर मन्त्रालयलाई नै बद्नाम गरेका थिए ।

सोही कार्यलाई पुन निरन्तरता दिएर कमाउनका लागि उनी पुन सरूवा भएर मन्त्रालयमा भित्रिएको आरोप पीडित कर्मचारीहरुले लगाएका छन् । उनी सहसचिव रहँदाको बखत उद्योग मन्त्रालय अन्तर्गतको नापतौल तथा गुणस्तर विभागको महानिर्देशकको जिम्मेवारीमा रहेर लामो समय काम गरेका थिए । त्यसबखत उनले केही पेट्रोल पम्पहरूसँग मिलेर अटोमेटिक मेशिन राख्न छुट दिएर राम्रै उठ्तीपुट्ती गरेको उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेको थियो । त्यसपछि आयोगले उनलाई अनुसन्धानका लागि पक्राउ गरी विशेष अदालतमा मुद्दा दायर गरेको थियो । उनले अदालतबाट सफाइ पाएका थिए ।

साह सचिवमा बढुवापछि भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय पदस्थापन गरिएको थियो । त्यसपछि खानेपानी, राष्ट्रिय सतर्कता केन्द्र र नेपाल ट्रष्टको सचिव हुँदा पनि सेवा प्रवाह, कर्मचारीहरूको सरुवा र अन्य महत्वपूर्ण निर्णयहरू गर्दा अतिरिक्त लाभ लिएको आरोप उनीमाथि लागेको थियो । यतिसम्मकि उनी राष्ट्रिय सतर्कता केन्द्रको नेतृत्वमा रहँदा सवारी साधनको ट्रायल सेन्टर अनुगमनको नाममा व्यवसायीहरूलाई दुःख दिएर चार करोड भन्दा बढी रकम असुली गरेर थप बदनाम भएका थिए ।

त्यसपछि उनलाई नेपाल ट्रष्टमा सरुवा गरिएको थियो । सात-आठ महिनामै पुन सरूवा भई खानेपानी मन्त्रालयमा भित्रिन सफल भए । उनी खानेपानीमा भित्रिएसँगै उनलाई चिन्ने कर्मचारीहरू भने असन्तुष्ट हुन पुगेका छन् । प्राविधिक सचिव दरबन्दी भएका ५-६ वटा संघीय मन्त्रालय र निकायहरू रहेका छन । तर, सचिव साह भने किन खानेपानी मन्त्रालय नै दोहोरिएर आउन रुचाउँछन भन्ने प्रश्न मन्त्रालयका कर्मचारीहरूले गरेका छन । उनी केमिकल इन्जिनियर हुन् । खानेपानी मन्त्रालयसँग उनको विषय विज्ञता पनि मेल खाँदैन ।

## क्यासिनोको...

अवस्था छ । तर, सरकारकै जिम्मेवार कर्मचारीहरू भने क्यासिनोबाट असुल गर्नुपर्ने अर्बौं रकम उठाउन आलटाल गर्दै आफ्नो व्यक्तिगत स्वार्थपूर्तिमै रमाइरहेको इमान्दार कर्मचारीले दावी गरेका छन् । यतिखेर बजारमा वस्तु र सेवाको माग नहुँदा विदेशी सामानको आयात कम हुँदै गएको छ । जसले गर्दा आर्थिक गतिविधि थप सुस्त हुन पुगेको छ ।

अर्थतन्त्रमा संकुचन आएकैकारण लक्ष्यअनुसार राजस्व उठ्न सकिरहेको छैन । यो अवस्थामा मन्त्रालयको नेतृत्व, विभागले क्यासिनोहरूसँग रहेको बक्यौता राजश्व असुलीमा ध्यानकेन्द्रित गर्नुपर्ने माग हुँदै आएपनि सक्रियता भने बढ्न सकेको छैन । अर्बौं रकम बक्यौत असुल गर्न नसक्दा मन्त्रालय र विभागको औचित्य माथिसमेत प्रश्न उठ्दै आएको छ । यसअघि मन्त्रालयको नेतृत्व गरेका मन्त्री बद्रीप्रसाद पाण्डे र त्यसबखत विभागमा कार्यरत महानिर्देशकहरू पनि सरकारी बक्यौता राजस्व उठाउनु सट्टा कांग्रेसका नेता तथा विघटित प्रतिनिधि सभाका सांसद राजेन्द्र बजगाईंमार्फत शुभलाभ हासिल गरेर चुपचाप बसेको आरोप खेपेका थिए ।

## यी सचिवले...

बालेन्द्र शाह निर्वाचित भएर आएपछि पौडेलले नै उनलाई पद बहाली गराएका थिए । यो बिचमा राजनीतिक दलका सरकारले उनलाई अन्याय गरेको मेयर शाहले नजिकबाट नियालिरहेका थिए । तरपनि, जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारले पनि उनलाई न्याय दिन सकिरहेको थिएन ।

तर, मेयर शाहकै जोडबलमा मन्त्री बब्लु गुप्ताले ढिलै भएपनि सचिव पौडेललाई सो मन्त्रालयको जिम्मेवारी भित्र्याएका छन् । श्रम, रोजगार तथा सामाजिक मन्त्रालयका सचिव डा. कृष्णहरि पुस्कर कर्णले सेटिङ्गमा वैदेशिक रोजगारमा जाने स्वास्थ्य परीक्षणको शुल्क ६ हजार पाँच सयबाट बढाएर ९ हजार ५ सय रूपैयाँ पुर्‍याएका थिए । सोही आरोपमा मन्त्री राजेन्द्रसिंह भण्डारीले असन्तुष्ट हुँदै सचिव कर्णलाई उपराष्ट्रपति कार्यालयमा सरूवा गर्न सहमति दिएसँगै पौडेल खेलकुद मन्त्रालयमा बाजी मार्न सफल भएको स्रोत बताउछ ।

उता, सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले छिटो छिटो सचिव सरूवा गरेको भन्दै निजामती कर्मचारी वृत्तबाट आलोचना हुँदै आएको छ । निजामती सेवा ऐन र नियमावलीमा सहसचिव र सचिव सरूवामा अवधि उल्लेख भने गरिएको छैन । त्यसैले मुख्यसचिव, मन्त्री र प्रधानमन्त्रीले जे मन लाग्यो त्यही, जे आवश्यकता ठान्यो सोही बखत सचिव र सहसचिवहरु अन्यायपूर्वक सरूवा हुने गरेको छ । जसले गर्दा निजामती प्रशासन संयन्त्रमा अस्थिरता बढाएको गुनासो बढ्दै गएको छ । यसअघिका सकारले छिटोछिटो कर्मचारीको सरुवा गरेर निजामती प्रशासनलाई अस्थिर बनाएको आरोप लगाउँदै अन्तरिम सरकारले सु-शासन, भ्रष्टाचार रोक्ने उद्घोषकासाथ गठन भएको थियो । तरपनि सरकारले यो चार महिनाको अवधिमा चारपटक नै सचिवहरुको सरुवा गरेर विगत सरकारकै विकृत शैली प्रदर्शन गरिरहेको चर्चा संघीय प्रशासनिक निकाय सिंहदरवार परिसरमा चल्ने गरेको छ ।

## डिजीले...

नआएको कर्मचारीहरु बताउछन् । चालु आर्थिक वर्षमा सम्पादन, खरिद र निर्णय गर्नुपर्ने ५०-५५ वटा फाइलहरू महानिर्देशक रेग्मीको टेवलमा थन्किएका छन् । ती फाइल निर्णयको लागि बिहान बेलुकी महानिर्देशक रेग्मीले विभागलाई समय दिनुपर्ने कर्मचारी बताउछन् ।

विभागमा समय नदिने र निर्णय गर्नपनि आलटाल गरेर बाहिर-बाहिर हिड्ने गरेको पीडितहरुले गुनासो गरेका छन् । स्रोत भन्छ-'जबकि महानिर्देशक रेग्मीलाई मन्त्रालयबाट खोजी हुँदासमेत समयमा सजह ढंगले उपलब्ध हुँदैनन् । जसले गर्दा विभाग र मन्त्रालयका महत्वपूर्ण कार्यहरु अलपत्र परेका छन् । पाल्पा निवासी सहसचिव रेग्मीलाई निवर्तमान मन्त्री बलराम अधिकारीले रोजेर नै विभागमा ल्याएका थिए । त्यसैकारण सचिव भुजेल र मन्त्री इडनामले जथाभावी निर्णय गर्न दबाव दिन खोजेको भन्दै उनी मन्त्रालय बिभागमा नबसी बाहिर-बाहिर हिंड्ने गरेको अनुमान स्रोतले गरेको छ । रेग्मी महानिर्देशक जिम्मेवारी पाएपछि सरुवा गरेर र अवधि पुरा गरेका कर्मचारीहरुलाई धमीती गरेवापतको आर्थिक लाभ उठाउन व्यस्त हुँदा विभागको कार्य पर्याप्त नदिएको आरोप लाग्ने गरेको छ ।

अन्तरिम सरकारको आयु अब दुई महिना मात्र बाँकी रहेकोले पनि उनीहरूले दिएको दबाव र निर्देशन पालना नगर्ने अठोटमा उनी लागेको चर्चा सुनिन्छ । बरु आफूलाई मन्त्रालय बाहिर सरुवा गरेपनि फरक नपर्ने निश्कर्षमा महानिर्देशक रेग्मी पुगेको बताइएको छ । निर्णय गर्नुपर्ने फाइलमा कलम चोप्दिन भन्दै जेन-जी मन्त्रीलाई छल्दै निर्णय नगरी अटेर गर्दै आएको मन्त्रालयका कर्मचारीहरू बताउछन् ।


## निर्वाचनमा सहभागी बनौं

- आवधिक निर्वाचन लोकतन्त्रको आधारशिला हो ।
- निर्वाचन मतदाताको मताधिकार प्रयोग गर्ने अवसर पनि हो ।
- मतदानबाट नागरिकले आफ्ना प्रतिनिधिमार्फत शासन सञ्चालनमा सहभागिता जनाउने ।
- स्वतन्त्र र निष्पक्ष निर्वाचनबाट सरकार वा सत्ताको शान्तिपूर्ण हस्तान्तरण हुने ।
- निर्वाचनबाट मौलिक हक र मानवअधिकारको संरक्षण हुने ।
- मतदाताको राजनीतिक छनौटको अधिकार सुनिश्चित हुने ।
- लोकतन्त्रको संस्थागत विकास र विधिको शासन स्थापित हुने ।
- जनताप्रति उत्तरदायी र जवाफदेही सकारको निर्माण हुने हुँदा, निर्वाचनमा सहभागी बनौं, मताधिकारको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : गोपाल बुढाथोकी, **सम्पादक** : रामकला बुढाथोकी, **कार्यालय** : बागबजार, यतिप्लाजा (पद्मकन्या क्याम्पस अगाडि), काठमाडौं, **फोन** : ५३३०७४८, पो.ब.नं. २९८४, **मुद्रण** : ॐ शिवशक्ति प्रेस, बागबजार